# महिमामयी धर्ती कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर चितवन

स्नातकोत्तर तह द्वितीय वर्षको

दसौं पत्रको प्रयोजनार्थ

प्रस्तुत

**शोधपत्र**

शोधार्थी

पद्मा न्यौपाने

शैक्षिक वर्ष : २०६७-६९

त्रि.वि. दर्ता नं. : ६-३-१९-६०३-२०१०

# शोधपत्रको मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्ष, दसौँ पत्रको प्रयोजनका लागि यसै क्याम्पसमा अध्ययनरत छात्रा पद्मा न्यौपानेद्वारा प्रस्तुत 'महिमामयी धर्ती कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन, शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनसहित स्वीकृत गरिएको छ ।

मूल्याङ्कन-समिति

| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |
|---|---|---|
| सहप्रा. एकनारायण पौडेल | .................. | प्रा. होमनाथ सापकोटा |

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत 'महिमामयी धर्ती कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' पद्मा न्यौपानेले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्रबहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्ष, दशौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको हो । गहन अध्ययन र अथक परिश्रमबाट तयार पारिएको यस शोधपत्रबाट म पूर्णतया सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्न्का लागि सम्बन्धित विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७६ ।.......।.......

.................................

सहप्रा. एकनारायण पौडेल
वीरेन्द्र बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

'महिमामयी कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तह, द्वितीय वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि मैले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनका नेपाली विभागका सहप्राध्यापक श्री एकनारायण पौडेलज्यूको निर्देशनमा तयार पारेको हुँ ।

शोधपत्रका रूपमा यस अध्ययनलाई स्वीकृति प्रदान गर्नुका साथै अध्ययनका क्रममा आइपरेका समस्याहरूको समुचित समाधान गरी अभिभावकीय भूमिका निर्वाह गर्नुहुने निर्देशकज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्रको प्रस्तावलाई स्वीकृत गरिदिएर मलाई शोधकार्य गर्न उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्राध्यापक होमनाथ सापकोटाज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई यस कवितासङ्ग्रहमा अनुसन्धान गर्न अनुमति दिएर आवश्यक शोध सामग्रीहरू उपलब्ध गराउनुका साथै विशेष सल्लाह, सुझाव प्रदान गर्नुहुने साहित्यकार एवं सहप्राध्यापक श्री माधवप्रसाद चालिसेज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसैगरी शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह र सुझाव दिनुहुने सम्पूर्ण गुरुहरूप्रति हृदयतः कृतज्ञ छु ।

बाल्यकालदेखि नै विद्याक्षेत्रमा लाग्न उत्प्रेरणा दिनुहुने श्रद्धेय पिता श्री देवनायक न्यौपाने तथा ममतामयी माता श्री शारदा न्यौपानेप्रति विशेष अनुगृहित छु । त्यस्तै यस कार्यमा हृदयतः सहयोग गर्ने सम्पूर्ण बन्धुबान्धव, इष्टमित्रप्रति सदैव आभारी छु ।

शोधपत्र तयारीका लागि आवश्यक विभिन्न पुस्तकहरू उपलब्ध गराउनुका साथै विषय चयनमा विशेष सहयोगी भूमिका खेल्नुहुने आदरणीय गुरु उपप्राध्यापक श्री कपिलदेव भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसै गरी शोधपत्र तयारीका लागि आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गर्ने पुस्तकालय परिवारप्रति विशेष आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सहयोगी हात र मनलाई सम्झदैँ समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग समक्ष यो शोध पत्र प्रस्तुत गर्दछु ।

...................

पद्मा न्यौपाने

# विषयसूची

## पहिलो परिच्छेद

### शोधको परिचय


| | | |
|---|---|---|
| १.१ | शोधपरिचय | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधको औचित्य, महत्त्व र उपयोगिता | ३ |
| १.६ | शोधको क्षेत्र र सीमा | ३ |
| १.७ | शोधविधि | ४ |
| १.७.१ | सामग्री सङ्कलन विधि | ४ |
| १.७.२ | अध्ययन विधि | ४ |
| १.८ | शोधपत्रको रूपरेखा | ४ |


## दोस्रो परिच्छेद

### माधवप्रसाद चालिसेको साहित्यिक व्यक्तित्व


| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | ६ |
| २.२ | जन्म र जन्मस्थान | ६ |
| २.३ | बाल्यकाल | ६ |
| २.४ | शिक्षादीक्षा | ७ |
| २.५ | पारिवारिक अवस्था | ८ |
| २.६ | जागिरे जीवन | ८ |
| २.७ | भ्रमण स्वभाव र रुचि | ९ |
| २.८ | चिन्तन र विचार | ९ |
| २.९ | चालिसेको व्यक्तित्व | १० |
| २.९.१ | साहित्येतर व्यक्तित्व | १० |

२.९.२ साहित्यिक व्यक्तित्व १०

२.९.२.१ कवि व्यक्तित्व ११

२.१० साहित्यिक सेवा र संलग्नता १२

२.११ निष्कर्ष १२

## तेस्रो परिच्छेद

## कविता विश्लेषणको सैद्धान्तिक आधार

३.१ विषयप्रवेश १३

३.२ शीर्षक १३

३.३ संरचना १४

३.४ भावविधान वा विषयवस्तु १५

३.५ छन्द तथा लयविधान १७

३.६ बिम्ब-प्रतीक तथा अलङ्कार विधान १९

३.७ भाषाशैली २१

३.८ निष्कर्ष २३

## चौथो परिच्छेद

## विधातत्त्वका आधारमा महिमामयी धर्ती कवितासङ्ग्रहको विश्लेषण

४.१ विषयप्रवेश २४

४.२ महिमामयी धर्तीको विश्लेषण २४

४.२.१ नैतिकता २५

४.२.२ भानुको सम्झनामा २७

४.२.३ आषाढ २८

४.२.४ महिमामयी धर्ती ३१

४.२.५ सबैतिरबाट रोएको नेपाल ३३

४.२.६ पीडाले थिचिएको विश्वास ३६

४.२.७ मोतीको सम्झनामा ३९

| | | |
|---|---|---|
| ४.२.८ | कहाली लाग्दो अन्त्य | ४२ |
| ४.२.९ | नवज्योति | ४४ |
| ४.२.१० | सङ्क्रमण | ४६ |
| ४.२.११ | आँसुको उद्गार | ४८ |
| ४.२.१२ | शरद् | ५० |
| ४.२.१३ | मेरो उद्देश्य | ५२ |
| ४.२.१४ | जिन्दगीलाई नियाल्दा | ५४ |
| ४.२.१५ | होली | ५८ |
| ४.२.१६ | धन्य यो देवघाट | ५९ |
| ४.२.१७ | सिन्दूर धोऊ | ६२ |
| ४.२.१८ | साँढेको जुधाइ | ६३ |
| ४.२.१९ | राष्ट्रप्रति शुभेच्छा | ६४ |
| ४.२.२० | दशावतार | ६७ |
| ४.२.२१ | मौलाकाली | ६८ |
| ४.२.२२ | कता अल्झिएछु | ७१ |
| ४.२.२३ | माडीको चित्र हृदयमा झल्कन्छ | ७२ |
| ४.२.२४ | प्रगतिपथमा लम्क | ७४ |
| ४.२.२५ | देशहितमा जुट्दै रहून् पाखुरी | ७६ |
| ४.२.२६ | कविते ! कृपा गर | ७७ |
| ४.२.२७ | तिमीलाई नसम्झेको रात कुनै छैन | ८० |
| ४.२.२८ | दुखेको कहानी | ८२ |
| ४.२.२९ | उठिन् कि काव्ययामिनी | ८३ |
| ४.२.३० | सत्ता मिले भै गयो | ८५ |
| ४.२.३१ | हामी कोपिला | ८७ |
| ४.२.३२ | गैंडाकोट | ८९ |
| ४.२.३३ | काव्यसरिता | ९० |

४.२.३४ वृद्धको आर्तनाद ९२
४.२.३५ धिक्कार्लान् सहिदले ९४
४.२.३६ भूकम्प पीडितप्रति शब्दपुष्प ९६
४.२.३७ कविता ! निस्क बाहिर ९८
४.२.३८ जानकी वन्दना १००
४.२.३९ सरस्वती वन्दना १०१
४.२.४० अस्तु राष्ट्रं सुराष्ट्रम् १०३
४.३ निष्कर्ष १०४

## पाँचौ परिच्छेद

### उपसंहार तथा निष्कर्ष

५.१ विषयप्रवेश १०५
५.२ उपसंहार १०५
५.३ निष्कर्ष १०६
**सन्दर्भ सूची** १०८
**परिशिष्ट** ११०

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधपरिचय

साहित्यकार माधवप्रसाद चालिसे माता पवित्रा चालिसे र पिता भवीश्वर चालिसेका सुपुत्रका रूपमा बागलुङ जिल्लाको जैदी गाउँमा वि. सं. २०१४ साल माघ ६ गते जन्मेका हुन् । संस्कृत साहित्याचार्य उत्तीर्ण चालिसे नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापन सेवामा कार्यरत छन् । पौरस्त्यदर्शनका अध्येता चालिसे हाल वैतनिक जीवनकै सिलसिलामा पुर्ख्यौली जन्मथलोबाट केही टाढा नवलपुर जिल्लामा स्थायीरूपमा बसेका छन् । साहित्यकार चालिसेको कलम कविता विधामा राम्रोसँग चलेको देखिन्छ । आफ्नै जीवनमा घटित घटनाहरूलाई काव्यिक रूपमा जीवन्त उतार्न सक्ने प्रतिभा साहित्यकार चालिसेमा देखिन्छ । उनका कृतिहरूमा संस्कृत साहित्यका अग्रणी महाकवि कालिदासको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । प्रकृति चित्रण र राष्ट्रप्रेमको भावना कवितामा जतासुकै छचल्किएको पाइन्छ ।

साहित्यकार माधवप्रसाद चालिसे विगत २०४५ देखि साहित्य लेखनमा प्रवेश गरेका हुन् । उनका पुस्तकाकार कृतिहरूमा *पवनदूत* (खण्डकाव्य २०६३), *साहित्य वाटिका* (२०७१), *महिमामयी धर्ती* (२०७२), *जीवनयात्रा* (महाकाव्य २०७३), *शिवगीता* (२०७५) प्रकाशित छन् । लगभग ६ दशक जति उमेर पार गरेका चालिसे हाल पनि साहित्य साधनामा तल्लीन देखिन्छन् । यसरी नेपाली साहित्यको कविता विधामा धेरै योगदान गरे पनि उनका कृतिहरूका बारेमा खासै चर्चा-परिचर्चा भएको छैन । उनी र उनका कृतिका सम्बन्धमा विभिन्न विद्वान् तथा समालोचकहरूले प्रकाशित कृतिको भूमिकामा सामान्य चर्चा गरे पनि विधापरक रूपमा अध्ययन हुन बाँकी रहेको देखिन्छ । त्यसैले साहित्यकार माधवप्रसाद चालिसे र उनको कृति *महिमामयी धर्ती* (कवितासङ्ग्रह) अनुसन्धेय छन् । त्यसैले यस शोधकार्यका लागि प्रस्तुत विषय छानिएको हो । अतः प्रस्तुत शोध अध्ययनको शीर्षक महिमामयी धर्ती कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन रहेको छ ।

## १.२ समस्या कथन

साहित्यकार माधवप्रसाद चालिसेको कवितासङ्ग्रह *महिमामयी धर्ती*को विधापरक अध्ययन नै यस शोधकार्यको मुख्य समस्याको रूपमा रहेको छ । यस शोधकार्यको आधारभूत समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

क) माधवप्रसाद चालिसेको साहित्यिक परिचय के-कस्तो रहेको छ ?

ख) कविताविधाका तत्त्वहरू के कस्ता छन् ?

ग) विधातात्विक दृष्टिले *महिमामयी धर्ती* (कवितासङ्ग्रह) के-कस्तो रहेको छ ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधको उद्देश्य

समस्या कथनमा आएका मुख्य-मुख्य समस्याहरूमा केन्द्रित रही माधवप्रसाद चालिसेको कवितासङ्ग्रह *महिमामयी धर्ती*को अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो । ती उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी देखाइएको छ :

क) माधवप्रसाद चालिसेको साहित्यिक परिचयको अध्ययन गर्नु ।

ख) कविताविधाका तत्त्वहरूको परिचय दिनु ।

ग) विधातात्विक दृष्टिले *महिमामयी धर्ती* कवितासङ्ग्रहको विश्लेषण गर्नु ।

यिनै आधारभूत उद्देश्य प्राप्त गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

माधवप्रसाद चालिसे र उनको कृति *महिमामयी धर्ती*का बारेमा विभिन्न अध्येता तथा समालोचकहरूले उनकै पुस्तकको भूमिकामा चर्चा गरेको पाइन्छ । तसर्थ ती अध्येताहरूका अध्ययनलाई यहाँ पूर्वकार्यका रूपमा प्रस्तुत गरिएको छ ।

नारायण खनाल (२०७२)ले चालिसेको *महिमामयी धर्ती*को 'प्रकाशकीय' शीर्षकमा कविको *महिमामयी धर्ती*लाई राष्ट्रप्रेमको आदर्श कृतिका रूपमा चर्चा गरेका छन् ।

गोविन्दराज विनोदी (२०७२)ले *महिमामयी धर्ती*को 'महिमामयी धर्ती कवितासङ्ग्रहको आस्वादन गर्दा' शीर्षकमा कविता सङ्ग्रहमा समाविष्ट कविताहरूको समान्य परिचय दिँदै यसलाई सरल र सरस कृतिका रूपमा चर्चा गरेका छन् ।

साहित्यकार माधवप्रसाद चालिसे र उनका कृति महिमामयी धर्तीका बारेमा विभिन्न विद्वान् र समालोचकहरूले प्रकाशित कृतिकै भूमिका खण्डमा आंशिक टिप्पणी मात्र गरेको पाइन्छ । यसबाहेक विस्तृत अध्ययन कतै गरेको पाइँदैन । साहित्यकार माधवप्रसाद चालिसेको कृति *महिमामयी धर्ती* कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन आवश्यक विषय भएको र यसअघि प्रस्तुत कवितासङ्ग्रहबारे व्यवस्थित अध्ययन नभएकाले प्रस्तुत विषयलाई अध्ययनका लागि छानिएको हो । प्रस्तुत अध्ययनमा चालिसेको 'महिमामयी धर्ती' कवितासङ्ग्रहलाई कविताको विधा सिद्धान्तका आधारमा अध्ययन-विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

माधवप्रसाद चालिसेको कलम नेपाली साहित्यको कविता विधामा सशक्त रूपमा चलेको देखिन्छ । उनका झन्डै आधा दर्जन कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित छन् । लामो समयदेखि अनवरत साहित्य लेखनमा लागिपरेका साहित्यिक व्यक्तित्व चालिसेको सम्बन्धमा विस्तृत रूपमा कुनै शोधकर्ताबाट अध्ययन, अनुसन्धान नभएको हुँदा उनको कवितासङ्ग्रह *महिमामयी धर्ती*को अध्ययन औचित्यपूर्ण विषय हो । उनको साहित्य साधना, उनको कवित्व तथा शोध्य कृतिको गहन अध्ययन रहेको प्रस्तुत शोधकार्यबाट सम्बद्ध विषयका जिज्ञासु पाठक र समालोचक अनुसन्धाताहरूलाई आवश्यक जानकारी प्राप्त हुन सक्ने हुँदा प्रस्तुत अध्ययन औचित्यपूर्ण र महत्त्वपूर्ण भएको कुरा स्पष्ट छ ।

## १.६ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको शीर्षकबाट नै यस विषयको क्षेत्र र सीमालाई सङ्केत गरेको छ । साहित्यकार चालिसेका अहिलेसम्म प्रकाशित पवनदूत (खण्डकाव्य २०६३), साहित्य वाटिका (२०७१), महिमामयी धर्ती (२०७२), जीवनयात्रा (महाकाव्य २०७३), शिवगीता (२०७५) कृतिहरूमध्ये *'महिमामयी धर्ती'* कविता सङ्ग्रहको पूर्व खण्डलाई मात्र अध्ययनका लागि छानिएको छ भने उक्त कवितासङ्ग्रहलाई पनि कविताको विधातत्त्वका आधारमा मात्र अध्ययन गर्ने गरी विषयलाई सीमित गरिएको छ ।

## १.७ शोध विधि

शोधपत्र तयार पार्नको लागि गरिएका विभिन्न चरणका कार्यहरूलाई शोधविधि भनिन्छ । यस शोधपत्रका लागि पनि विभिन्न चरणमा विभिन्न कामहरू भएका छन् । ती कार्यहरूलाई दुई भागमा विभाजन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यका लागि चालिसेको महिमामयी धर्ती कवितासङ्ग्रह प्राथमिक सामग्री हो भने त्यसबारे गरिएका अध्ययनहरू द्वितीयक सामग्री हुन् । यी दुबै प्रकारका सामग्री पुस्तकालयबाट प्राप्त गर्न सकिने हुनाले प्रस्तावित अध्ययनका लागि पुस्तकालय नै प्रमुख स्रोत रहेको छ । अतः मुख्यतः पुस्तकालयबाट र  अंशतः विभिन्न विद्वान्हरूसँगको सल्लाह-परामर्शबाट पनि प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ अध्ययन विधि

माधवप्रसाद चालिसेको *महिमामयी धर्ती* कवितासङ्ग्रहको अध्ययन गर्ने क्रममा मूलतः विधातत्त्वका  आधारमा व्याख्या-विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुसङ्गठित एवम् सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि पाँच परिच्छेदअन्तर्गत विभिन्न शीर्षक उपशीर्षकहरूको व्यवस्था गरिएको छ । यसको संक्षिप्त रूपरेखालाई तल उल्लेख गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

यस परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गर्ने सन्दर्भमा शोध परिचय, शोध समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व तथा उपयोगिता, शोधको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि, अध्ययन विधि र शोधपत्रको रूपरेखा समेटिएको छ ।

दोस्रो परिच्छेद : माधवप्रसाद चालिसेको साहित्यिक व्यक्तित्व

यस परिच्छेदमा माधवप्रसाद चालिसेको सामान्य जीवनी र व्यक्तित्वको चर्चा गर्दै उनका प्रकाशित कृतिहरूका आधारमा उनको कवित्व प्रतिभा र प्रवृत्तिलाई केलाउने प्रयास गरिएको छ ।

तेस्रो परिच्छेद : कविता विश्लेषणको सैद्धान्तिक आधार

यस परिच्छेदमा शीर्षक र संरचना, विषयवस्तु तथा भावविधान, छन्द तथा लयविधान, बिम्ब-प्रतीक तथा अलङ्कारविधान, भाषाशैलीजस्ता कविताका तत्त्वहरूलाई कविता विश्लेषणको सैद्धान्तिक आधारको रूपमा समावेश गरिएको छ ।

चौथो परिच्छेद : विधातत्त्वका आधारमा *महिमामयी धर्ती* कविता सङ्ग्रहको विश्लेषण

यस परिच्छेदमा शीर्षक, संरचना, भावविधान वा विषयवस्तु, छन्द तथा लयविधान, बिम्ब-प्रतीक तथा अलङ्कारविधान, भाषाशैलीजस्ता कविताका तत्त्वहरूका आधारमा *महिमामयी धर्ती* कविता सङ्ग्रहमा संङ्ग्रहित कविताहरूको अध्ययन अनुसन्धान तथा विश्लेषण गरिएको छ ।

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

यस परिच्छेदमा शोधपत्रको उपसंहार र  निष्कर्षको प्रस्तुतिलाई समावेश गरिएको छ ।

शोधकार्यको नियमानुसार आवश्यक पूर्वभाग, मध्यभाग र अन्त्यभागका विषयवस्तुलाई समावेश गरी यो शोधपत्र तयार गरिएको छ ।

# दोस्रो परिच्छेद

# माधवप्रसाद चालिसेको साहित्यिक व्यक्तित्व

## २.१ विषयप्रवेश

पौरस्त्य दर्शनका अनुयायी साहित्यकार माधवप्रसाद चालिसेको नेपाली साहित्यमा आफ्नै मौलिक पहिचान रहेको छ ।  यस परिच्छेदमा कवि तथा साहित्यकार चालिसेको सामान्य परिचय प्रस्तुत गरिएको छ । परिचयका क्रममा चालिसेको जन्म, बाल्यावस्था, शिक्षादीक्षा, रुचि तथा स्वभाव, जागिरे जीवन, साहित्यिक यात्रा तथा उनको प्रकाशित कृतिको आधारमा प्रवृत्तिगत विशेषताको चर्चा गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

गण्डकी अञ्चल अन्तर्गत बाग्लुङ्ग जिल्लाको जैदी गाउँमा वि.सं. २०१४ साल माघ ६ गते माता पवित्रा चालिसे र पिता भवीश्वर चालिसेका सुपुत्रका रूपमा जन्मेका माधवप्रसाद चालिसे नेपाली साहित्यका क्षेत्रमा उदाएका हुन् । पहिलो सन्तानका रूपमा जन्मेका चालिसेका पाँच दाजुभाइ र चार दिदीबहिनी रहेका छन् । मध्यमवर्गीय गाउँले जीवनशैलीमा बसेको चालिसे परिवारको पेशा सर्वसाधारण नेपालीको झैँ कृषि व्यवसाय नै थियो । सामान्य परिवारमा जन्मिएर सङ्घर्षशील जीवन बिताए पनि चालिसे परिवारमै शिक्षित मानिन्छन् ।

## २.३ बाल्यकाल

मध्यम वर्गीय परिवारमा जन्मिएका चालिसेका बाबुआमा सामान्य अवस्थामा भए पनि सानै देखि उनको पढाइमा विशेष रुचि भएको देखिन्छ । मध्यम वर्गीय पारिवारिक अवस्था भएकाले सोही अनुरूपको पालनपोषण भए पनि चालिसेलाई सानैदेखि आमाबाबुको उत्प्रेरणा र शिक्षाप्रतिको अवसर प्राप्त भएको देखिन्छ । प्राकृतिक छटाले भरिपूर्ण जैदी गाउँमा उनको बाल्यकाल बितेको थियो । घरायसी वातावरण सँगसँगै उनको प्राथमिक शिक्षा भने आफ्नै गाउँकै सतिगङ्गा मा. वि. (तत्कालीन प्रा. वि.) मा भएको थियो । धार्मिक प्रवृत्तिका चालिसेले विद्यालयीय शिक्षाका अतिरिक्त थानेश्वर पौडेल गुरुसँग सप्तशती, गीता, वेद र व्याकरणजस्ता ग्रन्थहरूको पनि अध्ययन गरेका थिए । करिब १७ वर्षको जैदी गाउँको बसाइपछि वि. सं. २०२९ सालमा चितवनको माडीमा बसाई सरेका थिए । त्यसैले बाल्यकालको धेरै समय जन्मथलोमा नै बितेको

थियो । सामान्य पारिवारिक अवस्था भए पनि चालिसेले आफ्नो बाल्यावस्थालाई सहजै पार गरेको देखिन्छ । सामान्य परिवारमा हुर्की बढे पनि सानैदेखि शिक्षाप्रतिको मोह उनमा जागेकाले चालिसेमा जिज्ञासु स्वभाव रहेको देखिन्छ । सुरुमा पारिवारिक माया र ममतामा हुर्केका चालिसेले पछि आफ्नै सङ्घर्षबाट अध्ययन गर्नुपर्ने भएकाले बाल्यकाल सङ्घर्षमय र सुखद हुनपुगेको देखिन्छ ।

## २.४ शिक्षादीक्षा

मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका चालिसेको अनौपचारिक शिक्षा घरबाटै सुरु भएको हो । सामान्य कखरा सँगसँगै औपचारिक शिक्षाको थालनीपूर्व नै गाउँकै थानेश्वर पौडेल गुरुको सान्निध्यमा चालिसेले चण्डी, रुद्री, गीताजस्ता विषयहरूको अध्ययन गरेका थिए । विद्यालयीय शिक्षाको थालनी भने जैदीको सतीढुङ्गा मा.वि. (तत्कालीन प्रा.वि.) मा भएको थियो । वि.सं. २०२२ सालतिर कक्षा ६ उत्तीर्ण गरेका चालिसेको अध्ययन अध्यापन बीचमा विभिन्न परिस्थितिले गर्दा रोकिएको थियो । वि. सं. २०२९ सालमा चितवनको माडीमा बसाइसरी आएपछि चालिसेले माडीको बरुवा बजारमा लक्ष्मीकान्त सापकोटा गुरुसँग लघुसिद्धान्तकौमुदीको अनौपचारिक अध्ययन गरेका थिए । त्यसपछि वि.सं. २०३३ सालमा औपचारिक अध्ययनको लागि उनी भारतको बुलन्द सहरको रामघाटस्थित भागीरथी संस्कृत महाविद्यालयमा भर्ना भए । त्यहाँको ४ वर्षको बसाइमा उनले पूर्वमध्यमा तह पूरा गरेका थिए । त्यसपछि सन् १९८४ मा दिल्लीको विश्वनाथ संस्कृत महाविद्यालयबाट उत्तरमध्यमा तहको औपचारिक अध्ययन पूरा गरेका थिए । शास्त्री तहको अध्ययन भने चालिसेले वृन्दावनको ब्रह्म विद्यामन्दिरबाट साहित्य विषयमा उत्तीर्ण गरेका थिए । करिब १८-१९ वर्षको उमेरबाट औपचारिक शिक्षाको थालनी गरेका चालिसेले आचार्य तहको पहिलो वर्षको अध्ययन वनारसमा बसेर गरेका थिए भने दोस्रो र तेस्रो वर्षको अध्ययन घरमै बसेर गरेका थिए । विभिन्न परिस्थितिले गर्दा एकै स्थानमा रहेर अध्ययन गर्न नपाए पनि सन् १९८९ (वि.सं.२०४७) मा गोरक्षनाथ संस्कृत विद्यापीठ गोरखपुरबाट साहित्यमा आचार्य तह पूरा गरेका चालिसेले तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट भानुमती गाविसको मगर संस्कृति विषयमा राष्ट्रिय विकास सेवा (NDS) अध्ययन गरेका थिए । त्यसपछि पनि चालिसेले अनौपचारिक रूपमा आफ्नो अध्ययन र अध्यवसायलाई सँगसँगै लगी आफूलाई प्रतिष्ठित शिक्षित व्यक्तित्वका रूपमा उभ्याउन सफल भएका देखिन्छन् ।

## २.५ पारिवारिक अवस्था

मध्यम वर्गीय परिवारमा जन्मिएका चालिसेले स्नातक तहको अध्ययन पूरा गरेसँगै आफ्नो अवस्था सुधार्न जागिरे जीवनलाई त आत्मसात् गरेका थिए नै अझ जीवनलाई सहज तुल्याउन र जीवनमा आउने आरोह अवरोहहरूलाई सहजै पार पाउन पर्सा जिल्लाको ठोरी गाविस निवासी टेककुमारी र वेदनिधि सापकोटाकी साहिँली छोरी ईश्वरीमाया सापकोटासँग वि. सं. २०४४ साल मङ्सिर १९ गते नेपाली समाजमा प्रचलित मागी विवाह गरे । हाल चालिसेका ३ वटा छोरी (सरस्वती, मुना र कल्पना) र १ वटा छोरा (मुकुन्द) छन् । जम्मा ४ सन्तानमध्ये एउटी छोरीको विवाह भइसकेको छ भने अन्य २ छोरी र १ छोरा अध्ययनकै सिलसिलामा रहेका छन् । हाल चालिसे गैंडाकोट नगरपालिका वडा नं. ५ ॐ शान्ति मार्गमा रहेको निजी निवासमा आमाबुबा र छोराछोरीसँगै रहेका छन् । छोराछोरीहरू शिक्षित र आ-आफ्नो कार्यक्षेत्रमा लागेको र लाग्दै गरेकाले उनको पारिवारिक जीवन सामान्य रहेको छ ।

## २.६ जागिरे जीवन

आर्थिक दृष्टिले चालिसेको अवस्था मध्यम खालको रहेको छ । मध्यमवर्गीय परिवार भएको उनले आफ्नो अध्ययनसँगै आत्मनिर्भरताका लागि जागिरसमेत सुरु गरेका हुन् । स्नातक तह उत्तीर्ण गरेसँगै वि.सं. २०४४ सालबाटै जागिरे जीवनलाई आत्मसात गरी शिक्षण पेसामा आबद्ध भएका चालिसे विभिन्न समयमा विभिन्न विद्यालय र विद्यापीठमा कार्यरत रहेको देखिन्छ ।

चालिसेको वैतनिक जीवनको सुरुवात भने रामेछापको भलुवाजोर गाउँमा प्राध्यापक निलमणि ढुङ्गानाको घरमा बसेर त्यहीँको विद्यालयबाट भएको पाइन्छ । त्यहाँ उनले वि.सं. २०४४ मंसिरदेखि २०४५ वैशाखसम्म अध्यापन गरेका थिए । २०४५ भदौ ५ देखि २०५२ जेठसम्म स्याङ्जा जिल्लाको नजिक पर्ने तनहुँको भानुमति गाविसको बुचाखानी माविमा नेपाली विषयको अध्यापन गरेका थिए । वि. सं. २०५२ असार ७ देखि फागुनसम्म मटिहानीको राजकीय संस्कृत विद्यालयमा संस्कृत विषयको अध्यापन गरेका थिए । २०५२ फागुन १ देखि हजारी जनक विद्यापीठमा साहित्य विषयको आंशिक शिक्षकको रूपमा नियुक्त भएका चालिसेले २०५३ असार १ देखि अस्थायी शिक्षकको जिम्मेवारी सम्हालेका थिए । २०५६ जेठ २५ गतेदेखि उपप्राध्यापकमा स्थायी भएका चालिसे २०६७ श्रावण १ देखि कालिका विद्यापीठ गैंडाकोटमा कार्यरत छन् ।

२०७३ चैत्र ७ देखि सहप्राध्यापकमा बढुवा भएका चालिसेको वैतनिक जीवन घरपायक र सुखद नै रहेको छ ।

## २.७ भ्रमण स्वभाव र रुचि

माधवप्रसाद चालिसे सरल भावना, मिलनसार स्वभाव र सादा जीवन उच्च विचार राख्ने स्रष्टा हुन् । घुम्न र घुमेका स्थानका जनजीवन रीतिस्थिति, संस्कार, भूगोल र प्रकृतिसँग एकाकार हुनु उनका अभिरुचिका विषय हुन् । साथै आफूले घुमेर प्राप्त गरेका अनुभूतिपुञ्जलाई आफ्ना साहित्यिक सिर्जनामा अभिव्यक्ति दिनु उनको सिर्जनाधर्मिता हो । उनले भारतको बङ्गालमा विभिन्न आश्रम तथा स्थानहरूको भ्रमण गरेका छन् । त्यसैगरी नेपालका प्रमुख सहरहरू र विभिन्न तीर्थस्थलहरूको भ्रमण गरेका छन् । आचारनिष्ठ र सज्जनव्यक्तिहरूसँग अत्यन्तै घुलमिल हुन रुचाउने स्वभाव भएका चालिसे अन्य स्वभावका व्यक्तिहरूसँग भने खासै हेलमेल हुन रुचाउँदैनन् । अध्ययनशील स्वभावका चालिसे फुर्सदको समयमा सत्संग र शास्त्रचर्चा गर्ने गर्दछन् । पुराणवाचन, पाठ-पारायणजस्ता क्रियाकलापमा पनि चालिसेको रुचि रहेको देखिन्छ । भगवद् चर्चा गर्न मन पराउने चालिसेको साहित्यिक लेखन पनि भगवद् चर्चा, प्रकृति चित्रण, मानवीय स्वभावजस्ता विषयहरू समेटिएको हुन्छ । साहित्यका विविध विधाहरूमध्ये कविता विधा नै उनको रुचिको विषय हो । पछिल्लो समयमा त झन् पाठ्यपुस्तक लेखन र शास्त्रीय ग्रन्थको अनुवादमा उनको रुचि बढेको देखिन्छ । खिरिलो शरीर, तेजिलो अनुहारका, हँसिलो मुहारका धनी चालिसे मान्यजनलाई आदर, मित्रजनलाई सम्मान तथा साना भाइ बहिनीहरूमा माया तथा उत्प्रेरणा दिन सधैँ नै लागिपरिरहन्छन् ।

## २.८ चिन्तन र विचार

माधवप्रसाद चालिसे कर्ममा विश्वास राख्ने व्यक्ति हुन् । विभिन्न साधन र साधनाका माध्यमले मानिसलाई साध्य वस्तुसँग साक्षात्कार गराउँदछ भन्ने उनमा दृढविश्वास रहेको छ । मानव समाजमा घटेका विभिन्न घटनाहरूबाट पाठ सिकी आफ्नो जीवनलाई सफल बनाउनेतर्फ उद्यत हुनुपर्दछ भन्ने उनको मूल चिन्तन र सोच रहेको छ । व्यक्तिवादी सोचबाट माथि उठेर केही गर्‍यो भने मात्र जीवन सफल हुन्छ भन्ने शिक्षाबाट अभिप्रेरित चालिसे आफू र आफ्नालाई यसैको अनुसरण गर्न सल्लाह दिन्छन् । राष्ट्र र राष्ट्रियताप्रति सचेत चालिसेले साहित्यका माध्यमबाट राष्ट्रभक्ति र देशप्रेमको नारा लगाएका छन् । पूर्वीय दर्शनका अनुयायी चालिसेमा

पौरस्त्य दर्शनका मूल्य र मान्यता प्रखर रूपमा रहेको छ । नेपाली माटो सुहाउँदो जीवनशैली अपनाउने र अपनाउनलाई आह्वान गर्ने चालिसेले आफ्ना साहित्यिक कृतिमा यसको वर्णन प्रकृति चित्रणका माध्यमले गरेका छन् । सर्वधर्म समभावमा विश्वास गर्ने चालिसे स्वतन्त्रतामा बढी जोड दिने गर्दछन् ।

## २.९ चालिसेको व्यक्तित्व

माधवप्रसाद चालिसेको व्यक्तित्व विभिन्न पक्षसँग जोडिएर रहेको छ । जीवन जिउने सिलसिलामा मानिस जुन कुनै भूमिकामा रहन पर्ने हुन्छ । त्यस्तै माधवप्रसाद चालिसे पनि यस कुराबाट बञ्चित हुन सकेका छैनन् । उनको जीवन पनि विभिन्न समयमा विभिन्न भूमिका निर्वाह गर्दै आजसम्म व्यतित भइरहेको छ । झट्ट हेर्दा भने उनको व्यक्तित्व कविको रूपमा निरन्तर अघि बढिरहेको देखिन्छ । कवित्व शक्तिको आधारमा उनी कविको रूपमा रहेका छन् । उनको कलम कविता विधाको सूक्ष्म आयामदेखि बृहत् आयामसम्म उत्तिकै चलेको देखिन्छ । उनका प्रकाशित कृतिहरूले यस कुराको पुष्टि गरिरहेको छ ।

### २.९.१ साहित्येतर व्यक्तित्व

माधवप्रसाद चालिसे कविभन्दा पनि पहिला वैतनिक जीवनको आधारमा एक कुशल प्राध्यापक हुन् । उनको प्राध्यापकीय जीवन पनि उत्तिकै सबल र सफल रहेको छ । चालिसे विकट गाउँमा जन्मिएर पनि विभिन्न दुःखकष्टका बाबजुद अध्ययनलाई निरन्तरता दिई प्राध्यापन पेशामा लागेका एक कुशल प्राध्यापक तथा देशकै प्रतिष्ठित व्यक्ति हुन् । पूर्वीय दर्शनमा आचार्य उत्तीर्ण चालिसे पुराणवाचनका हिसाबले प्रवाचक हुन् । समाजलाई गलत बाटोमा जान नदिन शिक्षा-दीक्षा प्रदान गर्दै हिँड्ने चालिसे समाजसुधारक र असल अभिभावक हुन् ।

### २.९.२ साहित्यिक व्यक्तित्व

माधवप्रसाद चालिसेको साहित्यक व्यक्तित्वलाई उनकै प्रकाशित कृतिहरूको आधारमा गर्न सकिन्छ । व्यक्ति एकै भए पनि उसका जीवनका कार्यहरूका आधारमा उसलाई विभिन्न पाटोमा हेर्न सकिन्छ । ती विभिन्न पाटामध्ये साहित्यिक पाटो पनि एक हो । साहित्यिक कृतिहरू पनि विभिन्न विधामा सिर्जना गर्ने गरिन्छ । कथा, कविता, उपन्यास, निबन्ध, प्रबन्ध, नाटकजस्ता विधाहरू साहित्यका विधा हुन् ।  माधवप्रसाद चालिसेका साहित्यिक कृतिहरूका आधारमा

उनको  व्यक्तित्वलाई यहाँ प्रस्तुत गरिन्छ । मूलतः चालिसे कवि हुन् । कविता विधा बाहेक उनका अन्य विधासँग खासै संलग्नता रहेको देखिँदैन ।

माधवप्रसाद चालिसेका कृतिहरूको अध्ययन गर्दा स्पष्ट रूपमा नै कुन कृतिको प्रभाव कुन कृतिमा परेको छ भन्ने कुरा जो कोही पाठकले अनुमान लगाउन सकिहाल्छ । यसरी हेर्दा उनमा प्रत्यक्ष रूपमा संस्कृत साहित्यका महाकवि कालीदास, नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधवप्रसाद घिमिरेको प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

## २.९.२.१ कवि व्यक्तित्व

माधवप्रसाद चालिसे साहित्यमा मूलतः कवि हुन् । संस्कृत साहित्यका अध्येता चालिसेमा कवित्व शक्ति उर्वर रूपमा रहेको छ । अध्ययनका सिलसिलामा नेपाल र भारतका विभिन्न सहरमा पुगेका चालिसेको अध्ययनकै क्रममा नै कविता विधामा विशेष रुचि रहेको देखिन्छ । उनको कविता विधामा लघुरूप फुटकर कवितादेखि महाकाव्यजस्तो महारूपसम्म उत्तिकै कलम चलेको देखिन्छ । फुटकर कविताहरूको सङ्ग्रहको रूपमा ‘महिमामयी धर्ती’ प्रकाशित भएको छ । यसमा उनको तीन ओटा संस्कृतका कवितासहित ४० ओटा कविताहरू अटाएका छन् । उनका कवितामा राष्ट्र, राष्ट्रियता, देशप्रेमका भावनाहरू समेटिएका छन् । जीवनमा पाएका आफ्ना दुःख र पीडाका विषयहरू पनि कवितामा समेटिएका छन् ।

कवि चालिसे खण्डकाव्यकारको रूपमा पनि परिचित छन् । चालिसे पवनदूत खण्डकाव्यका रचयिता हुन् । पारिवारिक बिछोडलाई विषयवस्तु बनाएर लेखिएको खण्डकाव्य लेखनमा कविमा संस्कृत साहित्यका महाकवि कालीदास र उनको कृति मेघदूतको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । त्यस्तै कवि महाकाव्यकार पनि हुन् । उनको ‘जीवनयात्रा’ महाकाव्य पनि प्रकाशित भएको छ । आफ्नो जीवनमा भोगेका घटनाहरूलाई विभिन्न पात्रकामाध्यमले प्रस्तुत गरिएको महाकाव्यमा कविको कवित्व क्षमता अद्भूत देखिएको छ ।

यसरी हेर्दा चालिसेको जीवन बहुआयामिक देखिए पनि मूलतः उनी एक साहित्यकार र कुशल प्राध्यापक हुन् । यी दुई पाटोलाई अध्ययन गर्ने हो भने चालिसे एक प्रतिभासम्पन्न, मृदुभाषी, सरल स्वभावका व्यक्तित्व भएका व्यक्ति हुन् ।

## २.१० साहित्यिक सेवा र संलग्नता

अध्ययनका क्रममा भारतको वृन्दावनमा बस्दा त्यहाँबाट प्रकाशित हुने पत्रिका हिमज्योतिमा धन्य नेपाल (सन् १९८२) शीर्षकको कविता प्रकाशित गरी औपचारिक साहित्ययात्रामा लागेका चालिसेका हालसम्म निम्नानुसारका कृतिहरू प्रकाशित भइसकेका छन् ।

१. पवनदूत (खण्डकाव्य, २०६३)

२. साहित्य वाटिका (लक्षण ग्रन्थ, २०७१)

३. महिमामयी धर्ती (कविता सङ्ग्रह, २०७२)

४. जीवनयात्रा (महाकाव्य, २०७३)

५. शिवगीता (अनुवाद, २०७५)

## २.११ निष्कर्ष

मानिसको जन्मदेखि मृत्युपर्यन्तको समय नै जीवन हो । जीवनमा मानिसले अनेक कर्महरू गर्दछ । ती कर्महरू नै उसको परिचायकको रूपमा भविष्यमा देखा पर्दछ । आफूले गरेका सत्कार्यहरूले नै मानिसलाई अजर अमर तुल्याउँछ । कवि माधवप्रसाद चालिसेको पनि बाल्यकाल, युवावस्था, शिक्षादीक्षा सामान्य अरूको जस्तै नै रहेको देखिन्छ । पारिवारिक वातावरण र भौगोलिक परिवेशले सुख र दुःखलाई प्रतिनिधित्व गरेको हुन्छ । नेपाल पहाडै पहाडले भरिएको देश भएकोले यहाँ भौतिक सुख-सुविधा पर्याप्तमात्रामा उपलब्ध हुँदैन । शिक्षादीक्षा त झन् सर्वसुलभ हुने कुरै भएन । यसै कारण पहिला पहिला मानिस पढ्न भारतका अनेक स्थानमा जान बाध्य हुन्थे । त्यस्तै सिलसिलामा कवि माधवप्रसाद चालिसे पनि गएका हुन् । आफ्नो पढाइप्रतिको अभिरुचि र लगावले गर्दा उनले शैक्षिक उन्नति गरेका हुन् । त्यस्तै उनले आफ्नो परिचयलाई फराकिलो पार्ने क्रममा साहित्यिक लेखनलाई पनि समानान्तर रूपमा लगेका छन् । त्यसैको फलस्वरूप उनी नेपाली र संस्कृत साहित्यमा उत्तिकै परिचित छन् । यो नै उनको जीवनको लक्ष्य हो ।

# तेस्रो परिच्छेद

# कविता विश्लेषणको सैद्धान्तिक आधार

## ३.१ विषयप्रवेश

कवितालाई कविता बनाउने उपकरण विशेषलाई कवितातत्त्व भनिन्छ । कुनै पनि कविता कुन खाल, स्तर, भाव वा उचाइको रचना हो भन्ने कुरा त्यस कवितामा सन्निविष्ट तत्त्वहरूको विश्लेषणबाट पत्ता लाग्दछ । त्यसैले कविता वा काव्यको विश्लेषण कवितातत्त्वकै आधारमा गरिन्छ । प्रस्तुत अध्ययनमा कविताका अनेक रूपमध्ये लघरूपको एकाइमा पर्ने फुटकर कवितालाई लक्षित गरी तत्त्वहरूको चर्चा गरिएको छ र सोही आधारमा कविताको विश्लेषण गरिएको छ । शीर्षक, संरचना, भावविधान वा विषयवस्तु, छन्द तथा लयविधान, बिम्ब-प्रतीक तथा अलङ्कारविधान, भाषाशैली, जस्ता तत्त्वलाई कविता विश्लेषणको आधार बनाइएको छ । यहाँ सोही तत्त्वका बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ ।

## ३.२. शीर्षक

शीर्षक कुनै पनि रचनाको शिर हो । शिर अर्थ बुझाउने 'शीर्ष' शब्दमा स्व-अर्थ नै बुझाउने क प्रत्यय लागेर शीर्षक शब्द बन्दछ (आप्टे, १९६९ : १०२२) । त्यसैले यो रचनालाई चिनाउने मुख्य सङ्केतक हो । शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक सङ्केतक वा उद्घाटक समेत हुनुपर्छ (त्रिपाठी, २०५४ : १७) । जसरी शिरबाट मानिसलाई सजिलोसँग चिन्न सकिन्छ, त्यसरी नै कवितालाई शीर्षकबाट चिन्न सकिन्छ । जसरी मानवीय संरचनामा शिरसुहाउँदो शरीर र शरीरसुहाउँदो शिर हुनु अपरिहार्य हुन्छ, त्यसै गरी कवितामा पनि शीर्षक सुहाउँदो कविता र कवितासुहाउँदो शीर्षक आवश्यक ठानिन्छ । कुनै पनि रचनामा शीर्षकले सम्पूर्ण अभिव्यक्तिको एकल प्रतिनिधित्व गरेको हुन्छ । कृतिको शीर्षक र त्यसभित्र वर्णित विषयको तालमेल, पारस्परिक सङ्गति वा समन्वयमै रचनाको सफलता निर्धारित हुन्छ । कुनै पनि रचनाका लागि राम्रो, आकर्षक वा प्रतीकात्मक शीर्षक छनोट गर्नुलाई त्यस्तै महत्त्वपूर्ण सफलता मान्ने गरिन्छ, जस्तो कि राम्रो शीर्षकअन्तर्गत राम्रो विचारहरू पोखेर राम्रो रचना गर्नु सफलता हो । रचनाभित्र व्यक्त विचारहरू अत्यन्त व्यञ्जनात्मक र प्रतीकात्मक छन् तर शीर्षकानुसारी छैनन् भने त्यसलाई सफल मान्न सकिँदैन । कुनै पनि रचनाको शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय भावलाई

प्रकट गर्नुपर्दछ । केन्द्रीय विषय, कथ्य वा भनाइसँग सन्तुलन र समन्वय राख्न सक्नु नै रचनाको शीर्षकीय सफलता हो ।

## ३.३ संरचना

शीर्षक कुनै पनि रचनाको मस्तक हो भने संरचना शरीर हो । कविताको रचनात्मक ढाँचा नै संरचना हो । कविताको संरचना भन्नाले कविताका सबै तत्त्वहरूको कुलयोग हो, जसबाट कविताको निर्माण हुन्छ (शर्मा, २०४८ : ३३-३४) । प्राचीनकालीन काव्य रचनामा रस, अलङ्कार र छन्दढाँचालाई संरचना मानिने भए पनि आधुनिक कवितामा सर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचनातत्त्व मानिन्छ । साहित्यिक संरचना शैलीमार्फत नै भाषिक संरचनामा रूपान्तरित हुन्छ (शर्मा, २०५० : ५१) ।

कवितात्मक संरचना दुई किसिमको हुन्छ : बाह्य र आन्तरिक । बाह्य संरचनाले कविताका हरप, पाउ, सर्ग र लयविधानलाई बुझाउँछ भने आन्तरिक संरचनाले चाहिँ कविताको कथनपद्धति, भावविधान र छन्दढाँचाभित्रको अन्तर्लयलाई समेत बुझाउँछ । आन्तरिक संरचनामा भावविचारको उठान र रागात्मक अभिव्यक्तिसँग सम्बन्धित भएकाले यसले भाषाशैली, भावविचार र रूपतत्त्वलाई गतिमय बनाउँछ । संरचना कविको निजी विशेषता भएकाले यो प्रत्येक कवितैपिच्छे भिन्नभिन्न हुन्छ । संरचना ज्ञानको चुरोका रूपमा रहेको काव्यको महत्त्वपूर्ण अङ्ग पनि हो (अब्राहम, १९९३ : ५९) । संरचना तत्त्वविना कुनै पनि रचनाको निर्माण हुन नसक्ने भएकाले संरचनालाई कविताको अनिवार्य तत्त्व मानिन्छ । संरचना वृत्तात्मक, चक्रात्मक, स्वतन्त्र र साहचर्यात्मक आदि अनेक हुन सक्दछन् तर कवितामा बाह्य र आन्तरिक संरचना नै प्रमुख मानिन्छन् । कविता कृतिको आन्तरिक संरचना त्यस कृतिमा अँगालिएको कथनपद्धतिका माध्यमबाट थालिन्छ । यस परिप्रेक्षमा आन्तरिक संरचना मूलतः केन्द्रीय कथ्य, भावविचारको उठान, विकास र अन्तिम परिणतिको यात्रापथ ठहर्दछ (त्रिपाठी र अरु, २०५४ : १८) । कवितात्मक विविध बुनोटका प्रकारलाई पनि यसैअन्तर्गत राख्न सकिन्छ । आन्तरिक संरचनाका विभिन्न अन्तर्लयको क्रमिक विकास पनि हो र यसका अनेक विधि र प्रविधि पनि छन् :

अ. एउटै मूल भाव, श्लोक वा अनुच्छेदको अन्त्यमा प्रकारान्तरले दोहोरिँदै परिणतिसम्म पुग्नु,
आ. द्वन्द्वको सिर्जनाबाट पक्ष र प्रतिपक्षको अभिप्राय व्यक्त गर्दै परिणतिसम्म पुग्नु,
इ. द्वन्द्वको सिर्जना गर्दै अन्त्यमा समन्वय प्रस्तुत गर्नु,

ई. असम्बद्धजस्ता अङ्गहरूको साहचर्यबाट कुनै एक समष्टि प्रभावको अन्विति सृष्टि गर्नु आदि ।

बाह्य संरचना श्लोक वा अनुच्छेदमा विभक्त हुन्छ र विभिन्न भाग एवं परिच्छेद हुँदै शैलीगत प्राप्तिका साथै कविताविधा उपविधागत आयामसम्म पुग्छ । बाह्य संरचनाले आन्तरिक संरचनालाई वहन गरेको हुन्छ । आन्तरिक र बाह्य संरचनागत भेद छुट्टिए पनि यी दुबैको साहचर्यविना कविता सुन्दर र सार्थक बन्न सक्दैन ।

## ३.४ भावविधान वा विषयवस्तु

रचनाका लागि सर्जकले ग्रहण गर्ने भावभूमिको सेरोफेरोलाई विषयवस्तु भनिन्छ । सामाजिक परिवेश, मानवीय स्वभाव, प्रकृति, धर्म, इतिहास, अनुभवलगायतका जीवनजगत्का विषयवस्तुलाई समेटेर कविले कविता रचना गर्दछ । सर्जक विषयवस्तुमा जति सचेत र सावधान हुँदै डुब्छ, उसले त्यति नै सार्थक, सुन्दर र आकर्षक रचना बनाउन सक्दछ ।

जीवनजगत्का कुनै पनि विषयमा कविता लेख्न सकिने हुँदा कविताका विषय सर्वत्र छरिएका हुन्छन् । सर्जकले जुनसुकै विषय समातेर जीवन्त कविता लेख्न सक्दछ । स्रष्टाभित्र नैसर्गिक प्रतिभा र साधनोन्मुख चेतना छ भने जुनसुकै विषय कविता बन्न सक्दछ । विषयचयनमा कवि सर्वत्र स्वतन्त्र हुन्छ । मानव समाजका चारैतिर छरिएका जुनसुकै विषय कविताको विषयवस्तु बन्नसक्ने भएकाले जुन विषयलाई सर्जकको हृदयले स्पर्श गर्दछ त्यो नै सिर्जनाको विषय बन्दछ । विषय सर्जकले आफ्नो हृदय पोख्ने पात्र हो । कुनै सांसारिक विषय त्यतिखेर कविता बन्न पुग्दछ, जब कवि आफ्नो कल्पनाले सिँगारेर नवीन बनाई सो वस्तुलाई भाषामा प्रस्तुत गर्दछ ।

कविले समातेको विषयवस्तुमाथि उसले प्रकट गर्ने विचारसरणीलाई भाव भनिन्छ  कस्तो शीर्षक वा विषयमाथि सर्जकले कस्तो भावना पोख्यो, त्यही नै कविताको भाव हो । त्यसैले विषय भनेको सर्जकले आफूलाई प्रकट गर्न पक्रने सांसारिक पदार्थ हो भने भाव भनेको सर्जकको अनुभूतिको आविर्भाव हो । विषय भनेको भौतिक संसार हो भने भाव भनेको कल्पनाको संसार हो । भौतिक संसार प्रकृतिको सृष्टि हो भने भाव कल्पनाको सृष्टि हो । यसरी भाव भनेको हृदयको रागात्मक पक्ष हो ।

कविले व्यक्त गरेको केन्द्रीय कथ्यमा भाव नै कविताको सर्वस्व हो । भावतत्त्वलाई रागतत्त्व, संवेदनातत्त्व, सौन्दर्यतत्त्व, रसात्मता, रमणीयता आदि पनि भनिन्छ । भावतत्त्वको

समावेशविना पदरचना वा भाषिक अभिव्यक्ति सादा अर्थमा साहित्य कहलाउन सक्दैन । भावात्मक तत्त्व साहित्यको मूलधर्म हो (जोशी, २०४० : १५) । शब्द र वाक्यमा अनेक शृङ्खला जोड्दै जाँदा कविताको रचना बन्दछ भने त्यस्तो संरचनाबाट व्यक्त हुने भावनाको मुस्लो नै काव्यात्मक भावाभिव्यक्ति हो । भाषिक संरचनामा मानवीय हृदयका संवेगात्मक र रागात्मक विचारहरू प्रकट हुने प्रक्रियालाई भावाभिव्यक्ति भनिन्छ । पौरस्त्य साहित्यमा वस्तु, नेता, रसजस्ता विषय कविताका अङ्ग मानिन्छन् । यथार्थमा यस्ता विषय भावनात्मक तत्त्वकै रूपमा चिनिएका हुन्छन् । सत्तार्थक 'भू' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको भाव शब्दले अस्तित्ववान् वस्तुलाई नियमबद्ध गर्नु भन्ने अर्थ प्रकट गर्दछ (आप्टे, १९६९ : ७३७) । भाव शब्दमा प्रत्येक शब्द तथा समग्र रचनाको समेत अर्थ व्यक्त गर्ने सामर्थ्य विद्यमान छ । भाव कुनै पनि रचनाको एउटा शब्द, शब्दावली, पङ्क्ति वा श्लोकबाट व्यक्त नभएर सिङ्गै रचनाबाट प्रकट हुने विषय हो । त्यसैले रचनामा भावविधानका लागि पद-पदावलीदेखि वाक्य र श्लोक हुँदै सिङ्गो रचनामा भावसन्निधान गर्नु अपरिहार्य हुन्छ । सानो भाषिक एकाइदेखि क्रमशः ठुलो एकाइसम्म सन्तुलित रूपमा व्यक्तिँदै गएको कलात्मक विचारशृङ्खला नै भावविधान हो । अङ्गअङ्गदेखि अङ्गीसम्मबाट प्रकट हुने अभिव्यक्ति लावण्यमा भावको सफल विधान हुन सक्दछ । डा. त्रिपाठीका अनुसार भाव वा विचार कविताको एक अंश वा पङ्क्ति वा श्लोकमा मात्र निहित नभएर कविताको सम्पूर्णतामा व्याप्त हुन्छ । भाव कविताका प्रत्येक पाउ, चरण वा श्लोक वा अनुच्छेद हुँदै नागबेली गतिमा अघि बढिरहेकै हुन्छ । केन्द्रीय भाव नै कविताको आत्मा हो । भावविनाको कविता निष्प्राण र नीरस हुन्छ । भावहीन कवितामा अलङ्कार वा अन्य उपकरणको संयोजन गर्नाले कविता प्राणहीन शरीरको आभूषण झैँ निरर्थक हुन्छ । कवितामा केन्द्रीय भाव अनुभूतिका रूपमा पनि अभिव्यञ्जित हुन सक्छ । सिधै वा आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन-जगत्को कथन गरिए पनि त्यसको भित्री स्वरूप वा केन्द्रीय कथ्यचाहिँ कुनै भाव, विचार, सत्य/सत्यांश/सत्याभास नै हुन्छ र परिणाम चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचारको भावमय, रागमय र कलात्मक रूपान्तरण हुन्छ । मानवीय अनुभवको क्षणविशेष एक खास मनोदशा, जीवनकै एक भाग, जीवनको समग्रता र जीवन सन्दर्भको विराटता अँगाल्दै कविताका उपविधाहरू कथ्य विषयवस्तु र भावविधानका आयामका दृष्टिले मुक्तकदेखि आर्ष महाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदैजाने कुरा पनि स्मरणीय नै छ (त्रिपाठी र अन्य, २०५४ : २०) ।

यसरी कविताको भाव रचनाको सम्पूर्णताको अभिव्यक्ति हो । काव्यीय संरचना, भाषाशैली, कथनपद्धति र रूपात्मक तत्त्व आदिका माध्यमबाट मात्र कवितामा भावप्रकट हुन्छ । कविता सर्जकको विशेष क्षणको अभिव्यक्ति भएकाले त्यस्ता रचनामा कविको अनुभूति क्षणिकता वा समग्रतामा पनि प्रकट हुन सक्दछ । कवितामा वर्णित विभाव, अनुभाव र व्यभिचारीभावको साधारणीकरणबाट सर्जक र पाठकको हृदयमा अनादि वासनाको रूपमा रहेको स्थायिभाव रसमय बनेर प्रकट हुन्छ । त्यसैले सफल कविताहरूमा सफल भावविधानका अङ्ग बनेर रस, ध्वनि, औचित्यजस्ता साहित्यसाधक तत्त्वहरू देखा पर्दछन् ।

भावलाई परिपुष्टि पार्न आउने विषयवस्तुलाई सन्दर्भ तत्त्व पनि भनिन्छ । जीवनजगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभवपुञ्ज कवितामा न अटाउने चाहिँ होइन र पूर्ण प्रकृति, मानवीय समाज र संस्कृति, पुराकथा, इतिहास, दर्शन, ज्ञान-विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्छ । कविताको कथ्यसामग्री र सन्दर्भको सेरोफेरो यही नै हो ।

कवितामा विषयवस्तु र भावविधानमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विषयवस्तु विनाको भावविधान निराधार वा शून्यमा बनेको महलजस्तो हुन्छ । स्रष्टामा भाव हुन्छ, त्यसलाई प्रकट हुन चाहिने धरातल विषयवस्तुले प्रदान गर्दछ । खास गरी सामाजिक घटना, राजनीति, इतिहास, धर्मसंस्कृति, पुराकथा, दर्शन, ज्ञानविज्ञान आदि जीवन जगत्का सयौं विषय भावसम्प्रेषण वा भावविधानका मूलाधार बन्न सक्छन् । माथि उल्लिखित विषयहरूमा स्रष्टाले निर्मल भावात्मक रमणीयताको सृष्टि सजाउन रचनामा वर्णविन्यास सौन्दर्य, शब्दविन्यास माधुर्य, अर्थचमत्कृति, गुण, अलङ्कार, रीति, वक्रोक्ति, रस, ध्वनि आदि तत्त्वको प्रयोगबाट हुनसक्ने सम्मको प्रयत्न गर्दछ । विषयवस्तुलाई अँगालेर सर्जकले दिनखोजेको सर्वोत्तम अभिव्यक्ति नै भावविधान हो । हरेक सर्जक तुलनात्मक रूपमा अरुको रचनामा भन्दा आफ्नो रचनामा भावसम्प्रेषण सुन्दर, आकर्षक र प्रभावकारी होस् भन्नेतर्फ सचेष्ट हुँदै प्रयत्न गर्दछ, त्यसैले जसरी विषयवस्तु रचनाको केन्द्रीय कथ्य वा मूल तत्त्व हो, त्यसै गरी भावविधान रचनाको सबैभन्दा महत्त्वको विषय हो, सिर्जनाको सर्वस्व हो ।

## ३.५ छन्द तथा लयविधान

पाणिनीय व्याकरणअनुसार प्रसन्न बनाउनु, कल्पना गर्नु, आनन्दित बनाउनु, रक्षा गर्नु, बाँध्नुजस्ता अनेक अर्थ भएको 'छद्' धातुमा 'असुन्' प्रत्यय लागेर 'छन्दस्' शब्द बन्दछ (आप्टे,

१९६९ : ३८९) । यसै गरी 'लय' शब्द 'ली' धातुमा 'अच्' प्रत्यय लागेर बन्दछ र यसले तल्लीनता, एकाग्रता, सङ्गीतमा आरोह-अवरोहक्रम (बर्मा र अन्य, २०१९ : ७४१) आदि अर्थ प्रकट गर्दछ । विशिष्ट लय कविताको सारपूर्ण पहिचान हो र यसलाई छन्दले वहन गर्दछ । छन्दोबद्ध कवितामा दुवैले परस्पर दुवैको सौन्दर्य बढाउँदै सुनमा सुगन्ध थप्दछन् । यस्तो रचनामा एउटा पक्षकमजोर हुनेबित्तिकै कविता-सौन्दर्य समाप्त हुन्छ । कुनै पनि रचना पढ्दा, उच्चारण गर्दा वा सुन्दा अनुभव गरिने ध्वनिहरूको समन्वयात्मक आनन्दमय श्रुतिसौन्दर्य नै लय हो । रचनाको श्रुतिमाधुर्य लयात्मक भाषिक विन्यासमा आधारित हुन्छ । साहित्यका अनेक विधा-उपविधाबाट कवितालाई छुट्याउने तत्त्व नै लय हो, तसर्थ लयलाई कविताका विभेदक अभिलक्षण नै भनदा अत्युक्ति हुँदैन । भाषाशैलीको पङ्क्तिगत पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लयविधानको लक्ष्य हो (त्रिपाठी र अन्य, २०५४ : १९) । त्यसैले छन्द मात्र मिल्दैमा लयात्मक आह्लाद प्रकट हुन सक्दैन । त्यसैले लय छन्दभन्दा पनि सूक्ष्म ध्वनिको व्यवस्थापकीय माधुर्य हो । गद्य, पद्य र चम्पू शैलीका तीनै रचनामा लयको प्रयोग अपरिहार्य ठानिन्छ । तर गद्य रचना, गद्य कविता, कथा, उपन्यास आदिमा छन्द आवश्यक पर्दैन । छन्द आवश्यक नठानिने गद्य कवितामा लयविधान अनिवार्य छ । छन्द भनेको गण वा अक्षर गनेर पङ्क्ति-पङ्क्तिबिच प्रकट गरिने समानता हो । यस्तो समानता मात्र भएको तर लयविधान नगरिएको अर्थगत चमत्कारविहीन रचना प्राचीन संस्कृत शब्दकोशहरू, ज्योतिष, धर्मशास्त्र, न्यायदर्शन आदि ग्रन्थहरूमा देखिन्छ । त्यस्ता ठाउँमा साहित्यिक सौन्दर्य, माधुर्य प्रकट गर्ने उद्देश्य नराखेर शब्द र विषय प्रतिपादन गर्ने माध लक्ष्य लिइएको हुन्छ । यसरी छन्दमात्र भएर कविता वा काव्य बन्दैन तर लयात्मक श्रुतिमाधुर्य भएको गद्य नै पनि कविता वा काव्य बन्दछ । गद्य कवितामात्र गद्यकविता नबनेर उपन्यास र निबन्धका लयदार भाषासमेत कविता बन्न पुग्दछन् । महाकवि देवकोटाका निबन्धलाई नागबेलीदार पङ्क्तिव्यवस्थामा सजाउँदा प्रायः निबन्ध गद्यकविता हुने स्थिति छ किनकि उनका रचनामा मुक्तलय वा अन्तर्लयको आधिक्य देखिन्छ । खास गरी गद्य होस् वा पद्य, मुक्त होस् वा बद्ध, रचनाभित्र श्रुतिसुखद, कोमलकान्त पदावली, वर्णानुप्रास, अन्त्यानुप्रास, मध्यानुप्रासलगायत अन्तःसाङ्गीतिक झङ्कार पैदा भएको छ भने त्यो सफल कविता बन्दछ । तसर्थ सर्जकले लयविधानमा अत्यधिक सावधानी र साधना गर्नु अपरिहार्य छ ।

छन्दोबद्ध कविताहरूमा लय र छन्दका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यस्ता कवितामा छन्द र लय एकअर्काका परिपूरक घटक बनेर रहन्छन् । तिनलाई कवितारूपी एउटा सिक्काका

दुइटा पाटा मान्न सकिन्छ । छन्दोबद्ध मानिएको कवितामा अन्तर्लय भएन भने त्यो अमरकोशको श्लोकजस्तो शब्दमात्र वा धर्मशास्त्रको सोभ्रो कथनमात्र बन्न पुग्छ भने अन्तर्लय त छ तर छन्दोभङ्ग भएको छ भने सिङ्गै कविता बाटो छाडेर दुर्घटनाग्रस्त बन्न पुग्छ । पाठक र श्रोता दुवै यस दुर्घटनामा नमजासँग घायल हुन्छन् । पौरस्त्य पाश्चात्य दुवै जगत्मा छन्दलाई ठूलो महत्त्व दिइएको पाइन्छ र खास गरी प्राचीन रचनाहरूमा छन्दकै बाहुल्य रहनु यसको बलियो प्रमाण हो । अङ्ग्रेजीमा छन्दलाई मापक अर्थमा 'मीटर' भनिन्छ भने ल्याटिनमा हलोले जोतेको सियोतर्फ लक्ष्यित गर्दै 'हकर्सस' भनिएको पाइन्छ । पङ्क्तिपुञ्जहरूका स्तरमा पङ्क्तिहरूको वार्णिक/मात्रिक वितरणको नियमित आवृत्तिको स्थिति छन्द हो भने पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्तिपङ्क्तिका बिचको अन्त्यानुप्रासीयबाट छन्द अझ मीठो हुन्छ र गद्य कवित्वको पनि अन्तर्लय अरु समृद्ध हुन पुग्छ (त्रिपाठी र अन्य, २०५४ : १९) । यस कथनबाट छन्दोबद्ध कविता वा काव्यमा लय अपरिहार्य तत्त्व हो भन्ने पुष्टि हुन्छ ।

## ३.६ बिम्ब-प्रतीक तथा अलङ्कारविधान

बिम्ब शब्द संस्कृतको 'बि' धातुमा 'बन्' प्रत्यय लागेर बनेको हो । यसले सूर्य, चन्द्र आदि गोलाकार पदार्थको परिधि (घेरो) आदि अर्थ बुझाउँछ (आप्टे, १९६९ : ७१७) । यसैले प्रस्तुत अर्थको प्रतिच्छाया वा पूरकका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो । सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई मूर्त बनाउने चित्रात्मक भाषा नै बिम्ब हो । जीवन बिम्ब हो (गौतम, २०६० : १) । बिम्बवादका जनक एज्रापाउण्डका विचारमा एकै मुहूर्तमा बौद्धिक र संवेगात्मक जटिलतालाई प्रकट गर्नु नै बिम्ब उतार्नु हो (भट्टराई, २०४९ : १५) । बिम्ब वा रूपकद्वारा निर्मित र बाह्य संसारबाट लिइएको दृश्य वा वस्तुको प्रत्यक्षीकरणमा आधारित सुर-लयमै बिम्बवादी कविता जन्मन्छ (त्रिपाठी, २०३६ : ५३६) । व्यापक अर्थमा लिने हो भने भाषामा प्रयुक्त शब्द बिम्बात्मक हुन्छन् (अब्राहम, १९९३ : १६८) । एउटा समयको इन्द्रीय ज्ञानलाई तौलीतौली (जोखीजोखी) कवितामा प्रस्तुत गर्नु नै बिम्बविधान हो (फोग, १९६९ : ३-४) । साथै भाषामा प्रयुक्त अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । बिम्बप्रयोगबाट आकर्षक, सुन्दर, आलङ्कारिक र व्यङ्ग्यार्थप्रधान उत्तम कविताहरू जन्मिन्छन् भने कवितामा वस्तुपरकता, यथार्थता, स्पष्टता, वर्णनात्मकता, भाषिक मितव्ययिताजस्ता अनेक विशेषता ती कविताहरूमा आफैँ उनिएर आउँछन् । कवितामा सङ्गति, व्यतिरेक, द्वन्द्व, प्रशंसा आदि देखाउन

र लक्ष्यार्थ तथा व्यङ्ग्यार्थका माध्यमले आन्तरिक संरचनामा गहन भाव प्रकट गराउन बिम्बको प्रयोग हुने गर्दछ ।

प्रतीक पनि बिम्बजस्तै कवितात्मक सौन्दर्यका लागि अपरिहार्य तत्त्व हो । बिम्बविधानकै लागि एउटा वस्तुको ठाउँमा प्रयोग गरिने अर्को वस्तुलाई प्रतीक भनिन्छ । प्रतीक भाषाको एउटा शाब्दिक एकाइबाट व्यक्त हुन्छ भने बिम्ब सिङ्गै प्रकरणबाट समेत व्यक्तिन सक्छ । तथापि बिम्बजस्तै प्रतीक कवितात्मक सौन्दर्यका लागि अपरिहार्य तत्त्व हो । प्रतीकात्मक भाषाले मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा प्रकट गर्दछ र शब्द सौन्दर्यको नवीनतालाई उद्दीपित गर्दछ । प्रतीक सादृश्यमा होइन, व्यङ्ग्यमा भर पर्छ र व्यङ्ग्यको समकक्षी हुन्छ । कवितामा प्रतीकले भाव तथा मानसिक चित्रलाई सजीवताका साथ उतारी विस्तृत अनुभूतिलाई समेटेको हुन्छ (लरेन्स, १९७० : ३१) । प्रतीकमा साधारणीकरणको गुण रहने भएपनि वैयक्तिक प्रतीकहरू चाहिँ असम्प्रेष्य र दुरूह पनि हुन सक्छन् । प्रतीकवादी कवितामा भने व्यञ्जनाधर्मी गुण रहेको हुन्छ (विमसेट, १९५३ : ६०१) । त्यसैले प्रतीक सशक्त कविका कलमबाट मात्र निस्कन्छ र यसले कविताको भावलाई बढी गहिराइ प्रदान गर्छ । यसर्थ प्रतीकविधानलाई कविताको अर्को एक आवश्यक उपकरण भनिन्छ । यसरी कवितामा बिम्ब तथा प्रतीकयोजना परस्पर उपकारक हुन्छन् । यिनीहरूका बिचमा उपकार्योपकारकभाव सम्बन्ध देखिन्छ भने यी दुवै पुनः कविताका उपकारक हुन् कविता यिनको उपकार्य हो ।

जगत्का विविध सन्दर्भ र सामग्रीलाई बिम्ब-प्रतीकका रूपमा टिप्न सकिन्छ । सफल कवितालेखनका लागि बिम्ब-प्रतीकको प्रयोग अपरिहार्य छ । बिम्ब-प्रतीकको प्रयोगले सामान्य भनाइरूपी कच्चा पदार्थलाई सुन्दर कवितासामग्री बनाएर निकाल्दछ । बिम्बप्रतीकयोजनाले कवितालाई कल्पनात्मक र भावनात्मक उच्चता प्रदान गर्न सकिने हुँदा आन्तरिक संरचनालाई सबल बनाई काव्यात्मक सौन्दर्य र लालित्य समेत प्रकट गर्ने कार्य सहज बन्दछ । जसरी पौरस्त्य काव्यशास्त्रीय परम्परामा अलङ्कार ध्वनिको प्रचुर प्रयोग काव्यसाहित्यमा देख्न पाइन्छ, त्यसै गरी पाश्चात्य काव्यशास्त्रीय परम्परामा बिम्ब-प्रतीकप्रयोग सर्वाधिक महत्त्वशाली मानिन्छ । काव्य बिम्बभाव संवेगले युक्त शब्दचित्र (लेविस, १९४१ : ९५) भएकाले शब्दार्थका माध्यमले कविकल्पनाद्वारा प्रयोग गरिने इन्द्रीयसंवेद्य विषयको रागात्मक मानसिक पुनःसृजनलाई नै बिम्ब (सिंह, १९७२ : २८२) भनिन्छ । बिम्ब लाक्षणिक अर्थवहन गर्ने तत्त्व भएकाले आफैँमा विशिष्ट सौन्दर्यतत्त्व हो । रूपबिम्ब, शब्दबिम्ब, गन्धबिम्ब, रसबिम्ब र मिश्रित बिम्ब यसका प्रकार हुन्

(सिंह, १९९४ : २२८) । बिम्बका यी सबै प्रकार मिलेर कवितामा अद्भुत सौन्दर्य पैदा गर्दछन् । थोरैमा धेरै भन्नु र विलक्षण प्रकारले भन्नु नै बिम्बवादी कविताका सामर्थ्य हुन् । बिम्ब-प्रतीकयोजनाको निरन्तर अभ्यासले शब्द, पदावली, वाक्य, प्रकरण र सिङ्गै रचनासमेत बिम्बमय बन्दै विलक्षण काव्यनिर्माण हुन सक्दछ । बिम्बका विषयमा पाश्चात्य बिम्बवादी कवि एज्रा पाउण्ड भन्दछन्– जीवनमा धेरै ग्रन्थ तयार पार्नेभन्दा पनि एउटा बिम्बको कुशल विधानकर्ता कता हो कता श्रेयस्कर छ (बराल, २०५३ : १४२) ।

बिम्ब जब मूर्त रूपमा प्रकट हुन्छन्, त्यतिबेला प्रतीकले जन्म लिन्छ । बिम्ब आद्य बीजभूमि हो भने प्रतीक बाहिरी आचरण हो । प्रतीक र बिम्बमा एउटा मूलभूत भिन्नता के छ भने प्रतीकले एउटा निर्दिष्ट अर्थबोधतर्फ सङ्केत गर्छ तर बिम्ब एकार्थक वा बहुआयामी पनि हुन सक्छ, बिम्ब पुरै कविताव्यापी बृहत् र व्यञ्जनाधर्मी हुन्छन् (त्रिपाठी २०५४ : २१) ।

यसै गरी कवितामा अलङ्कारविन्यास पनि काव्यसौन्दर्य सृष्टिको प्रदर्शनी प्रमाणित हुन्छ । अनेक किसिमका अर्थालङ्कारहरू कविताभरि छरिएका हुन्छन् । यस्ता अलङ्कारहरूको विधान कवितामा बिम्बविधानकै उपक्रमका रूपमा रहने हुँदा स्वभावोक्तिको आफ्नै सौन्दर्य नहुने त होइन तर वक्रोक्ति र अतिशयोक्तिबाट सृजित बिम्बालङ्कारहरू विशेष चमत्कारी ठहर्दछन् ( त्रिपाठी र अन्य, २०५४ : २१) । सङ्गति, व्यतिरेक, संशय, प्रश्न, तर्क, वितर्क, आदर्श, उदात्त, स्वभावोक्ति, विरोधाभास, सौष्ठव, प्रशंसा, व्यङ्ग्य, अधिक वा न्यून कथन एवं प्राकृतिक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक, दार्शनिक आदि अनेक समायोजनले बिम्बालङ्कारको सृष्टि गरी सौन्दर्य पक्षलाई प्रबल बनाउँछ र कवितालाई उजिल्याउँछ । यसो हुनाले कवितामा बिम्बविधान तथा बिम्बालङ्कारका रूपतात्त्विक सौन्दर्य प्रविधिहरू अनिवार्य तत्त्वका रूपमा देखिन्छन् । भावलाई गहन र प्रभावमूलक बनाउन कवितामा शब्दालङ्कार र अर्थालङ्कारयोजना प्रयोग हुन्छ । यसप्रकार कथ्य विषयलाई कलात्मक र भावसंवेद्य बनाउन काव्यमा बिम्ब-प्रतीक र अलङ्कारविधान अनिवार्य तत्त्वका रूपमा रहन्छन् ।

## ३.७ भाषाशैली

भाषा विचारवाहक माध्यम हो । भाषाले मानवका आशय, मनोभावना र भनाइलाई बोकेर हिँडेको हुन्छ । भाषा नदी वा झर्नाझैँ निरन्तर बगिरहने त्यस्तो माध्यम हो, जो मानवीय भावनालाई अहोरात्र प्रवाहित गरिरहन्छ । भाषा सामान्यतया दुई किसिमका मानिन्छन् : सामान्य र विशिष्ट । सामान्य भाषा सामान्य विचार वा कथनको वाहक हुन्छ भने विशिष्ट भाषा विशिष्ट

विचार, भाव वा चिन्तनको वाहक मानिन्छ । कुनै पनि साहित्यिक कृतिमा प्रयोग गरिने भाषा जनसामान्यको बोलीभन्दा विशिष्ट हुन्छ भने साहित्यका अनेक विधा-उपविधामा प्रयोग गरिने भाषाका तुलनामा कवितामा प्रयोग गरिने भाषा विशिष्ट हुन्छ । त्यसैले कच्चा पदार्थजस्तो सामान्य भाषामा परिष्कार ल्याएर सर्जक त्यसलाई विशिष्ट बनाई साहित्यमा प्रयोग गर्दछ । साहित्यमा पनि अनेक विधाका तुलनमा कविताको भाषा बढी साहित्यक, स्तरीय र आलङ्कारिक हुने हुँदा अपेक्षाकृत कृत्रिम पनि मानिन्छ । कवितामा भाषाका अतिरिक्त लय तथा सङ्गीतको पनि महत्त्वपूर्ण भूमिका रहन्छ (बराल, २०५३ : १४०-४६) ।

समग्रमा कुनै पनि रचनामा भाषाको सूक्ष्मतम एकाइदेखि लिएर बृहत्तम वा स्थूलतम एकाइसम्मको प्रयोग हुन सक्दछ । यसरी भाषा कुनै पनि रचनामा विचार, भावना, कल्पना, कथन, सङ्कथन वा विषयको वाहक बनेर रहेको हुन्छ । तसर्थ रचनामा भाषाको असीम महत्त्व देखा पर्दछ भने कविताजस्तो बेजोड र विशिष्ट अभिव्यक्तिको लागि यसको महत्त्व रहेको हुन्छ ।

साहित्यिक रचनामा भाषाजस्तै शैलीको अझ बढी महत्त्व रहने गर्दछ । विचारलाई वहन गर्ने रूपमा भाषाको र त्यसमा अभिव्यक्तिगत कुशलता र सौन्दर्य प्रकट गर्ने सन्दर्भमा शैलीको विशिष्ट महत्त्व रहेको हुन्छ । भाषा र शैली दुवैको उच्चतम सफलतामा भाषाशैली निर्माण हुन्छ । त्यसैले भाषाशैली भनेको भावप्रकाशनका लागि प्रकट गरिने अभिव्यक्ति-कौशल हो । प्रा. मोनराज शर्माका अनुसार रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यवर्धक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०४८ : ३) । रचनाको प्रकृति अनुसार भाषाशैली भिन्नभिन्न हुने भए पनि कवितामा लयात्मक भाषाशैलीको प्रयोग गरिन्छ । उत्कृष्ट कोटिका साहित्यिक रचनामध्ये मुक्तलयमा लेखिएका कविताहरूको आन्तरिक संरचनामा लयात्मकता हुन्छ भने बद्धलयमा लेखिएका कविताहरूमा बाह्यान्तरिक लयात्मकताको माधुर्य अनुभव गर्न पाइन्छ । कुनै विचार वा भाव व्यक्त गर्नका लागि उपलब्ध हुनसक्ने अनेक भाषिक विकल्पमध्ये सबैभन्दा बढी ललित, रागात्मक, व्यञ्जक र लयात्मक हुने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधान समेत गर्नुलाई भाषाशैलीको विशिष्ट प्रयोग मान्ने गरिन्छ । अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा व्यञ्जनात्मक शैलीको उपयोग गरी साहित्यिक लेखनमा भाषाशैलीय उचाइ थप्न सकिन्छ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद-पदावलीगत, वाक्यगत, अनुच्छेदगत आदि अनेक व्यतिक्रम र अतिक्रमण (विचलन) समेतबाट भाषाशैलीले

कवितामा बढी व्यञ्जकता, लालित्य र लयात्मकता प्राप्त गर्दछ (त्रिपाठी र अन्य, २०५४ : १९) । भाषाशैलीगत लयात्मकताको घनत्व, छटा र हार्दिकताअनुसार नै साहित्यिक विधाहरूको पनि उत्तरोत्तर गुणस्तर निर्धारण हुने गर्दछ । चाहे मुक्तलय होस् वा बद्ध, तिनमा प्रकट हुने लयात्मक सघनता अनुरूप कविताबाट कविताभन्दा इतर विधा छुट्टिँदै जान्छन् । मुक्तलयमा सघनता न्यून रहँदा नाटक, कथा, उपन्यास र निबन्धजस्ता विधा विरचित हुन पुगदछन् भने सघनतामा उत्कृष्ट गद्यकविता । त्यसै गरी बद्धलयको मात्रा सघनभन्दा सघन हुँदै जाने क्रममा फुटकर कविता, लामा कविता, खण्डकाव्य, महाकाव्य र आर्ष महाकाव्यसम्मका रचना सिर्जित हुँदै जान्छन् । यसप्रकार भाषाशैलीको गुणस्तर साहित्यिक विधिनिर्धारणमै प्रमुख कारण बन्न पुग्दछ ।

समग्रमा भन्दा सोझो कुराकानी, भाषण, जीवनी, पत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यमका समाचारीय भाषा आदि सामान्य भाषाशैलीका उदाहरण हुन् भने साहित्यिक विधाहरू भाषाशैलीका विशिष्ट नमुना हुन्, त्यसमा पनि सघन, स्तरीय, लाक्षणिक र व्यञ्जनामय भाषाशैलीको चूडान्त प्रयोग हुने कविता भाषाशैलीका उत्कृष्ट उपमा हुन् । सामान्य व्याकरणिक वाक्यमात्रको भाषालाई छाडेर भङ्गिमाशाली भाषामा भाषामात्र नभएर सुन्दर भाषाशैलीको उपयोग गरेको देखिन्छ । यसरी सकल कविता सिर्जनामा भाषाशैलीको अनिवार्य र अविभाज्य महत्त्व रहेको हुन्छ ।

## ३.८ निष्कर्ष

कवि कल्पनामा तरङ्गीत भावको पुञ्ज नै कविता हो । समाजमा घटित घटना नै साहित्यको विषयवस्तु हो । कतै पनि नघटेको घटना कवि कल्पनामा आउन सक्दैन । घटेको घटनाको थोरै अंशलाई कवि मष्तिस्कले व्यापकता देख्दछ र त्यो साहित्यिक भावनासँगै बाहिर निस्कन्छ जुन साहित्यिक कृति बन्दछ । यस्तै कृतिको अध्ययन विभिन्न सैद्धान्तिक तत्त्वलाई आधार मानेर गरिन्छ । रचनाकारको रचनालाई सैद्धान्तिक तत्त्वको कसीमा राखेर हेर्दा उत्कृष्ट, मध्यम र निकृष्ट के रहेछ भन्ने थाहा हुन्छ । प्रस्तुत अध्यनमा पनि कवि माधवप्रसाद चालिसेको कृति 'महिमामयी धर्ती' कवितासङ्ग्रहलाई कविताको सैद्धान्तिक तत्त्वको कसीमा राखेर हेरिएको छ । यसैका लागि यस परिच्छेदमा कविताका सैद्धान्तिक तत्त्वको चर्चा गरिएको हो ।

# चौथो परिच्छेद

# विधातत्त्वका आधारमा महिमामयी धर्ती कवितासङ्ग्रहको विश्लेषण

## ४.१ विषयप्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये कविता विधा पनि एक हो । यो साहित्यको प्राचीन विधा हो । पौरस्त्य वाङ्मयमा यो विधाको स्थान निकै नै महत्त्वपूर्णरूपमा रहेको छ । वैदिककालदेखि नै कविता विधाको विकास हुँदै आएको पाइन्छ । विकासकै सिलसिलामा आयामका हिसाबले कवितालाई विभिन्न विधा-उपविधामा वर्गीकरण गरेको पाइन्छ । विभिन्न विद्वान्हरूले कवितालाई लघुतमरूपदेखि बृहत्तमरूपसम्म विभाजन गरी वर्णन गरेको पाइन्छ । नेपाली साहित्यमा पनि कवितालाई यसै गरी वर्गीकरण गरी अध्ययन गरिएको छ । कविताको लघुत्तमरूपभन्दा ठुलो रूपलाई फुटकर कविता भनिन्छ । कवि तथा साहित्यकार माधवप्रसाद चालिसेद्वारा रचित *महिमामयी धर्ती* कवितासङ्ग्रह पनि फुटकर कविताहरूको सङ्गालो हो । कुनै परिस्थितिजन्य घटनालाई विषयवस्तु बनाएर भाव र शैलीमा छन्दोबद्ध वा मुक्तलयमा रचना गरिएको रचना नै फुटकर कविता हो । यस्तै यस्तै विभिन्न घटनालाई विषयवस्तु बनाएर विभिन्न समयमा रचना गरिएको ४० वटा कविताहरूको सङ्गालो नै *महिमामयी धर्ती* सङ्ग्रह हो । यसै सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको विश्लेषण कवितातत्त्वको आधारमा यस परिच्छेदमा गरिएको छ ।

## ४.२ महिमामयी धर्तीको विश्लेषण

नेपाली साहित्यमा कविता विधालाई आधार मानेर आफ्ना कृतिहरू पाठक समक्ष प्रस्तुत गरिरहेका कवि तथा साहित्यकार माधवप्रसाद चालिसे एक सशक्त प्रतिभाशाली व्यक्ति हुन् । क्षणिक समयमा मनमा उब्जेका भावनाका तरङ्गहरूलाई लयात्मक शैलीले कवितामा उतार्न कवि निरन्तर लागिपरि रहेको कुरा उनका कृतिहरूले पुष्टि गरेका छन् । यस्तै भावनाहरूको सङ्गालो हो महिमामयी धर्ती । यसमा नेपाली भाषाका अतिरिक्त सरल संस्कृतभाषाका पनि कविताहरू रहेका छन् । यहाँ महिमामयी धर्ती कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई सैद्धान्तिक हिसाबले चर्चा विधातत्त्वका आधारमा गरिन्छ ।

### ४.२.१ नैतिकता

नेपालीहरूलाई नैतिकवान बन्न आग्रह गर्दै लेखिएको कविता हो नैतिकता । नैतिकता बिना मानिसको उन्नति हुन नसक्ने कुरालाई यस कवितामा कविले वर्णन गरेका छन् । मानिसको उन्नति नभईकन राष्ट्रको उन्नति नहुने भन्दै सम्पूर्ण नेपालीलाई आचारवान र नैतिकवान बन्न कविले उद्घोष गरेका छन् । यस कवितालाई निम्नानुसार विवेचन गर्न सकिन्छ ।

#### क. शीर्षक

नैतिकता शीर्षकको कविता यस सङ्ग्रहको पहिलो कविता हो । कवितामा कविले प्रत्येक नेपालीलाई आ-आफ्नो कर्तव्यको पालना गरी सत्मार्गमा हिँड्न आग्रह गरेका छन् । आफू नियम र अनुशासनमा रहे अरुलाई पनि बसाउन सकिने भन्दै कविले यो नै मुलकको हितमा हुने कुराको उद्गार गरेका छन् । सद्व्यवहारले नै वसुधैव कुटुम्बकम्को भावना विकास हुने कुरामा कवि दृढ देखिन्छन् । यस्तै यस्तै कुराहरूको वर्णन कविताका हरफमा गरिएकाले यस कविताको शीर्षक नैतिकता मान्य र सार्थक रहेको कुरा पुष्टि हुन्छ ।

#### ख. संरचना

बाह्य संरचनाका दृष्टिले यो कविता चार श्लोक र २४ हरफमा फैलिएको छ । आयाम त्यति ठुलो नभए पनि कवित्व शक्तिका हिसाबले कविता उत्कृष्ट रहेको छ । कविताको भावलाई हेर्दा आन्तरिक संरचना बन्धनमा पनि कवि सबल रहेका छन् । लय र भावलाई समेटेर तयार पारिएको कविता गेयात्मक बन्न पुगेको छ भने पाठकलाई महत्त्वपूर्ण शिक्षा दिन पनि कविता सफल देखिन्छ ।

#### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत नैतिकता कवितामा कविले विषयवस्तुको उठान राष्ट्रहितको पक्षमा उभिनको लागि आह्वान गर्ने क्रममा कर्तव्यपरायणतालाई प्रमुख रूपमा उठाएका छन् । कर्तव्य विमुख नभई सत्मार्गमा चल्ने हो भने अन्याय, अत्याचार, द्वेष भावना जस्ता कुराहरू स्वतः अन्त्य हुने र विश्व बन्धुता, सहिष्णुता जस्ता कुराहरूको भावना उदय हुने कुरामा दुइमत नभएको कुरा उल्लेख गरेका छन् । पृथ्वीमा नैतिकतारूपी आभूषण सदा चम्किरहोस भन्ने आशयका साथ नैतिक शक्ति नै सबैभन्दा ठूलो शस्त्र भएको कुरा कवितामा वर्णन गरिएको छ । आजको

मानिसलाई जसरी पनि सत्पथमा लैजानलाई कविले कविताको सहारा लिनुले पनि यो कविता विषयवस्तु र भावविधानका हिसाबले उत्कृष्ट रहेको छ ।

**घ. छन्द तथा लयविधान**

नैतिकता कविता शार्दूलविक्रीडित छन्दमा संरचित रहेको छ । प्रतिचरणमा १९ अक्षर हुनु यस छन्दको नियम हो । अन्त्यानुप्रासलाई उच्च प्राथमिकता दिँदै लेखिएको प्रस्तुत कविता लयविधानका हिसाबले पनि सफल देखिन्छ । गेयात्मक बन्नका लागि सरल शब्दको प्रयोग र अन्त्यानुप्रासको उचित संयोजन र हुनु आवश्यक मानिन्छ । यी दुबै कुरा यस कवितामा पाउन सकिन्छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

विषयवस्तुको गहनतालाई आधार मानेर रचनामा बिम्ब तथा प्रतीकको प्रयोग गरिएको हुन्छ । सबै रचनामा यसको प्रयोग गर्न सकिँदैन । नैतिकवान बन्न आग्रह गर्दै लेखिएको कवितामा नैतिकता नै सबैभन्दा ठुलो कुरा हो र यसैले नै समग्र विश्वको विकास सम्भव भएको कुराको वर्णन गरिएको छ । अर्थालङ्कार र शब्दालङ्कार दुबैको प्रयोगलाई यसमा ध्यान दिइएको छ । प्रत्येक हरफमा उच्चारणगत हिसाबले उस्तै उस्तै स्वर आउने शब्दको संयोजनले यस कुराको अवगत गराउँदछ ।

साँचो नैतिकता विभूषण बनोस् चम्केर सद्वृत्तिले
लाएरै नियमाऽनुशासन कसी खारोस् सदाचारले ।
मान्छे मानव बन्न सद्गुण सिकोस् लागेर सत्पक्षमा
उक्लोस् उन्नतिका सिँढी शिखरमा टेकोस् महान् लक्ष्यमा ॥

यस पद्यमा कविले नैतिकतालाई विभूषणसँग तुलना गरेका छन् । नियम र अनुशासनलाई सदाचारले राम्रो बनाओस् मान्छेमा मानवता आओस् जस्ता भावहरूले गर्दा यहाँ अर्थालङ्कार र पक्षमा, लक्ष्यमा जस्ता शब्दको प्रयोगले शब्दालङ्कारको उपस्थिति भएको देखिन्छ ।

**च. भाषाशैली**

यस कवितामा कविले मानिसलाई नैतिकताको विषयमा केही सिकाएका छन् । यहाँ सामान्यार्थको भाषाशैलीको प्रयोग गरिएको छ । सामान्य पाठकले पनि पढ्नासाथ अर्थबोध भइहाल्ने कवितामा तत्सम शब्दको प्रयोग बढी भए पनि शैली भने सरल रहेको छ ।

## ४.२.२ भानुको सम्भनामा

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यलाई सम्भने क्रममा कविले पोखेका भावनाका तरङ्गहरूको छाल नै भानुको सम्भनामा कविता हो । प्रत्येक वर्ष मनाइने आषाढ २९ को भानुजयन्ती २०५६ को अवसरमा लेखिएको कवितामा कविले भानुभक्तलाई साँच्चिकै भानुसँग तुलना गरेका छन् । विभिन्न आधारमा उक्त कवितालाई यसरी वर्णन गर्न सकिन्छ ।

### क. शीर्षक

प्रस्तुत कविता आदिकवि भानुभक्तप्रति श्रद्धाभाव प्रकटको लागि लेखिएको हो । आदिकवि भानुभक्त आचार्यको कार्यलाई साँच्चिकै भानु अर्थात् सूर्यसँग तुलना गर्दै लेखिएको कविताको शीर्षक भानुको सम्भनामा रहेको छ । कवितामा वर्णित विषय र शीर्षकको सम्बन्ध मिलेकोले शीर्षक चयन उचित नै देखिन्छ ।

### ख. संरचना

९ श्लोकमा संरचित कवितामा जम्मा ३६ हरफ रहेको छ । बाह्य संरचनाका हिसाबले फुटकर कविताको कोटिमा पर्न सफल कविता आन्तरिक संरचनामा पनि विषयवस्तुको गाम्भिर्यताले भरपुर रहेको छ । कविले भन्न खोजेको कुरालाई कविताले सरस ढङ्गले उजागर गरेको छ ।

### ग. भावविधान वा विषयवस्तु

यस कवितामा कविले जसरी सूर्योदय पश्चात् अन्धकारको अस्तित्व रहँदैन त्यसैगरी नेपाली साहित्यमा आदिकवि भानुभक्तको उदय पश्चात् अज्ञानरूपी अन्धकारको नाश भएको कुरा वर्णन गरेका छन् । आषाढमा धुम्मिएको बादलले अन्धकार भइरहेको जगत् भानुको उदय पश्चात् एक्कासी उज्यालो भएको र नेपाली साहित्यक्षेत्रमा एक स्वर्णिमकालको सुरुवात भएको कुरा कवितामा कविले स्वीकार गरेका छन् । भानुको उदयले नेपाली साहित्याकाशमा अनेकौं ताराहरूको उदय भएको, शशीको कलामा वृद्धि भएको कुरा कविले कवितामा कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् । पौरस्त्य वाङ्मयमा निहित ज्ञानलाई सर्वसाधारण जनमानसमा ल्याउन सफल व्यक्तिका रूपमा कविले भानुलाई वर्णन गरेका छन् । उचित समयमा भानुको उदय भएको र भानुको उदयसँगै नेपाली साहित्यकाश पनि उज्यालो भएकोमा कवि प्रफुल्लित

देखिन्छन् । विषयवस्तुको गाम्भिर्यतालाई मध्यनजर गर्दै कविले कविताको भाव उचितशैलीमा प्रकट गरेका छन् । त्यसैले यस कवितालाई भावविधानका हिसाबले सफल मानिन्छ ।

**घ. छन्द तथा लयविधान**

नेपाली जनमानसमा प्रिय बनेको शार्दूलविक्रीडित छन्दमा संरचित कवितामा ९ श्लोक रहेको छ । ती ९ श्लोकमा कविले नवरसको झझल्को दिन खोजेका छन् । आदिकवि भानुभक्त आचार्यलाई जगच्चक्षु भानु अर्थात् सूर्यसँग तुलना गर्ने क्रममा कवि शब्दचयनमा सजग देखिन्छन् । यसले गर्दा तत्सम शब्दको प्रयोग बढी भएको छ, त्यसैले लयविधानमा कविता उत्कृष्ट बन्न पुगेको छ । नेपाली जनजिब्रोमा झुण्डिरहेको लयलाई कविले यस कवितामा प्रयोग गरेका छन् ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

आदिकवि भानु र जगच्चक्षु भानुको तुलना गर्ने क्रममा कविले यस कवितामा श्लेषार्थको प्रयोग बढी गरेका छन् । यसले गर्दा यसमा भानु शब्दले व्यक्ति र सूर्य दुबैको अर्थ प्रदान गरेको छ । अनुप्रास मिलनले लयात्मकता बन्न पुगेको कवितामा शब्दालङ्कार र अर्थालङ्कार दुबैको मिश्रित प्रयोग रहेको छ । जसरी सूर्यको प्रकाशले आकाश उज्यालो भएको छ त्यसैगरी भानुभक्तको उदयले पृथ्वी उज्यालो भएको कुरा कविले कवितामा वर्णन गरेका छन् । यस्ता उदाहरणलाई हेर्दा कविले भानुलाई सूर्यसँग तुलना गरेको भान हुन्छ, त्यसैले यस कवितामा उपमालङ्कारको पनि प्रयोग भएको छ ।

**च. भाषाशैली**

सामान्य जनजिब्रोमा बसिरहेका शब्दहरूको संयोजनबाट यो कविताको निर्माण भएको छ । कतै कतै व्यञ्जना र लक्षणाको भाव देखिए पनि पूर्णतः कविता अभिधा अर्थबाट टाढा गएको छैन । तुलनात्मक शैलीमा लेखिएको कविताको भाषाशैली पनि सामान्य नै रहेको छ ।

## ४.२.३ आषाढ

वर्षमा आउने बाह्रै महिनाको आ-आफ्नै महत्त्व रहेको हुन्छ । प्रकृतिमा आउने परिवर्तनलाई महिनाले आत्मसात गरिरहेको हुन्छ । त्यस्तै आषाढ मास पनि वर्षको तेस्रो महिना हो । ग्रीष्म ऋतुमा पर्ने भए पनि यस महिनामा वर्षाको आगमन भइसकेको हुन्छ । यसै महिनालाई नेपाली

जनजिब्रोमा असार पनि भन्ने गरिन्छ । यसै महिनाको महत्त्व र वातावरणलाई विषयवस्तु बनाई लेखिएको कविता हो आषाढ । कविले वि.सं. २०६० आषाढ २९का दिन रचना गरेका हुन् ।

### क. शीर्षक

समय र वातावरणको वर्णनलाई प्राथमिकता दिई लेखिएको उक्त कवितामा विशेष गरी असार महिनामा देखिने र गरिने क्रियाकलापलाई वर्णन गरिएको छ । वर्षाको आगमनसँगै किसानमा देखिने उत्साह र हतारलाई कविले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । असार महिनामा हुने र गरिने कुरालाई वर्णन गरिएको कविताको शीर्षक पनि आषाढ राख्नु औचित्यपूर्ण देखिन्छ ।

### ख. संरचना

बाह्य संरचनाका दृष्टिले लामो आयाममा पर्ने प्रस्तुत कवितामा १६ श्लोक र ६४ हरफ रहेको छ । आन्तरिक संरचनामा कविले असार महिनामा हुने वातवरणीय परिवर्तनलाई वर्णनात्मक शैलीले प्रस्तुत गरेका छन् । विभिन्न संस्कृति र परम्परालाई पनि कवितामा स्थान दिनुले कविको कवितामा आन्तरिक संरचना प्रबल देखिएको छ ।

### ग. भावविधान वा विषयवस्तु

कविले यस कवितामा वातावरणलाई प्रश्रय दिई असार महिनाको विशद वर्णन गरेका छन् । जेठ महिनाको चर्को घामबाट दिक्क बनेका जीव जगतलाई असारको वर्षाले जोश जाँगर थपेको र सुरिला गीतका भाकासँगै आ-आफ्ना पाखुरीलाई उन्नतिका पथमा रगड्न लागिपरेको कुरा कविले कवितामा प्रस्तुत गरेका छन् । मेघलाई दाता र धरणीलाई प्राप्तकर्ताको रूपमा वर्णन गर्ने क्रममा कविले विजुलीलाई, इन्द्रेनीलाई, मयूरलाई रमिता देखाउने पात्रको रूपमा वर्णन गरेका छन् । कविले जसरी काकाकुलले तिर्खा मेटेपछि आनन्दको अनुभूति गर्दछ त्यसै गरी रुख बोटविरुवाले पनि जलस्पर्शसँगै आनन्द अनुभूत गरेर नयाँ पालुवा हालेका हुन्छन् भनेर भनेका छन् । मानो रोपेर मुरिको अपेक्षासँगै खेतबारीमा भिडेका किसानहरूको पनि यस कवितामा मीठो वर्णन गरेका छन् कविले । त्यही वर्षाले कसै-कसैलाई भने दुःख र पीडा दिनुलाई व्यक्तिको दुर्दशा र कुदिनको संज्ञा यस कवितामा भनिएको छ । असार पन्ध्रको दहि चिउरा, चतुर्मासाको प्रसङ्ग, तुलसीरोपणजस्ता नेपालीहरूको संस्कृति, परम्परालाई पनि यस कवितामा कविले स्थान दिएका छन् । अन्त्यमा कविले भ्यागुतोको आवाजलाई विरक्तको संज्ञा दिँदै मङ्सिर महिनाको सुखद आगमनको कल्पनासँगै कविताको अन्त्य गरेका छन् ।

यसरी हेर्दा आषाढ कवितामा असार महिनामा गरिने र हुने सम्पूर्ण कुराहरूलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । विषयवस्तु सुहाउँदो भावभूमि पनि रहेकोले कविता राम्रो बन्न पुगेको छ ।

### घ. छन्द तथा लयविधान

प्रति चरणमा १७ अक्षर हुने मन्दाक्रान्ताको उचित संयोजन यस कवितामा गरिएको छ । विषयवस्तु सुहाउँदो छन्दको प्रयोगले कविता मार्मिक बन्न पुगेको छ । प्रायः सबै पङ्क्तिमा अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । तत्सम र नेपाली मौलिक शब्दहरूको प्रयोग यस कवितामा पाइन्छ । कविता पढ्दा एक किसिमको श्रुतिमधुरता आउने हुँदा लयविधानका हिसाबले यो कविता उत्कृष्ट रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा कविले मेघलाई दानीको संज्ञा दिएका छन् । जसरी दानी व्यक्तिले अरुको उपकारमा समय व्यतीत गर्दछ त्यसैगरी मेघले पनि घुमीघुमी सबैतिर जलको दान गर्दछ भनेर एउटा दृष्टान्त कविले पेश गरेका छन् । यहाँ बिजुलीलाई चपलाको संज्ञा दिँदै कविले चञ्चलताको प्रतीकको रूपमा वर्णन गरेका छन् । यस कवितामा पनि कतै कतै उपमालङ्कारको प्रयोग भएको छ भने धेरै स्थानमा शब्दालङ्कारको प्रयोग भएको पाइन्छ । कवितालाई गेयात्मक बनाउन चाहिने अनुप्रास आदिको प्रयोग  कविले यस कवितामा गरेका छन् ।

### च. भाषाशैली

प्रस्तुत आषाढ कवितामा व्यञ्जना र लक्षणा भन्दापनि अभिधा अर्थका भाषाशैलीको प्रयोग भएको छ । उच्चारणगत हिसाबले कठोर शब्दहरूको प्रयोग यस कवितामा पाईंदैन । तत्सम शब्दको प्रयोग भएकोले भाषाशैलीमा मधुरता थपिएको छ । नेपाली संस्कृति र परम्पराको वर्णनमा कविले ग्रामीण परिवेशका शब्दहरूलाई पनि यसमा समावेश गरेका छन् ।

### ४.२.४ महिमामयी धर्ती

महिमामयी धर्ती कविता यस कविता सङ्ग्रहको नामकरण गर्न सफल कविता हो । यस कवितामा कविले आफ्नो राष्ट्र र राष्ट्रियताप्रतिको धारणा प्रस्तुत गर्दै नेपाल भूमिलाई स्वर्गसँग तुलना गरेका छन् ।

#### क. शीर्षक

प्रस्तुत कवितामा वर्णित विषयहरूलाई हेर्दा शीर्षकले विषयवस्तुलाई प्रतिनिधित्व गरेको देखिन्छ । प्राकृतिक छटाले भरिपूर्ण नेपालदेशलाई यहाँ अवस्थित विभिन्न चिजहरूको आधारमा महत्त्व दिनुनै यस कविताको मुख्य उद्देश्य रहेको देखिन्छ । यसले गर्दा शीर्षक र वर्णित विषयको सामञ्जस्यता एक अर्कामा रहेको छ । त्यसैले यो कविताको शीर्षक सार्थक रहेको छ । यसै शीर्षकलाई आधार मानेर पुस्तकको नामकरण गर्नुले नै यो शीर्षक उपयुक्त भएको कुरा पुष्टि हुन्छ ।

#### ख. संरचना

'महिमामयी धर्ती' यस कवितासङ्ग्रहको चौथो कविता हो । यस कवितामा कविले नेपाल आमालाई महिमामयी धर्तीको रूपमा वर्णन गरेका छन् । २० पद्यमा संरचित प्रस्तुत कवितामा ८० हरफ रहेका छन् । आयामका हिसाबले यो कविता कवितासङ्ग्रहको लामो कविताअन्तर्गत पर्दछ । बाह्य संरचनाभन्दा पनि प्रस्तुत कवितामा आन्तरिक संरचना बलियो रहेको छ । पूर्व मेचीदेखि पश्चिम महकाली, तराईदेखि हिमालसम्मका प्रमुख भौगोलिक अवस्थाहरूको वर्णन गरिएको यस कवितामा कविले नेपाल भूमिलाई स्वर्गसँग तुलना गरेका छन् । दुबै संरचना पूर्ण सबल रहेको यस कविताद्वारा राष्ट्रप्रेमको भावना जगाउनमा कवि सफल देखिन्छन् ।

#### ग. भावविधान वा विषयवस्तु

विभिन्न राजनैतिक अस्थिरताले गर्दा उन्नतिको पथबाट विचलित हुनपुगेको राष्ट्रलाई प्रगतिपथमा लैजान आह्वान गर्दै लेखिएको यस कवितामा मेचीदेखि काली तथा चुरेदेखि तराई मधेश हुँदै हिमालसम्मका नेपालीहरूलाई उन्नतिपथमा लाग्न प्रेरित गरिएको छ । सबै नेपाली सक्षम हुँदाहुँदै पनि देशको यो अवस्था आउनमा योग्य नेतृत्वको खाँचो भएको कुरा कविले उल्लेख गरेका छन् । जसरी मौरीमा एकता हुन्छ त्यस्तै नेपालीमा पनि एकताको खाँचो भएको र

एकतामा बाँध्ने युगपुरुष देशले खोजिरहेको कुरा कविले प्रस्तुत कवितामा गरेका छन् । सबै मिलेर दश नङ्ग्रा खियाउने हो भने अवश्य पनि यो देश स्वर्गतुल्य हुन्छ, हाम्रा पूर्वजले आर्ज्याको यस देशलाई फेरि पनि हातमा हात मिलाई उन्नतिको पथमा बढाऔँ भन्ने कुरा कविताले भन्न खोजेको छ । यी हाम्रा हिमशिखरहरूले माथि-माथि उठ्न प्रेरित गरिरहेका छन् भनेर कवितामा वर्णन गरिएको छ । भौगोलिक विकटता भए पनि नौजवानको स्पर्श पहाडी भूमिले खोजेको र नौजवानको स्पर्शसँगै नौलो बिहानी आउनेमा कवि विश्वस्त देखिन्छन् । यही देशमा एसियाका सितारा गौतम बुद्धको जन्म भएको कुरालाई कविले कवितामा उठान गरेका छन् जो शान्तिका अग्रदूतका रूपमा विश्वप्रसिद्ध छन् । राजा जनक, याज्ञवल्क्य, अष्टावक्र, व्यास, वाल्मीकि, जैमिनी, गार्गी, मैत्रेयी जस्ता विद्वान् र विदूषीहरूको जन्मथलोकोरूपमा परिचित नेपाल देश संसारकै अद्वितीय भएको कुरालाई कसैले नकार्न नसक्नेमा कवि विश्वस्त छन् । त्रेतायुगमा राम र सीताको स्वयम्वर भएको भूमि जनकपुरनगरी हालसम्म पनि उत्तिकै महत्त्वपूर्ण रहेको, सप्तकोशी, कर्णाली, गण्डकी जस्ता पुराणमा वर्णित नदीहरूको संगम रहेको यो देश साँच्चै स्वर्गभन्दा कम छैन भनेर कविले वर्णन गरेका छन् । भौगोलिकरूपमा सानो भए पनि यहाँ संसारमा नभएका दिव्य छटाहरू रहेका छन् । पाशुपतक्षेत्र, मुक्तिक्षेत्र, वराहक्षेत्र, लुम्बिनी, देवघाटजस्ता पवित्र तीर्थस्थलले भरिपूर्ण हाम्रो देश नेपाल पुण्यधर्तीकोरूपमा परिचित छ । वातावरणीय हिसाबले पनि यो देश साँच्चै अनुपम रहेको छ । संसारमा नपाइने जीव-जनावरको वासस्थान रहेको यो देश साँच्चै नै महिमामयी रहेको छ ।

यी र यस्तै भावले भरिपूर्ण कविता महिमामयी धर्ती कविको राष्ट्र र राष्ट्रियताप्रतिको अगाध प्रेम झल्काउने कविता हो । सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा बाँध्ने प्रयास यो कविताले गरेको छ । हाम्रा पौरखी हातहरूलाई एकसाथ प्रयोग गर्ने हो भने दुनियाका कुनै पनि देशभन्दा नेपाल कमी हुने छैन भन्ने कविको उद्गार रहेको छ । विषयवस्तु र भावको संयोजन कवितामा राम्रो रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रत्येक हरफमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दमा संरचित यस कवितामा २० वटा पद्यहरू रहेका छन् । नेपाली जनमानसमा भिज्न सफल छन्द भएकाले यो कविता गायन योग्य छ । लयात्मक हिसाबले लेखिएको प्रस्तुत कविता सरस र सरल शब्दको संयोजनले अझ उत्कृष्ट

बन्न पुगेको छ । प्रत्येक हरफको अन्तिम शब्दमा श्रुतिसाम्यता देखिएकाले कविताको लयविधानमा कवि सफल देखिन्छन् ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

कुनै निश्चित विषयलाई लिएर लेखिएको फुटकर कवितामा साहित्यिक हिसाबले अलङ्कार र बिम्ब-प्रतीकको प्रयोग धेरै मात्रामा खोजेर पाउन सकिन्न । यस कवितामा पनि शब्दालङ्कारको प्रयोग अनुप्रासको रूपमा मात्र देखिएको छ । सामान्य शब्दालङ्कारको प्रयोग भएको एक पद्यलाई यसरी लिन सकिन्छ :

जैले माटासित दिलभरि प्रीतिको जुट्छ नाता
जैले पाखातिर कर बढी कोर्छ निर्माण गाथा ।
जैले जुट्छन् प्रगति पथमा लेक बेसी मधेश
तैले बन्ला अमरपुर झैँ शान्त सम्बुद्ध देश ॥

प्रस्तुत पद्यमा प्रत्येक हरफको सुरुमा आएका जैले र तैले, अन्तिममा आएको नाता, गाथा, मधेश र देश शब्दले अनुप्रास अलङ्कारको उदाहरण दिएको छ ।

**च. भाषाशैली**

नेपालको समग्र भूभागको वर्णन गरिएको प्रस्तुत कवितामा भावभूमि पनि सामान्य रहेको छ । यसैको आधारमा भाव सुहाउँदो भाषाशैली हुने भएकाले सामान्य जनबोलीको भाषाका माध्यमले कविता पूर्ण भएको छ । तत्सम शब्दको प्रचुर प्रयोग नेपाली साहित्यको विशेषता हो । यसैलाई आधार मानेर कविले कविता पूर्ण गरेका छन् । सामान्यतया प्रथमपुरुषीय शैलीको प्रयोग यस कवितामा पाउन सकिन्छ । लक्षणा र व्यञ्जनालाई टाढै राखेर कविले अभिधालाई नै प्रश्रय दिएकाले भाषाशैलीय हिसाबले कविता राम्रो रहेको छ ।

## ४.२.५ सबैतिरबाट रोएको नेपाल

'सबैतिरबाट रोएको नेपाल' तत्कालीन माओवादी द्वन्द्वको चपेटामा परेको नेपालको अवस्थालाई हेरेर कारुणिक शैलीमा आफ्नै दृष्टि वर्णन गरी लेखिएको कविता हो । कविले नेपाललाई नियाल्दा सबैतिर सबैचिज रोइरहेको नै देखेको कुरा कवितामार्फत प्रकट गरेका छन् । कविमन उद्वेलित

हुँदा लेखिएको प्रस्तुत कविताले तत्कालीन द्वन्द्वले क-कसलाई रुन बाध्य बनाएको थियो भन्ने प्रस्ट हुन्छ ।

### क. शीर्षक

प्रस्तुत कवितामा नेपालका बस्ती-बस्ती, डाँडा-पाखा, विभिन्न तीर्थस्थल, लेक-बेसी, आवास, विश्वास, चाडपर्व, नदीनाला, संस्कार आदि विभिन्न चिजहरूलाई कविले रोएर बसेको भनेर वर्णन गरेका छन् । कविका नजरमा नेपाल देशलाई सबैतिरबाट पीडाबोध भएर रोएको देखेको कुरा वर्णन गरिएकाले यो कविताको शीर्षक सबैतिरबाट रोएको नेपाल राखिनु सार्थक रहेको छ ।

### ख. संरचना

बाह्य संरचनाका हिसबाले ९ पद्यमा संरचित प्रस्तुत कवितामा ३६ हरफ रहेका छन् । फुटकर कविताको रूपमा मध्यमखालको आयाम यस कवितामा रहेको छ । विषयवस्तु र वर्णन शैलीका आधारमा कविता संरचित हुने हुँदा यो कविता पनि बाह्यभन्दा आन्तरिक संरचनामा बलियो देखिन्छ । तत्कालीन माओवादी युद्धको चपेटामा परेको देशले के-कति दुःख बेहोर्नु परेको थियो भन्ने कुराको वर्णन यस कवितामा गरिएको हुनाले कविले संरचना पक्षलाई पनि उत्तिकै महत्ता दिएको पाइन्छ ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कविले नेपाललाई साँचो अर्थमा नियाल्दा कुन कुन चिज कस्तो कस्तो रूपमा देखे भन्ने कुराको वर्णन गरेका छन् । यहाँ कविले नेपालका बस्ती-बस्तीमा रहेका युवतीका सिन्दूर पुछिएको कुरालाई मार्मिक ढङ्गले उठान गरेका छन् । उजाड भएका सिउँदो कवि नजरमा रोएको देखेको कुरा कविले वर्णन गरेका छन् । कति आमाका सन्तानको मृत्यु भएर काख रित्तिएको कुरालाई कविले मातृवात्सल्यलाई काखसँगै रोएको भनेर भनेका छन् । नेपाली दाजुभाइको विभत्स हत्यालाई देख्दा कवि दुःखी हुँदै तिनीहरूको बाँच्ने आस लाससँगै रोएका देखेका छन् । प्रकृतिमा रहेको स्वच्छ हावा पनि दुर्गन्धले गर्दा रोएको भान कविमा भएको छ । कति नवविवाहिता जोडीको सुहाग रोएको छ, कतिका जिन्दगी रोएको छ यस्ता विभत्स अवस्था देख्दा प्रकृति नै रोएको देखेका छन् कविले । प्रकृतिका डाँडा पाखा, खोला नाला, पोखरी, ताल, तीर्थस्थल, यज्ञ यागादि पनि रोएको कुरा कविले कवितामा वर्णन गरेका छन् । कति शिशुका पितृ वियोगसँगै तिनका आशा रोएका छन्, चाडबाडमा गाइने गीतका भाका रोएका छन् ।

दसैंको जमरा रोएको छ भने तिहारको सेल रोएको छ, बेसी विचलित भएर रोएको छ भने लेक तर्सिएर रोएको छ । कविले हिमालको हिउँ पनि रोएर आँसुको रूपमा पग्लिएको देखेका छन् । नदी नालाहरू पीडा सहन नसकेर निरन्तर रुँदै रुँदै तलतिर बगिरहेका छन् । यस देशमा शिक्षा, सत्मार्ग, संस्कार, आस्था, मैत्री, सत्य, कर्तव्य जस्ता चिजहरू पनि रोएर बसेका छन् । यस्तो अन्योलको स्थितिमा देशको भविष्य नै रोएको कुरा कविले लेखेका छन् । कविका काव्य रोएका छन्, बुद्धका शान्ति रोएको छ, देशको प्रेम रोएको कुरा कविले कविता मार्फत पाठकलाई भनेका छन् । यस्ता विषयवस्तुलाई लिएर लेखिएको कविताको भावभूमि पनि उत्तिकै सबल रहेको छ । विषयवस्तुलाई आधार मानेर भाव व्यक्त गरिन्छ । दुःख पीडालाई कारुणिक लयमा प्रस्तुत गरिएको कविता विषयवस्तु र भावविधानका हिसाबले उत्कृष्ट रहेको छ

**घ. छन्द तथा लयविधान**

प्रायः विषयवस्तुको आधारमा छन्दको चयन गर्ने गरिन्छ । यहाँ पनि दुःख पीडालाई देखेर कविको लेखनी कविता लेख्नलाई उद्यत भएको देखिन्छ, त्यसैले कारुणिक पक्षको विषयवस्तु प्रस्तुत गर्दा प्रत्येक पाउमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दको प्रयोग यस कवितामा भएको देखिन्छ । विषयवस्तुको चयन सँगसँगै छन्दको चयन पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । कविता पठन गरिसकेपछि पाठकका मनमा करुण भावना जागृत गराउन यो छन्द सफल रहेकाले यस कवितामा छन्दविधान सफल रहेको छ । मन्दाक्रान्ता छन्द आफैँमा गेयात्मक छन्द हो, त्यसैले लयात्मक यसको अपरिहार्य तत्त्व हो । यस कवितामा पनि कविले कवितालाई लयात्मकता प्रदान गरेका छन् । लयविधानका हिसाबले यो कविता सफल रहेको छ । उदाहरणका रूपमा एक पद्य :

बा-बा भन्दै विकल शिशुका गास आवास रोए  
नाना चाचा सहित तिनका आस विश्वास रोए ।  
भाका रोए वन चउरमा गाउँमा चाड रोए  
माला टीका अबिर जमरा सेल मिष्ठान्न रोए ॥

यस पद्यमा प्रत्येक हरफको अन्त्यमा आएको रोए शब्दले, पहिलो र दोस्रो हरफमा आएको गास र आस शब्दले, आवास र विश्वास शब्दले कवितालाई लयात्मक बनाएको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कविले विभिन्न प्रकृतिका नियमलाई पनि प्रतीकात्मकरूपमा वर्णन गरेका छन् । उनले नदी नाला, हिमाल, हावाको उदाहरण दिँदै सबैलाई तत्कालीन परिस्थितिले रुन बाध्य भएको कुरा प्रस्तुत गरेका छन् । यस कवितामा कविले प्रकृतिलाई निषेध गरेर आफ्नो दृष्टि वर्णन गरेका छन् । शब्दालङ्कार र अर्थालङ्कारको संयोजन यस कवितामा पाइन्छ । एक उदाहरण जसमा कविले प्रकृतिको नियमलाई निषेध गर्दै आफ्नो विचार प्रकट गरेका छन् ।

> बेसी रोयो विचलित हुँदै तर्सदै लेक रोयो
> सेता अग्ला हिम शिखरको पग्लँदै कान्ति रोयो ।
> मेची रोयो सहन नसकी कालिकाको पुकार
> रोए झुक्तै तल तल अझै भू-नदी बारबार ॥

कविले यस पद्यमा हिमालको हिउँ पग्लेको दृश्यलाई आँसुसँग, लेक र बेसीको दुरीअन्तरलाई वेदनासँग, नदीको गतिलाई विरहसँग तुलना गरेका छन् ।

### च. भाषाशैली

प्रस्तुत कवितामा कविले लक्षणा र व्यञ्जनालाई बढी प्रयोग गरेका छन् । कविताको शीर्षक नै लाक्षणिक अर्थमा लेखिएको छ । राष्ट्र त जीव होइन ऊ रुन सक्दैन तर कविले रोएको भनेर वर्णन गरेका छन् । सामान्य तत्सम शब्दको बाहुल्यता रहेको कवितामा भाषाशैली सरल र सरस रहेको छ । देशमा घटेको घटनाले गर्दा जीव जगत मात्र नभएर सम्पूर्ण धरा नै रोएको देखेका कविले भाषाशैली पनि विषयवस्तु सुहाउँदो गरेका छन् ।

## ४.२.६ पीडाले थिचिएको विश्वास

प्रस्तुत कविता समसामयिक विषयवस्तुमा आधारित भएर लेखिएको कविता हो । कुनै पनि मित्रले मित्रलाई गर्ने व्यवहारमा आएको परिवर्तनलाई कविले कविताका माध्यमबाट प्रस्तुत गरेका छन् । मित्रको व्यवहार कस्तो भएको छ ? र हुनपर्ने कस्तो हो भनी कविले कवितामार्फत भनेका छन् ।

### क. शीर्षक

समयको गतिशीलताले मानिसको व्यवहारमा पनि केही प्रभाव पार्दछ । यसैको फलस्वरूप आधुनिक समाजमा कर्तव्य र दायित्वबोधको पनि कमी भएको कुरा सबैले महसुश गर्न थालिएको छ । यसै सन्दर्भलाई जोड्दै कवि चालिसेले 'पीडाले थिचिएको विश्वास' शीर्षकको कविता रचना गरेका हुन् । यस कवितामा कविले क-कसले कस्तो-कस्तो अवस्थामा आएर विश्वासघात गर्दछन् भन्ने कुराको उदाहरण प्रस्टरूपमा दिएका छन् । यसरी हेर्दा कवितामा वर्णित विषय र शीर्षकको सामञ्जस्यता पनि मिलेको देखिन्छ । त्यसैले कविताको शीर्षक चयन सार्थक रहेको छ ।

### ख. संरचना

१६ पद्यमा संरचित प्रस्तुत कवितामा ६४ हरफ रहेका छन् । नैतिक शिक्षा दिने हिसाबले लेखिएको उक्त कवितामा कविले मित्रताको व्यवहारमा आएको परिवर्तनलाई परिभाषित गर्ने प्रयास गरेका छन् । आधुनिक समयमा मित्रको नाममा गरिने व्यवहारले साँच्चिकै मित्रको स्थान गुमेको र यस्ता विश्वासघाती मित्रले कहिले पनि मित्रको भलो नचाहने हुनाले सचेत हुन आग्रह गरिएको कवितामा विषयवस्तुको गाम्भीर्यतालाई मध्यनजर गर्दै कविले कविताको आन्तरिक संरचना पनि मजबुत तुल्याएका छन् ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कविले विषयवस्तुको रूपमा विश्वासघाती मित्रको व्यवहारलाई चयन गरेका छन् । आफ्नो स्वार्थ अनुकूल वातावरणमा मित्रको व्यवहार देखाउने र पछि शत्रुताको भाव प्रकट गर्ने मित्रको व्यवहारलाई कविताका माध्यमबाट उजागर कविले गरेका छन् । त्यस्तो व्यवहार देखाउँदा कस्ता कस्ता कुरामा के के संकट आइपर्छ भनेर विभिन्न उदाहरण दिँदै कविता पूरा गरिएको छ । जसरी विषयवासनामा रम्दा विभिन्न जीवहरूको अप्रत्याशित मृत्यु हुन्छ त्यसै गरी मित्रको मित्रता चिन्न नसकी मख्ख पर्दा दुःख पाउने कुरामा कवि सचेत देखिन्छन् । उनले कवितामा स्वार्थी मित्रले गरेको व्यवहारलाई क्रमशः प्रस्तुत गरेका छन् । पहिला मीठा भाषण गर्नेले पछि भीषण स्वार्थी भावना प्रकट गरेको, पहिला एउटै आत्मा हौँ भनेर भन्नेले पछि ब्वाँसाको व्यवहार गरेको, उपकारको वहानामा अपकार गरेको, जुकाको व्यवहार देखाएको, युधिष्ठिरको भेषमा शकुनीको अवतरण भएको, जस्ता विभिन्न उदाहरण दिँदै कविले असत्

मित्रको व्यवहारले विश्वासलाई पीडाले थिचेको भनी भनेका छन् । मुखमा राम राम बगलीमा छुरा भन्ने नेपाली उखानलाई चरितार्थ गर्ने मित्रले सधैँ दुःख मात्र दिन्छ भन्ने कुराको शिक्षा कविले दिएका छन् । कविले यस्ता प्रवृत्तिका मानिसलाई सुध्रनको लागि विभिन्न शिक्षा पनि कवितामा दिएका छन् । विषकुम्भम् पयो मुखम् भन्ने संस्कृतको उक्तिलाई परित्याग गर्न कविले भनेका छन् । जसरी मध्याह्न पूर्व र पछिको छायामा भिन्नता हुन्छ त्यसैगरी सत् र असत् मित्रमा भिन्नता हुन्छ । मध्याह्न पूर्वको छाया निरन्तर क्षयोन्मुखी हुन्छ भने पछिको छाया वृद्धयुन्मुख हुन्छ । मित्रता पनि क्षयोन्मुख भन्दा वृद्धयुन्मुख नै उचित हुन्छ भन्ने सबैको मत रहेको छ । यस्ता खराब प्रवृत्तिलाई छोडेर असल प्रवृत्तिमा प्रवृत्त हुन कविले भनेका छन् । यस्ता कुराहरूलाई कविताको माध्यमद्वारा प्रस्तुत गरिएको यस कवितामा भावपक्ष उत्तिकै सबल रहेको छ । विषयवस्तु र भावको उचित संयोजनले गर्दा कविता पठनीय बनेको छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । १६ पद्यमा विस्तार भएको कवितामा जम्मा ६४ हरफ रहेको छ । गेयात्मक छन्दको प्रयोगले कविता लयात्मक बन्न पुगेको छ । श्रवणयोग्य शब्दको संयोजन, अन्त्यानुप्रासको उचित प्रयोगले कवितामा मधुरता थपिएको छ । यस्ता यस्ता कुराहरूलाई मध्यनजर गर्दै लेखिएको कविता छन्द प्रयोग र लयविधानमा सफल रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कविले खराब मित्रलाई ब्वाँसोको प्रतीकको रूपमा व्याख्या गरेका छन् । यो संसार यहीँ छोडेर जाने हो तसर्थ क्षणिक जीवनलाई परोपकारजन्य कुरामा भुल्याउनुपर्दछ भन्ने भावना कवितामा रहेको छ । सामान्य शब्दालङ्कारको प्रयोग कवितामा प्रचुर प्रयोग भएको छ । कवितालाई गायनमा ढाल्नको लागि अपरिहार्य तत्व भनेकै अन्त्यानुप्रास हो । यस कवितामा त्यो कुराको कमी अलिकति पनि भएको छैन । त्यसैले यस कवितामा अलङ्कार प्रयोगमा कवि सफल रहेका छन् । उदाहरणका रूपमा एक पद्य यसरी प्रस्तुत गरिन्छ ।

> यो विद्या सब छाडिद्यौ मतलबी ब्वाँसो नबन्ने गर
> साराको मनभित्र बस्तछ सदा साक्षी उही ईश्वर ।
> लाँदैनौ परलोक दौलत सबै छाडेर जाने न हो

साँच्चै सद्व्यवहार सत्य पथ नै स्वर्गीय आनन्द हो ॥

यस पद्यमा सामान्य शब्दको प्रयोग गरिएको भए पनि कविता अर्थपूर्ण बन्न पुगेको छ । यहाँ कविले मतलबी मान्छेलाई ब्वाँसोसँग तुलना गरेर दृष्टान्त अलङ्कारको संयोजन गरेका छन् ।

**च. भाषाशैली**

अमुक मित्रले मित्रतालाई नै कलङ्कित हुने गरी गरेको व्यवहारलाई कवितामा प्रस्तुत गरिएको छ । सामान्यभन्दा पनि सामान्य भाषाको प्रयोग यस कवितामा पाउन सकिन्छ । तत्सम शब्दको बाहुल्यता रहेको कवितामा मौलिक नेपाली शब्दको पनि कतै कतै प्रयोग भेटिन्छ । विश्वासमाथि भएको विश्वासघातको प्रसङ्ग उठाइएको कवितामा विषयवस्तुका हिसाबले भाषाशैली सामान्य रहेको छ । सरस, सरल शब्दहरूको प्रयोगले गर्दा सामान्य पाठकले पनि बोध गर्न सकिने कविताको निर्माण भएको छ ।

## ४.२.७ मोतीको सम्झनामा

नेपाली साहित्यका अग्रणी व्यक्तित्व युवाकवि मोतीराम भट्टको सम्झनामा लेखिएको कविता हो मोतीको सम्झनामा । प्रत्येक वर्ष भाद्रकृष्ण औंशीमा मनाइने मोतीजयन्तीको अवसरमा साहित्यकार चालिसेले पनि आफ्नो कलमलाई चलाएको देखिन्छ ।

**क. शीर्षक**

मोतीराम भट्टलाई मोतीकै रूपमा वर्णन गरेको प्रस्तुत कवितामा नेपाली साहित्यलाई जनजनमा पुऱ्याउन अथक प्रयास गर्ने व्यक्ति र आदिकविलाई आदिकविको रूपमा उपस्थित गराउने व्यक्तिको रूपमा पनि मोतीलाई सम्झना गरिएको छ । शृङ्गारिक धाराका प्रवर्तक कवि मोतीलाई चालिसेले नेपाली साहित्यको एक शिल्पकारको संज्ञा दिएका छन् । यसरी हेर्दा मोतीको गुणगान र कार्यको स्मरणमा यो कविता पूर्ण भएकोले कविताको शीर्षक मोतीको सम्झनामा उचित र सार्थक रहेको छ ।

**ख. संरचना**

प्रस्तुत कविता युवाकवि मोतीरामको सम्झनामा उनले गरेका कार्यहरूलाई सम्झदैं लेखिएको कविता हो । आयामका हिसाबले वाह्य संरचना मध्यम खालको रहेको छ । ९ श्लोकमा संरचित कवितामा जम्मा ३६ हरफ रहेको छ । फुटकर कविताको रूपमा लेखिएको कवितामा कविले

गरेका कार्यहरूको स्मरण कलात्मक पाराले गरिएको छ । छोटो समयमा जुनकिरी झैं झुल्किएर नेपाली साहित्यको उत्थानमा लागेका कविको कार्यहरूको विस्तृत विवरण दिन कविता सफल रहेको छ । यस कारण गहन विषयलाई सरल र सरस पाराले प्रस्तुत गरिएको कविताको आन्तरिक संरचना पनि सबल देखिन्छ ।

## ग. भावविधान वा विषयवस्तु

चालिसेले यस कवितामा मूल विषयको रूपमा युवाकवि मोतीराम भट्टले नेपाली साहित्यलाई दिएको योगदानलाई उठाएका छन् । नेपाली साहित्यको वाटिकामा फक्रन सफल कवि मोतीलाई कोकिलको संज्ञा चालिसेले दिएका छन् । जसरी कोकिलले सुरिलो गलाका माध्यमले अरुको ध्यान खिच्न सक्छ त्यसै गरी मोतीले पनि आफ्नो अद्‌भूत प्रतिभाको माध्यमले नेपाली साहित्यप्रेमीहरूको ध्यान खिचेको कुरालाई यस कवितामा वर्णन गरिएको छ । संस्कृत साहित्यभित्र लुकेर रहेको शृङ्गारिकतालाई नेपाली साहित्यमा प्रस्तुत गरी सम्पूर्ण पाठकको मन जित्न सफल व्यक्तित्वको रूपमा मोतीलाई स्मरण गरिएको छ । नेपाली साहित्यको चौतारी बनाउन हरहमेशा लागिपर्ने मोतीलाई आदिकविको रचनालाई नेपाली जनजनमा लेराउने व्यक्तिको रूपमा वर्णन गरिएको छ । जुन कार्यले आजसम्म पनि निरन्तर नेपाली भाषीका माझ रामायण काव्य मुटुको ढुकढुकी भएर रहेको छ । नेपाली साहित्यलाई समय सापेक्ष परिवर्तन र परिमार्जन गर्नुपर्छ भन्ने मान्यता राख्ने मोतीलाई चालिसेले नेपाली साहित्यको रथीका रूपमा प्रस्तुत गरेका छन् । औसीको रात्रीमा जन्म भए पनि पूर्णिमाको जस्तो पूर्णकलाले सम्पन्न चन्द्रबिम्बको संज्ञा मोतीले पाएका छन् । उनको अथक प्रयासले नै नेपाली साहित्य आज यहाँसम्म आएको कुरालाई कसैले नकार्न सक्दैन । उनले शिलान्यास गरेको साहित्यको चौतारीमा हालसम्म पनि निरन्तर एक एक इँटाहरू थपिँदै गएको छ । यसै गरी सत्प्रयास भइरहने हो भने कुनै समयमा नेपाली साहित्यको सानो घर विश्व अटाउने हुन सक्छ भनी चालिसेले अपेक्षा रहेको छ ।

मोतीको कार्यहरूको प्रशंशा गर्दै लेखिएको प्रस्तुत कवितामा विषयवस्तुको प्रस्तुती कलात्मक देखिएको छ । उनको कर्मलाई वर्णन गर्ने क्रममा कविले साहित्यको अनिवार्य तत्त्व भावलाई कतै पनि कमी हुन दिएका छैनन्, त्यसैले यस कवितामा विषयवस्तु र भावपक्षको संयोजन उचित रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक पाउमा १९ अक्षरको संयोजन हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । गायनको लागि लोकप्रिय मानिने छन्दमा रचिएको हुनाले यो कविता गेयात्मक बन्न पुगेको छ । छन्दमा लेखिनासाथ लयात्मक हुनु कविताको मौलिक गुण हो । यो कवितामा पनि तत्सम शब्दको प्रयोग र अन्त्यानुप्रासको संयोजन कलात्मक ढङ्गबाट भएको छ । यसले गर्दा कविता लयात्मक छ । एक उदाहरणको रूपमा निम्न पद्यलाई लिन सकिन्छ :

नेपाली जनका करोड मुटुको प्राणै भए तापनि
ढुङ्गासम्म रसाउने हृदयको सङ्गीत बोले पनि ।
हाम्रा भानु कतै थिए समयको अज्ञात छायामुनि
देखायौ प्रतिभा प्रभात रविको आलोक सञ्जीवनी ॥

यस श्लोकको प्रत्येक हरफको अन्त्यमा रहेको तापनि, पनि, छायामुनि, सञ्जीवनी जस्ता शब्दको प्रयोगले कविता लयात्मक बनेको छ । त्यसैले छन्द र लयका हिसाबले प्रस्तुत कविता सफल रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कविले आदिकवि भानुभक्तलाई साँच्चिकै भानु अर्थात् सूर्य र मोतीराम भट्टलाई साँच्चिकै मोतीसँग तुलना गरेका छन् । त्यसैगरी औशीलाई अन्धकार शशीलाई उज्यालोको रूपमा प्रस्तुत गरेका छन् । रामायणलाई रसायनाऽमृतको संज्ञा दिएका छन् । यस्ता उदाहरणको संयोजन भएको कवितामा शब्दालङ्कार र अर्थालङ्कार दुबैको उचित प्रयोग भएको छ । अन्त्यानुप्रासलाई संयोजन नगरी कविता कविताको रूपमा प्राप्त हुन सक्दैन । अन्त्यानुप्रास नै एक अलङ्कारको भेद भएकोले कवितामा अलङ्कारको प्रयोग सन्दर्भ अनुसार भएको देखिन्छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै अर्थका भाषाशैलीको प्रयोग गरिएको छ । तत्सम शब्दको प्रयोग धेरै भएको छ भने नेपाली मौलिक शब्दको प्रयोग पनि सन्दर्भ अनुसार भएको देखिन्छ । सरल शब्दको चयनमा चालिसे रमाउनुले पनि कविता बोधगम्य बन्न पुगेको छ । पाठकले सजिलैसँग उक्त कविताको भाव बुझ्न सक्ने देखिन्छ । सरल र सरस शब्दले भरिएको कविताको भाषाशैली मौलिक र बोधगम्य रहेको छ ।

### ४.२.८. कहाली लाग्दो अन्त्य

माओवादी द्वन्द्वकालमा विभिन्न घटनाहरू भएका थिए । ती मध्ये अत्यन्त ठुलो घटना हो चितवनको बाँदरमुढे घटना जुन वि.सं. २०६२ जेष्ठ २३ गते घटाइएको थियो । उक्त घटनामा भएका घाइते र दिवङ्गत आत्माहरूको चित्कार र पीडालाई कविले कविताका माध्यमबाट उजागर गर्ने क्रममा लेखिएको कविता हो कहाली लाग्दो अन्त्य । यस कवितामा कविले त्यो दिन घटेको घटनापछिको दृश्यलाई वर्णन गरेका छन् ।

#### क. शीर्षक

प्रस्तुत कवितामा बाँदरमुढे घटनालाई कविले सुरुमै मानवता विरोधी घटना भएको कुराको उल्लेख गरेका छन् । घाइते र आफन्तजनको चित्कारलाई कारुणिक ढङ्गबाट प्रस्तुत गरिएको कवितामा अकल्पनीय र असोचनीय दृश्यको वर्णन कविले गरेका छन् । कविताको पठनमा त यतिको दृश्य मनमा झल्किन्छ भने साँच्चिकै दृश्य कस्तो थियो होला भन्ने भाव जो कोही पाठकको मनमा उब्जिहाल्छ । यस्ता दृश्यको वर्णन गरिएको कविताको शीर्षक पनि कविले जुराएरै राखेका छन् । यसकारण विषयवस्तु र वर्णन गरिएको दृश्यलाई शीर्षकले प्रतिनिधित्व गरेको कुरामा दुइमत हुन सक्दैन ।

#### ख. संरचना

फुटकर कविताको मध्यमवर्गमा पर्ने प्रस्तुत कविता १३ श्लोकमा संरचित छ । जम्मा ५२ हरफमा फैलिएको कवितामा दुर्घटनामा जीवन गुमाउने र घाइते भएका व्यक्ति र परिवारको चित्कारलाई प्रस्तुत गरिएको छ । घटना अमानवीय भएको कुराको उल्लेख गर्दै घटना घटाउने वर्गलाई पनि मानव इतर भनेर भनिएको छ । पीडा र दुःखलाई विषयवस्तु बनाएर लेखिएको कविताको आन्तरिक संरचना पनि सुदृढ रहेको छ ।

#### ग. भावविधान वा विषयवस्तु

२०४६ सालको परिवर्तनसँगै नेपालमा सुखको दिनको कल्पना गरेको समाजलाई २०५२ को माओवादी द्वन्द्वको सुरुवातले तहस नहस बनायो । सरकार र विद्रोही पक्षकै रूपमा निकै समय द्वन्द्व चर्कियो । यसमा कतिका लालाबाला गुमे, कतिका सिन्दुर पुछियो, कतिले बाबा आमा गुमाए । यसै क्रममा २०६२ साल जेठ २३ गते द्वन्द्वकालकै सबभन्दा ठुलो र आततायी घटना

विद्रोही पक्षले चितवनको माडी स्थित बाँदरमुढेमा घटाए । जुन घटनामा विनाकसुर धेरै सर्वसाधारणको ज्यान गएको थियो । निहत्था सर्वसाधारणको ज्यान जाने गरी भएको घटनालाई विषयवस्तु बनाएर कवि, गीतकारहरूले रचना रचेका छन् । त्यस्तै एक हो प्रस्तुत कविता । खर्कट्टाबाट पारितिर जानलागेको वस बाँदरमुढेमा एम्बुसमा परी दुर्घटना भएको थियो । ग्रामिणभेगको वस भएको हुनाले यात्रुहरू खचाखच थिए । दुर्घटनामा वस नै क्षतविक्षत हुनपुगेकोले यात्रुहरूको त कुरै भएन । सवार यात्रुमध्ये आधा जतिको इहलिला समाप्त क्षणमै भएको थियो । कतिका हात थिएनन्, कतिका खुट्टा थिएनन्, कतिले पानी पानी भनिरहेका थिए, शवहरू पनि चिन्नै नसकिने अवस्थामा क्षतविक्षत थियो । दुधे बालकदेखि वृद्धवृद्धाको सवार भएको वसमा दुर्घटनापछिको दृश्य हेर्नैनसक्ने खालको रहेको कुरा कविले कवितामा वर्णन गरेका छन् । आफन्त जनको चित्कार, रोदनको दृश्य त झन् कविले कारुणिक शैलीमा प्रस्तुत गरेका छन् ।

अन्त्यमा कविले निहत्था जनताको ज्यान जाने गरी घटाइएको घटनाको स्वार्थ के हो ? तिनीहरूको दोष के थियो ? भनेर प्रश्न गरेका छन् । घटना पछि योजनाकारले माफी मागेको घटनालाई कविले गोहीको आँसुको संज्ञा दिएका छन् । मृत्युलाई जीवनमा परिणत गर्न नसक्नेले यस्तो खेल नहुने कुरामा कविले जोड दिएका छन् । यस्ता किसिमका घटना अक्षम्य हुने र प्रायश्चित्त पनि गर्न नसकिने भएकाले सजग हुनुपर्नेमा कविले सल्लाह दिएका छन् । विषयवस्तुको गाम्भीर्यतालाई मध्यनजर गर्दै कविले कवितामा भावभूमिको संयोजन राम्रोसँग गरेका छन् । साँच्चै नै यस कवितामा विषयवस्तु र भावविधानको संयोजन उचित रहेको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । जम्मा १३ श्लोकमा संरचित प्रस्तुत कवितामा ५२ हरफ रहेको छ । सङ्गीतमा पनि प्रयोग गर्न मिल्ने छन्दको प्रयोगले कविता लयात्मक बनेको छ । कारुणिक दृश्यको वर्णन गरिएको कविता पढ्दा र सुन्दा पनि जो कोहीको मनलाई उद्वेलित बनाउन सफल रहेको छ । शब्दचयन र संयोजनमा कविको कवित्व शिल्पी निकै नै सह्रानीय रहेकोले कविता छन्दविधान र लयविधानमा उत्कृष्ट रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कारुणिक दृश्यको वर्णन गरिएकोले साहित्यिक बिम्ब र प्रतीकको संयोजन त्यति भएको पाइँदैन भने अलङ्कारको प्रयोगमा पनि कवि केवल कवितालाई लयात्मक प्रदान गर्न अन्त्यानुप्रासको मात्र संयोजन गर्न उद्यत देखिन्छन् ।

### च. भाषाशैली

प्रस्तुत कवितामा अभिधा अर्थको मात्र प्रयोग भएको छ । आततायीहरूले घटाएको घटनाको यथार्थ वर्णन कवितामा गरिएकाले सरल वाक्यको मात्र प्रयोग कवितामा पाइन्छ । चित्कार र पीडालाई वर्णन गर्ने क्रममा अनुकरणात्मक शब्दको प्रयोग यस कवितामा भएको छ । शब्द सरल र सरस छन् भने कविले कारुणिक शैली रोजेका छन् ।

## ४.२.९ नवज्योति

समयले चक्र पूरा गर्दा प्रति वर्ष आउने नयाँ वर्षको अवसरमा प्रकाशित हुन थालेको पत्रिका नवज्योतिलाई शुभकामना दिने शिलशिलामा कविले नवज्योति कविताको रचना गरेका हुन् । नयाँ वर्षलाई नवज्योतिको संज्ञा दिँदै कविले कवितामार्फत उत्साह र उमङ्गको अपेक्षा गरेका छन् ।

### क. शीर्षक

नववर्षको नयाँ बिहानीलाई नवज्योतिको संज्ञा दिँदै लेखिएको कवितामा कविले नयाँवर्षसँगै प्रकाशित हुनथालेको नवज्योति पत्रिकासँग धेरै आस गरेका छन् । यसकारण कवितामा वर्णित विषयवस्तुलाई शीर्षकले प्रतिनिधित्व गरेको छ । पत्रिकालाई शुभकामना दिने सन्दर्भमा पत्रिकाकै नाम उल्लेख गरेर शीर्षक राखिएकाले शीर्षक सार्थक रहेको छ ।

### ख. संरचना

नवज्योति कविता फुटकर कविताको लघुरूपमा पर्ने खालको कविता हो । जम्मा ३ श्लोकमा संरचित कवितामा जम्मा १२ हरफ रहेका छन् । वाह्य संरचनामा लघु कायाको भए पनि विषयवस्तु र प्रस्तुतिका हिसाबले यस कविताको आन्तरिक संरचना भने प्रबल रहेको देखिन्छ ।

### ग. भावविधान वा विषयवस्तु

नयाँ वर्षको शुभकामना दिँदै लेखिएको कवितामा कविले विभिन्न कुराहरूको अपेक्षा गरेका छन् । नयाँ वर्षले सबैमा हर्षैहर्ष प्रदान गरोस्, नयाँ-नयाँ पालुवामा नयाँ नयाँ कान्ति छाओस्, चेतनाको वृद्धि होस्, सानो ठुलोमा भेदभाव हटोस्, देशमा देखिएको अस्तव्यस्तता हटेर जाओस्, मित्रताको हात अघि बढून्, देशको दुःख हराएर जाओस्, देशवासी सुखी होऊन्, सबैमा त्रास र शङ्का हटेर विश्वासको भाव आओस् जस्ता इच्छा र चाहनाहरूलाई समावेश गरी लेखिएको कविता विषयवस्तुका हिसाबले ओजपूर्ण रहेको छ । सम्पूर्ण देशवासीको भलो होस् भन्ने भावना कवितामा समेटिएको छ । सानो आकारको कविता भए पनि कविको राष्ट्रप्रेमको ज्योति यस कवितामा जग्मगाएको छ । शुभकामना दिँदै विभिन्न इच्छाभाव प्रकट गरिएको प्रस्तुत कविता विषयवस्तु र भावविधानका हिसाबले उत्कृष्ट रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक चरणमा चार ओटा यगणले युक्त हुने भुजङ्गप्रयात छन्दमा रचिएको छ । यसमा प्रतिचरण १२ अक्षर रहेको हुन्छ । जम्मा ३ श्लोक र १२ हरफ रहेको कविता आयामका हिसाबले छोटो देखिए पनि विषयवस्तुका हिसाबले गम्भीर छ । प्राय अलिक कम प्रयोग हुने छन्द भए पनि गायनका हिसाबले कविता गेयात्मक रहेको छ । थोरै अक्षरको संयोजनमा पनि शब्दचयनलाई विशेष ख्याल गरी रचिएको प्रस्तुत कविताको लयविधानमा कवि सचेत देखिन्छन् ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा कविले नवज्योति पत्रिकालाई शुभकामना दिँदै नवज्योतिले चेतनाको दियालो जगाउन सकोस्, ज्ञानको धारा बगाउन सफल होस् जस्ता विचार प्रकट गरेका छन् । अन्त्यानुप्रासलाई निरन्तरता दिँदै लेखिएको कवितामा अर्थालङ्कारको दाँजोमा शब्दालङ्कारकै प्रयोग बढी भएको पाइन्छ ।

### च. भाषाशैली

जम्मा ३ श्लोकमा संरचित प्रस्तुत कवितामा सामान्य भाषाशैलीको प्रयोग भएको छ । कवितामा सामान्यार्थ लाग्ने शब्द र वाक्यको संयोजन पाइन्छ । सामान्य पाठकले पनि कविताको भाव र अर्थलाई बुझिहाल्ने खालको शैली प्रयोग भएको कविता इच्छार्थक भावमा लेखिएको छ ।

राष्ट्रप्रेमलाई कविले उच्च प्राथमिकतामा राखेका हुनाले यस कविताको भाषाशैली सरल र सरस रहेको छ ।

### ४.२.१० सङ्क्रमण

सङ्क्रमण कविता वि.सं. २०६२/६३मा नेपालमा लोकतन्त्र प्राप्तीको लागि भएको दोस्रो जनआन्दोलनको सेरोफेरोमा रहेर लेखिएको हो । सम्पूर्ण नेपालीले आफ्नो अधिकार रक्षाका लागि १९ दिने लामो आन्दोलन गरेका थिए । त्यसैको फलस्वरूप नेपालमा राजतन्त्रको अन्त्य भई गणतन्त्रको सुरुवात भएको हो । कवि चालिसेले त्यसवेलाको अवस्थाको स्मरण गर्दै उक्त घटनालाई साहित्यमा उतार्ने प्रयत्न गरेका छन् ।

#### क. शीर्षक

प्रस्तुत कवितामा जनआन्दोलनको यथार्थ चित्रण गरिएको छ । एक अवस्थाबाट अर्को अवस्थामा जान खोज्ने अवस्थालाई सङ्क्रमण भनिन्छ । यसर्थमा कविताको शीर्षक पनि सङ्क्रमण राखिनुले विषयवस्तुसँग शीर्षकको सामञ्जस्यता देखिन्छ ।

#### ख. संरचना

प्रस्तुत कविता जम्मा १० श्लोक अर्थात् ४० हरफमा संरचित छ । आयामका हिसाबले यस कविता कवितासङ्ग्रहको मध्यम कोटिमा पर्दछ । तत्कालीन अवस्थामा नेपालीले आफ्नो अधिकार प्राप्त गर्न राज्यपक्षसँग लामो सङ्घर्ष गर्नुपरेको थियो । त्यसै घटनालाई कविले यथार्थरूपमा कवितामा लेखेका छन् । पूर्व मेचीदेखि पश्चिममा महाकालीसम्म, हिमालदेखि तराईसम्मका भूभागमा नेपालीले उठाएको आवाज यस कवितामा पाउन सकिन्छ । यसकारण यस कविताको आन्तरिक संरचना पनि सुदृढ रहेको छ ।

#### ग. भावविधान वा विषयवस्तु

प्रजातन्त्रको प्राप्ती पश्चात् पनि देशमा देखिएको आपसी द्वन्द्वका कारण नेपाली जनताले धेरै दुःख पाइरहेका थिए । यसै अवस्थामा वि.सं. २०५८ जेठ १९ मा घटेको हृदय विदारक राजदरवार हत्या काण्डले झनै पीडा देशवासीलाई झनै पीडा थप्यो । तत्पश्चात राजगद्दी सम्हाल्न पुगेका राजा ज्ञानेन्द्रले देशमा विकसित घटनालाई वास्ता नगरी एक पछि अर्को गर्दै शासन सत्ता हत्याउन उद्यत हुँदै गए । यसै क्रममा राजाको व्यवहारले वाक्क बनेका राजनीतिक

दल र तत्कालीन अवस्थाका विद्रोही माओवादीको १२ बुँदे दिल्ली सम्झौताले निम्त्याएको दोस्रो जनआन्दोलन २०६२/६३ को दृश्यलाई कविले यस कविताको विषयवस्तु बनाएका छन् । राजाको क्रुर शासनको अन्यायले पीडित सम्पूर्ण नेपालीमा भित्रभित्रै रहेको गुम्सिएर रहेको सुदीप्त अग्नि एक्कासी विस्फोट हुँदा देशको सम्पूर्ण भूभाग आन्दोलनमय बन्न पुगेको थियो । सुख र समृद्धिको लागि क्रान्तिको आवश्यकता महशुस गरी सम्पूर्ण देशवासी आन्दोलनमा होमिएका थिए । राज्यपक्षको दमनका बाबजुद पनि आन्दोलन निरन्तर अघि बढिरहेको अवस्थामा कतिले सहादत प्राप्त गरे, कति घाइते भए भने कति वन्दी बन्न पुगे । रत्तिभर राज्यको दमनलाई वास्ता नगरी अघि बढ्दा राज्यपक्ष घुँडा टेक्न बाध्य भएको थियो । त्यसपछि नेपालीले शान्तिको आशा गर्दै सम्पूर्ण नेपालको समृद्धिको सपना देखेका कुरालाई कविले कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् ।  विषयवस्तुलाई मध्यनजर गर्दै कविले ओजपूर्ण शब्दको चयनका साथ कविता रचना गरेका छन् । सम्पूर्ण देश नै रणभूमि जस्तो बनेको अवस्थाको वर्णन कवितामा गरिएकोले कविताको भावपक्ष पनि विषयवस्तु सुहाउँदो नै रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कवितामा २ ओटा छन्दको प्रयोग भएको छ । पहिलो ४ पद्यमा प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ भने पछिको ६ पद्यमा प्रत्येक चरणमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दको प्रयोग भएको छ । दुबै छन्द गेयात्मक हुन् । यसैले कविता लयात्मक शैलीमा रचना भएको छ । कवितामा शब्द संयोजनले पनि लयविधानमा ठुलो भूमिका खेलेको हुन्छ । यस कवितामा शब्दसंयोजन राम्रो र मीठासपूर्ण भएकोले कविता लयविधानका दृष्टिले सबल रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

आन्दोलनको विषयलाई लिएर रचिएको कवितामा साहित्यको अलङ्कारको संयोजन त्यति पाइँदैन । कविले आन्दोलनको स्वरूपलाई आँधिबेरीसँग तुलना गरेकाले दृष्टान्त अलङ्कारको आभास कतै कतै पाउन सकिन्छ । फुटकर कविता र विषयवस्तु पनि त्यस्तै खालको भएकोले यस कविता बिम्ब-प्रतीक तथा अलङ्कार विधानका दृष्टिले सामान्य नै रहेको छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा अभिधा अर्थको भाषाको प्रयोग बढी भएको छ । घटनाको यथार्थ वर्णन हो यो कविता कवि कल्पना होइन । त्यसैले यसमा सामान्य अर्थ लाग्ने भाषाको प्रयोग भएको छ । आन्दोलनको वर्णन भएकोले कतै कतै वीररसको र कतै-कतै विभत्सरसको प्रयोग कवितामा पाइन्छ । यसका अतिरिक्त यहाँ प्रयोग भएका भाषा सरस र सरल रहेको छ ।

## ४.२.११ आँसुको उद्गार

पीडा र दुःख नितान्त व्यक्तिगत हुन्छ, जुन जसलाई पर्छ उसैले भोग्नुपर्दछ भन्ने कुरालाई प्रकट गर्दै लेखिएको कविता हो आँसुको उद्गार । आफन्त र इष्टमित्र स्वार्थी हुन्छन् सुखी हुँदा अघि पछि लाग्छन् तर दुःखी हुँदा टढा टाढा जान्छन् भन्ने कुरालाई कविले कवितामा भनेका छन् ।

### क. शीर्षक

प्रस्तुत कवितामा कुनै समयको कविको आफ्नो पीडा कविताको रूपमा प्रस्फुटन भएको हुनाले यो कवितामा व्यक्तिगत पीडा, दुःख, व्यथा आदिको वर्णन पाइन्छ । विषयवस्तुको भाव अनुसार कवितामा कविले आफ्नो भावना प्रकट गर्दा कविता नै विरहयुक्त बन्न पुगेको छ । त्यसैले कविले शीर्षक 'आँसुको उद्गार' राखेका छन् । वर्णित विषय र शैलीलाई हेर्दा शीर्षक उपयुक्त देखिन्छ ।

### ख. संरचना

प्रस्तुत कविता चार श्लोकमा संरचित भएको छ । फुटकर कविताको कोटिमा पर्न सफल कवितामा जम्मा सोह्र हरफ रहेको छ । बाह्य संरचनाका हिसाबले प्रस्तुत कविता कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये मध्यमखालको कविता हो । यस कविताको विषयवस्तु पीडादायक रहेको छ । यसैले यस कवितामा कविले करुण रसको संयोजन गरी आन्तरिक संरचना पनि सुदृढ बनाएका छन् ।

### ग. भावविधान वा विषयवस्तु

मानव शरीर अन्न र पानीको भरमा बाँचेको हुन्छ । बाह्य वा आन्तरिक कुनै पक्षमा पनि केही कमी कमजोरी भयो भने शरीर अस्वस्थ बन्न पुग्दछ । पञ्चतत्त्वको हाम्रो शरीर आवश्यकीय

तत्वको तलमाथि हुँदा क्षणभरमै पञ्चतत्वमै विलिन हुन पुग्दछ भने कहिले काहिँ विलिन हुने अवस्थामा पुगेर पनि फिर्ता हुनपुग्दछ । यस्तै अवस्थालाई कविले यस कवितामा विषयवस्तु बनाएका छन् । अस्वस्थ भई ओछ्यान पर्दा मनमा कस्ता किसिमका तरङ्गहरू उठ्दछन् भन्ने कुराको ज्वलन्त उदाहरण हो । आफ्नो शरीर आफैंलाई बोझ हुने अवस्थामा पुग्दा रुग्ण व्यक्तिले कस्ता-कस्ता पीडाहरू भोग्नुपर्दछ, आफन्तजनले के गर्दछन्, मनमा कस्ता विचारहरूले अड्डा जमाउँछन् भन्ने कुराको सरस वर्णन कवितामा गरिएको छ ।

'बलेको आगो जो पनि ताप्दछन् निभेकोलाई वास्ता गर्दैनन्' यो शाश्वत सत्य हो । क्षणभङ्गुर शरीर पनि स्वस्थ रहँदासम्म सबैको प्यारो हुन्छ तर अस्वस्थ हुन थालेपछि साथीभाई घर-परिवारबाट टाढा-टाढा हुनथाल्दछ । त्यतिखेर एक्लै एकान्तमा बसेर रुनु शिवाय केही उपाय हुँदैन । रोए पनि त्यसको क्रन्दन सुन्ने कोही हुँदैन भन्ने कविताको भाव रहेको छ । यस कवितामा विषयवस्तु र भावविधानको संयोजन कविले राम्रोसँग गरेका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । जसमा ४ श्लोक र १६ हरफ रहेको छ । प्रत्येक हरफको अन्तिममा स्वरसाम्य हुने शब्दको प्रयोगले कविता गेयात्मक बन्न पुगेको छ ।

उठ्ने आँटसमेत कत्ति नहुँदा एक्लै लडेको थिएँ
रोगग्रस्त हुँदा असह्य दुःख वा पीडा सहेको थिएँ ।
सारा ज्यान गलेर झन् थरथरी कामीरहेको थिएँ
चिम्ली नेत्र विचार शून्य मनले निस्तव्ध बन्दै थिएँ ॥

प्रस्तुत श्लोकको प्रत्येक हरफको अन्तिमको शब्द थिएँ रहेको छ । स्वरसाम्य हुँदामात्र पनि लयात्मक बन्न पुग्ने कविताको गुण हुन्छ तर यहाँ त शब्द नै दोहोरिएको छ । त्यसैले यो कविता लयविधानका हिसाबले उत्कृष्ट रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कविता विरामीको पीडा हो । विरामीले भोग्नुपर्ने पीडाको यथार्थलाई कविले कवितामा प्रकट गरेकोले अलङ्कारले कुनै स्थान पाएको छैन । सामान्यार्थमा लेखिएको साहित्यमा बिम्ब-

प्रतीक, अलङ्कारजस्ता विषयको संयोजन नहुन पनि सक्छ । त्यसैले यो कवितामा सामान्य शब्दालङ्कारका अतिरिक्त अन्य अलङ्कारको संयोजन पाइँदैन ।

### च. भाषाशैली

पीडा र व्यथालाई प्रकट गर्दा जन्मेको कवितामा भाषाशैली पनि सामान्य रहेको छ । करुण रसको परिपाक भएको कवितामा अभिधा अर्थकै शैलीको प्रयोग गरिएको छ । प्रथमपुरुष शैलीलाई कविले कवितामा स्थान दिएका छन् । म पात्रले भोगेको पीडा र व्यथा यस कवितामा वर्णन गरिएको छ । सामान्य जीवनशैली भएको विरामीको व्यथा पोखिएको प्रस्तुत कवितामा भाषाशैली पनि सामान्य नै रहेको छ ।

## ४.२.१२ शरद्

पृथ्वीको कक्षभ्रमणका प्रभावले वातावरणमा परिवर्तन आउँछ । त्यसैलाई हामी ऋतुपरिवर्तन भन्दछौं । हामी वस्ने स्थानमा वातावरणीय हिसाबले ६ ओटा परिवर्तन एक वर्षमा देखापर्दछ । यस कारण नेपालमा वर्षमा ६ ओटा ऋतुहरू आउँदछन् । प्रत्येक २/२ महिनामा ऋतुपरिवर्तन हुने गर्दछ । वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर गरी जम्मा ६ ओटा ऋतुहरू निरन्तर आइरहेका हुन्छन् । यीनै ६ ऋतुमध्ये शरद ऋतुको वर्णन गर्दै कविले यो कविता रचेका छन् ।

### क. शीर्षक

यस कवितामा शरद् ऋतुमा देखिने मनोरम दृश्यको चित्रण गरिएको छ । यस हिसाबले यस कवितामा वर्णित विषय र शीर्षकको सामञ्जस्यता रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता जम्मा ३ श्लोकमा संरचित छ । आयामका हिसाबले यो कविता फुटकर कविताको पनि लघु कविता अन्तर्गत पर्दछ । जम्मा १२ हरफ यस कविताको विस्तृति रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

साहित्यमा ऋतुवर्णन परम्परा संस्कृत साहित्यका आदिकवि वाल्मीकिदेखि निरन्तर चल्दै आएको छ । यस परम्परालाई महाकवि व्यास, कालीदासले पनि अँगालेको देखिन्छ । वर्षमा आउने ६

ऋतुमध्ये मनोरम दृश्यका हिसाबले वसन्त र शरद ऋतुको स्थान उच्च रहेको हुन्छ । त्यसैले कविले शरद ऋतुलाई यहाँ उठाएका छन् । चौथो क्रममा आउने शरद ऋतुमा देखिने वातावरणीय परिवर्तन नै यस कविताको विषयवस्तु रहेको छ । वर्षा ऋतुमा जस्तो भेल बाढी, हिलो, पैरो जस्ता समस्या यस ऋतुमा देखापर्दैनन् । वातावरण सफा र स्वच्छ हुन्छ, न जाडोले दुःख दिन्छ न गर्मीले सताउँछ, चन्द्रको कान्तिले गर्दा जो कोहीको पनि मन प्रफुल्ल बन्न पुग्दछ । राजादेखि रङ्कसम्म सबैमा हर्ष उल्लास छाउँछ । हिन्दु धर्मावलम्बीहरूको महान चाड दसैं, तिहार पनि यसै ऋतुमा पर्दछन् जसले गर्दा घरपरिवारबाट टाढा टाढा रहेका जनजनको भेटघाट हुन्छ । सयपत्री, मखमली, गोदावरी, शरद्कालीन कमल पनि यसै समयमा फूल्छन् । खेतबारीमा अन्न झुलिरहेका हुन्छन् । नेपाली संस्कृति अनुसार देउसी भैलो जस्ता गीत सङ्गीत पनि यसै समयमा घन्कन्छन् । त्यसैले शरद ऋतु एक अलौकिक समय हो भनेर कविले कवितामा वर्णन गरेका छन् । नेपाली जनसमुदायमा देखापर्ने सांस्कृतिक दृश्यलाई कविले यस कवितामा मनोरम भावका साथ प्रस्तुत गरेका छन् । यस कविता लेखनमा कवि शिरोमणि लेखनाथको प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रति हरफ १२ अक्षर हुने पञ्चचामर छन्दमा रचिएको छ । यस कवितासङ्ग्रहमा प्रयुक्त छन्दहरूमध्ये यो अलिक कम प्रयोग भएको छन्द हो । अन्त्यानुप्रासलाई प्राथमिकता दिँदै लेखिएको कविता लयात्मक रहेको छ । लयात्मक भएकोले यो गेयात्मक पनि छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा शरद्कालीन समयको वर्णन गरिएको छ । शरद्कालीन चन्द्रमाको कान्तिको वर्णन कविले अत्यन्तै महत्त्वका साथ गरेका छन् । चन्द्रमाको कान्तिलाई कविले अमृतसँग तुलना गरेका छन् भने विभिन्न रङ्विरङ्का फूलहरूको दृश्यलाई कविले विस्तारामा ओछ्याउने तन्नासँग तुलना गरेका छन् । यसरी हेर्दा कविले दृष्टान्त र उपमा अलङ्कारको संयोजन कवितामा गरेको देखिन्छ ।

> यता घाँस कालीन तन्ना फिँजारी
> भयो "स्वागतम्" फूलबुट्टा सिँगारी ।
> उता अन्न बाली झुली खेत बारी

बनेको छ ज्यादै मनो मोहकारी ॥

यस पद्यमा सम्पूर्ण पृथ्वीलाई तन्नासँग तुलना गरिएको छ भने नरम-नरम घाँसलाई मखमलको कपडासँग दाँजिएको छ । सम्पूर्ण पाक्न थालेको अन्नबालीको झुकावटलाई स्वागतको रूपमा प्रस्तुत गरिएकोले यहाँ उपमा अलङ्कारको संयोजन रहेको छ ।

**च. भाषाशैली**

प्रस्तुत कवितामा कविले अभिधा र लक्षणा अर्थको भाषाशैलीको प्रयोग गरेका छन् । शरद्कालीन वातावरणमा देखिने मनोरम दृश्यको वर्णन यथार्थरूपमा गर्नुले सामान्य भाषाशैलीको प्रयोगलाई कविले रोजेको देखिन्छ । सामान्यार्थ हुँदाहुँदै पनि आलङ्कारिक भाषा कतै कतै देखिन्छ ।

शरद् मोहिनीले सफा चन्द्रमाको
खन्याई दिँदैछे घडा नै सुधाको ।
महाराज हुन् वा कि वा हुन् भिखारी
सबैमा समानै पुगेको छ भारी ॥

यस पद्यमा चन्द्रमाको चन्द्रिकालाई अमृतसँग तुलना गर्दै उक्त अमृत सबैमा सिञ्चित भएको कुराको वर्णन गरिएको छ । प्रकृतिको लागि राजादेखि रङ्कसम्म समान हुन्छ । त्यसैले सबैमा समान व्यवहार गर्दछ, उसको लागि उँच-नीच, सानो-ठुलो, धनी-गरिब भन्ने हुँदैन भन्ने कुराको उदाहरण कविले यस पद्यमा दिएका छन् ।

## ४.२.१३ मेरो उद्देश्य

राजनीतिक अकर्मण्यताप्रति व्यङ्ग्यको झटारोको रूपमा यस कविताको रचना भएको छ । खास गरी मुलुक र जनताको हित विपरीत केवल सत्ताप्राप्तिको दुरभिलाषामा डुवेको नेतृत्ववर्गप्रति यो व्यङ्ग्य लक्षित छ ।

**क. शीर्षक**

२०४६ सालको व्यवस्था परिवर्तन पछि पनि देशमा धेरै असन्तुष्टीहरू देखापरे फलस्वरूप २०६२/६३ को जनआन्दोलन जन्म्यो । यो आन्दोलनले देशमा गणतन्त्रको स्थापना भयो । तर पनि देशमा सुशासन र प्रगतिको लक्षण देखा नपरेकोमा कवि चिन्तित देखिन्छन् । नेतृत्वको चरम स्वार्थले गर्दा देश गहिरो खाडलमा जाकिदै गएको कुरालाई कविले यहाँ उठाएका छन् ।

नेतृत्व वर्गको व्यवहार नै यस्तै भएकोले यो व्यवहारलाई कविले उनीहरूको उद्देश्य भनेर शीर्षक चयन गरेका छन् । यो शीर्षक लाक्षणिक हो । त्यसैले शीर्षकले कवितालाई प्रतिनिधित्व गरेको छ भन्नुमा अत्युक्ति नहोला ।

## ख. संरचना

प्रस्तुत मेरो उद्देश्य कविता ३ श्लोकमा संरचित छ । जम्मा १२ हरफमा सीमित भएको कविताको भाव भने वडो गम्भीर रहेको छ । सत्तालिप्सामा अडेको नेपालका राजनीतिक नेतृत्वको प्रमुख उद्देश्य भनेको नै ऐस, आराम र राज्यको दोहन भएको कुरा यस कवितामा वर्णन गरिएको छ । त्यसैले यस कविताको आन्तरिक संरचना पनि भावअनुसार सबल रहेको छ ।

## ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कविले राजतन्त्रात्मक व्यवस्थाले गर्दा देश विकास हुन नसकेको भनेर गणतन्त्रात्मक व्यवस्था ल्याउने नेताहरू नै विभिन्न भोग विलासमा अल्झेको, व्यवस्था परिवर्तनसँगै नेपालीका मनमा पलाएको सुनौला सपनाका लहरलाई नेतृत्व वर्गले लत्याएको र जसरी पनि आफ्नै हित हुने कुरामा नेतृत्व वर्ग लागेको कुरालाई कविले राम्रो व्यङ्ग्य गरेका छन् । नेतृत्व वर्गमा राष्ट्रियता हराएको, सत्ता मोहले गर्दा सत्ता प्राप्ति नै मूल उद्देश्य रहेको, राष्ट्रिय ढुकुटी वैयक्तिक बनाउन उद्यत रहेको, सत्ता टिकाउनको लागि देशलाई आन्दोलनको भुमरिमा फसाएको, देश र देशवासीलाई तिरष्कार गरेको जस्ता आरोप कविले नेतृत्ववर्गमा लगाएका छन् । नेतृत्ववर्गको मुख्य उद्देश्य नै जसरी हुन्छ सत्तामा पुगेर देशलाई कङ्गाल बनाउने रहेको छ भनेर कविले यस कवितामा भनेका छन् । कविको यस व्यङ्ग्यले नेतृत्ववर्गमा केही सुधार देखापर्छकि भनी कवि आशावादी रहेका छन् । यस हिसाबले कविताको भावपक्ष अझ प्रबल रहेको छ ।

## घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक पाउमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको कविता हो । जसमा ३ श्लोक रहेको छ । गायनमा धेरै नै रुचाइएको छन्द भएकोले प्रस्तुत कविता पनि गेयात्मक छ । श्रुतिसाम्य वर्ण र शब्दको प्रयोगले कवितामा झन भङ्कार पैदा भएको छ, जुन

पढ्दा वा सुन्दा मात्र पनि आनन्द आउँछ । अन्त्यानुप्रासको संयोजनले कविता लयात्मक बन्न पुगेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा अलङ्कारभन्दा पनि व्यङ्ग्यात्मकता देखाउन कवि उद्यत देखिन्छन् । अहिले देशको उच्च ओहदामा पुगेका राजनैतिक व्यक्तित्वले गरेका र देखाएका कर्मलाई कविले व्यङ्ग्य गरेका छन् । उनीहरूको उद्देश्य नै जसरी पनि उच्च ओहोदामा पुग्ने देशको ढुकुटिलाई प्रयोग गरी रजाइँ गर्ने रहेको कुरा कविले यस कवितामा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । त्यसैले यो कविता अलङ्कार प्रयोगका हिसाबले भन्दा पनि व्यङ्ग्यात्मक हिसाबले सफल रहेको छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा कविले आफ्ना मनमा लागेका कुराहरूलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेकाले यसको भाषाशैली पनि लाक्षणिक रहेको छ । नेतृत्ववर्गको आचरणबाट वाक्क बनेका नेपाली जनताको प्रतिनिधिपात्रको रूपमा कवि देखा परेका छन् । उनले राष्ट्रप्रेमलाई केन्द्रीय तत्त्वमा राखेर राष्ट्र र राष्ट्रियताको पक्षमा काम गर्न झक्झकाउने सोचले कविताको रचना गरेका छन् । सम्पूर्ण नेपालीको चाहना समृद्ध नेपाल भएकोले यसको लागि नेतृत्ववर्ग सुधिनुपर्नेमा कविले जोड दिएका छन् । सामान्यार्थको भाषाशैली प्रयोग नगरेर कविले युस कवितामा लक्षणा र व्यञ्जनाशैलीको प्रयोग गरेका छन् ।

## ४.२.१४ जिन्दगीलाई नियाल्दा

यस कवितासङ्ग्रहको चौधौँ क्रममा रहेको कविता हो 'जिन्दगीलाई नियाल्दा' शीर्षकको कविता । कविले आफूलाई पात्र बनाएर सम्पूर्ण मानवजीवनको मानवीय प्रवृत्तिको यथार्थ चित्रण यस कवितामा गरेका छन् । यो कविता साहित्यिक रचना मात्र नभई सम्पूर्ण मानवजातिको यथार्थ हो ।

### क. शीर्षक

प्रस्तुत कवितामा कविले मानव जीवनको निषेक अवस्थादेखि मृत्युसम्मका कुरालाई प्रश्नका माध्यमले के हो त भनेर खोजी गरेका छन् । सम्पूर्ण मानव समाज के को खोजीमा लागिरहेको

छ र के प्राप्त गरेको छ भन्ने कुराको कविले यस कवितामा गरेका छन् । खोजी पश्चात कवि कुनै निश्चित शाश्वत चिन्तनमा पुगेका छन् । मानव जीवन ईश्वरीय देन भएको र यो जीवनले उसैको निरन्तर खोजी गरिरहनु पर्नेमा कवि पुगेका छन् । त्यसैले कविले यस कविताको शीर्षक 'जिन्दगीलाई नियाल्दा' राखेका छन् । यो कवितामा वर्णित विषयवस्तुलाई हेर्दा सार्थक देखिन्छ ।

### ख. संरचना

प्रस्तुत कविता २४ श्लोकमा संरचित छ । जम्मा ९६ हरफमा लेखिएको कविता कवितासङ्ग्रको लामो कवितामा पर्ने एक कविता हो । आयामका हिसाबले यो कवितालाई फुटकर कविता भनेर नामकरण गर्नु न्यायोचित हुँदैन । तर पनि कविले फुटकर कविताकै कोटिमा प्रस्तुत गरेकाले हामी पाठकले यसलाई फुटकर कविताकै रूपमा स्वीकार्न वाध्य छौँ । कवितामा जीवन के हो ? यसको गति के हो ? भन्ने जस्ता कुराहरूको खोजी गरिएको छ । यसैले यस्ता गहन विषयलाई कविले कविताका माध्यमबाट प्रष्ट्याउन खोजेकाले यो कविताको बाह्यभन्दा पनि आन्तरिक संरचना अझ प्रौढ देखिन्छ ।

### ग. भावविधान वा विषयवस्तु

हामी हिन्दुदर्शनका अनुयायी पूर्वजन्म र पुनर्जन्ममा विश्वास राख्दछौं । परोपकारलाई धर्म ठान्दछौं भने अपकारलाई पाप ठान्दछौं । आस्तिक दर्शनमा विश्वास राख्ने हामी आफ्नो जीवन यस जन्म र पुनर्जन्ममा कसरी सुखी हुन्छ भनेर रातोदिन चिन्तित रहन्छौं । आफ्नो पूर्वजन्मको कर्म अनुसार अहिले सुख या दुःख पाउने हाम्रो विश्वास रहिआएको छ । अपूर्व मानवजीवन पाएर पनि आफूलाई नचिन्दा फेरी पनि दुःख पाइन्छ कि भन्ने हामीमा चिन्ता छ । यसैलाई कविले कवितामार्फत स्मरण गरेका छन् । के हो त मानव जीवन भन्ने प्रश्नको उत्तर कविले युस कवितामा खोजेका छन् । मानव जीवनलाई उच्चकोटिको योनिमा गनेको छ हाम्रो पौरस्त्य दर्शन र शास्त्रले । तैपनि यो जीवन विना उपलब्धि खेर जानलागेकोमा कविको चिन्ता छ । यो नश्वर शरीर क्षणभङ्गुर छ । पानीको फोकाजस्तो क्षणिक शरीरमाथि हाम्रो यत्रो मोह किन भनेर कविले प्रश्न गरेका छन् । सत्य जस्तो लाग्ने तर यथार्थमा झुट हो हाम्रो शरीर भन्नेमा कवि दृढविश्वस्त छन् ।

यो मानवजीवन लाखौंको चक्कर पछिमात्र प्राप्त गरे पनि हामी सत् वस्तुको खोजीमा नलागी मायाको वशमा परेर त्यसै रुमल्लिएका छौं । हाम्रो पञ्चतत्त्वको शरीर पञ्चतन्मात्रामा अडिएको

छ र इन्द्रियजन्य सुखको भोगले त्यसै नाश हुन्छ । गर्भावस्थाको पीडा, बाल्यकालको चञ्चलता, यौवनावस्थाको घमन्डता, वृद्धावस्थाको असहजता हामी भोगेपनि थाहानपाए झैं गर्दछौं । हाम्रा इन्द्रिय त सधैं आ-आफ्नो गुण अनुसार त्यही त्यही वस्तुको पछाडि लाग्दछन् तर त्यसले हामीलाई नै नाश गर्दछ भन्ने कुरामा कवि निश्चित छन् । आँखाले नवीन दृश्यको चाहना गर्नु उसको धर्म हो, कानले प्रिय वाणी सुन्न खोज्नु, नाकले सुगन्ध खोज्नु, जिब्रोले मीठो खोज्नु यो सबै उनीहरूको धर्म हो । त्यसलाई टाढा पन्छाएर शाश्वत वस्तुको खोजी गर्न तत्पर हुनु मानवको कर्तव्य हो । यो जीवनमा स्थायी वस्तु केही छैन । पञ्चतत्त्वको हाम्रो शरीरको अन्त्य पनि पञ्चतत्त्वमा नै हुन्छ । हामीले त अप्रकटित शक्तिलाई प्रकट गरी जीवन सुधार्नेतिर लाग्नुपर्दछ ।

जसरी सारा नदी नालाहरू समुन्द्रोन्मुख हुन्छन् त्यसैगरी हामी पनि ईश्वरोन्मुख हुनुपर्दछ । काम, क्रोध, लोभ, मोह, मद, माश्चर्यजस्ता शत्रुबाट शरीरलाई टाढा राख्न योग ध्यानको आवश्यकता पर्दछ । हाम्रो शरीर नै नवद्वारको दरबार हो जसमा ईश्वरको वास हुन्छ । अन्तर्मुखी भएर त्यो शाश्वत चिजको खोजी गऱ्यो भने अवश्य नै एकदिन ब्रह्मतत्त्वसँक साक्षात्कार भईहाल्छ । सच्चिदानन्दको खोजी नै मानवजीवनको कर्तव्य हो । यस्तै यस्तै विषयवस्तुलाई लिएर यो कविताको रचना कविले गरेका छन् । विषयवस्तु र भावतत्त्वको संयोजन यस कवितामा राम्रो रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता पनि प्रत्येक पाउमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । आफ्नै जीवनको यथार्थको खोजी नै यस कविताको उद्देश्य रहेको छ । यस्ता कठीन विषयलाई रचनाका माध्यमले प्रस्तुत गर्नु त्यति सहज कुरा होइन । अझ छन्दमा त झन सम्भव हुँदैन । तर पनि कविले यस्ता कुरालाई वेवास्ता गरी कवितालाई छन्दमा मात्र नभई लयमा समेत प्रस्तुत गरेका छन् । श्रुतिसाम्य शब्दको प्रयोगले कवितालाई लयात्मक बनाउँदछ । यस कविताम यसको प्रयोग उचित मात्रामा कविले गरेका छन् । यथार्थमा भन्नुपर्दा यो कविता लयात्मक र रसात्मक छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कविले जीवनलाई धेरै कुरासँग दाँजेका छन् । जसरी पानीको फोका क्षणिक हुन्छ त्यसैगरी जीवन पनि क्षणिक छ भन्ने कुराको वर्णन यस कवितामा गरिएको छ । यौवनलाई खहरेसँग दाँजेका छन् भने जीवनलाई विद्युतसँग तुलना गरेका छन् जुन क्षणिक हुन्छ ।

नौढोके घरभित्र दिव्य भरिलो बाली सधैँ दीपक
भित्रै ढुक्क बसी त्यहीँ अटल भै आफैँ बनी दर्शक ।
सारा द्वार ढपक्क बन्द न गरेँ हावा नछिर्ने गरी
आफैँभित्र विराजमान भगवान् भेटेँ न केही गरी ॥

यस पद्यमा कविले शरीरलाई दरवार र जीवलाई दीपकसँग तुलना गरी प्रकृत अर्थलाई निषेध गरेका छन् । त्यस स्थानमा आफ्नो अर्थ स्थापना गरेकाले अपन्हुति अलङ्कार भएको छ ।

### च. भाषाशैली

मानव जीवनको शाश्वत चिन्तनको खोजी गरिएको कवितामा कविले सामान्य भाषाशैलीको प्रयोग गरेका छन् । वेदान्त दर्शनको चर्चा गरिएकाले यहाँ संस्कृतका वेदान्तपरक अर्थ दिने शब्दहरूको प्रयोग देखिन्छ । कतै कतै लाक्षणिक अर्थका भाषाशैलीको पनि प्रयोग यस कवितामा पाइन्छ । नेपाली उक्तिलाई पनि कविले जस्ताको तस्तै प्रयोग गरेका छन् यस कवितामा ।

आगो सल्किसकेसि हाय घरमा कूवा खनी हुन्छ के ?

जीवनको गर्भावस्थादेखि मृत्युपर्यन्तको खोजी गर्ने क्रममा यहाँ अनुकरणात्मक शब्दको प्रयोग केही मात्रामा भएको छ । तर पनि सामान्य पाठकले पनि सहजसित बुझ्ने खालको भाषाशैलीको प्रयोग गर्नु कविको विशेषता हुन पुगेको छ । इन्द्रियको स्वभाव वर्णन गर्ने क्रममा सरल भाषाको प्रयोग यस पद्यमा कविले गरेका छन् ।

आँखा सुन्दर दृश्य खोज्छ, रसमा लोभिन्छ जिब्रो पनि
मीठो गान-बजान सुन्न बहुतै तानिन्छ कानै पनि ।
सुँघ्नै खोज्छ अझै सुवास मधुरो यो नासिकाले पनि
सारा इन्द्रिय भाग्दछन् विषयमा अत्यन्त लोभी बनी ॥

यस पद्यमा कविले हाम्रो इन्द्रीयले चाहना गर्ने कुरालाई मनमोहक तरिकाले प्रस्तुत गरी सामान्य भाषाशैलीको प्रयोगमा पनि विशेष अर्थ प्रदान गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् ।

## ४.२.१५ होली

हिन्दुहरूको मुख्य पर्वको रूपमा रहेको होली पर्वको सांस्कृतिक विशेषता र महत्त्वको वर्णन गर्दै पौराणिक मिथकको सहायताले मनका विकार हटाउनुपर्ने प्रतीकात्मक सन्देश दिँदै लेखिएको कविता हो होली कविता ।

### क. शीर्षक

यस कवितामा, जसरी होली रङ्गीन हुन्छ त्यसरी नै हाम्रो जीवनमा पनि यो पर्वले रङ्गीन संसार प्रदान गरोस् भन्ने चाहना कविको रहेको छ । पौराणिक मिथकको प्रसङ्गलाई लिएर लेखिएको होली कविताको बाह्य संरचना भन्दा पनि आन्तरिक संरचना बलियो रहेको छ । होलीमा गरिने क्रियाकलाप र होलीसँग जोडिएका पौराणिक कथाको प्रसङ्गलाई उल्लेख गरिएको कविताको शीर्षक होली राखिनु औचित्यपूर्ण रहेको छ ।

### ख. संरचना

'होली' कविता फुटकर कविताको कोटिमा पर्न सफल कविता हो । यसमा जम्मा ३ श्लोक रहेको छ । ३ श्लोकमा गरी जम्मा १२ हरफमा विस्तार भएको कवितामा कविले हिन्दुधर्मावलम्बीहरूको होली चाडको वर्णन गरेका छन् । कवितामार्फत हिन्दु संस्कृतिको वर्णन गरिएकोले कविताको आन्तरिक संरचना पनि उत्तिकै बलियो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कविता प्रत्येक वर्ष मनाइने होली पर्वको सन्दर्भमा लेखिएको कविता हो । रङ्हरूको पर्वको रूपमा परिचित होली पर्वले एक आपसको द्वेष भाव, शत्रु भावको नाश होस् मन मगजमा स्थायी भएर बसेको कलुषित भावना हराएर जाओस्, एक आपसमा मित्रताको अङ्कुर अङ्कुरित होस्, फुटेर होइन जुटेर उन्नतिको पथमा लम्कौं भन्ने भावना जागृत गराओस् भन्ने भावना कविको रहेको छ । पौराणिक कथन अनुसार प्रह्लादको रक्षाको लागि नृसिंहावतारको जसरी प्रकट भएको थियो त्यसरी नै हामीभित्र रहेको दुर्विचार मार्नको लागि सुविचारलाई जागा

गराऔं । जसरी द्वापरयुगमा कृष्णले ग्वालबालसँग होली खेलेका थिए त्यसै गरी हृदयमा सप्तरङ्गीको छाप बस्ने गरी प्रेममय होली खेलौं भन्ने भाव कविताको रहेको छ ।

**घ. छन्द तथा लयविधान**

प्रत्येक पाउमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दको प्रयोग यस कविताम गरिएको छ । यो छन्द गेयात्मक हुन्छ र छ पनि । अन्त्यानुप्रासलाई प्रश्रय दिई लेखिएको कविता लयात्मक पनि रहेको छ । प्रत्येक हरफको अन्त्यमा उस्तै उस्तै शब्दको प्रयोग गरिएकोले यो कविता लयात्मक बन्न पुगेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा पौराणिक मिथकको प्रयोग गरिएको छ । यहाँ दम्भको प्रतीकको रूपमा दैत्येन्द्र अर्थात् हिरण्यकशिपुलाई र दुर्विचारको रूपमा होलिकालाई प्रस्तुत गरिएको छ भने, द्वापर युगमा कृष्णले खेलेको होलीलाई दृष्टान्तको रूपमा प्रस्तुत गरिएको छ । यसरी हेर्दा यो पक्षमा पनि कविता सबल रहेको छ ।

**च. भाषाशैली**

प्रस्तुत कवितामा कविले सामान्य जनबोलीको भाषा प्रयोग गरेका छन् । सामान्य भाषाको प्रयोग गर्दागर्दै पनि कविले पौराणिक मिथकको उदाहरण दिँदै लाक्षणिकरूपमा पर्वको प्रशंसा गरेकाले यहाँ लाक्षणिक अर्थको भाषाको पनि प्रयोग पाइन्छ ।

## ४.२.१६ धन्य यो देवघाट

नेपालको पवित्रभूमि मानिने देवघाटधाम त्रिशूली र कृष्णागण्डकी नदीको सङ्गमस्थलमा अवस्थित छ । भौगोलिकरूपमा गण्डकी अञ्चलको तनहुँ जिल्लामा यसको अवस्थिति रहेको छ । त्रिवेणी संगमको रूपमा चिनिने देवघाटधाम नेपालकै प्रमुख तीर्थस्थल हो । जहाँ सेती, काली गण्डकी र त्रिशूली नदीको संगम रहेको छ । यसै स्थानलाई वर्णन गर्दै लेखिएको कविता हो 'धन्य यो देवघाट' ।

### क. शीर्षक

प्रस्तुत कवितामा देवभूमि देवघाटको वर्णन गरिएको छ । देवघाट नेपालको मध्यभागमा पर्ने सकल हिन्दुहरूको आस्थाको केन्द्रबिन्दु हो । विभिन्न पुराणहरूमा यस तीर्थस्थलको महिमा वर्णन गरिएको छ ।  यस कवितामा कवि चालिसेले पौराणिक प्रसङ्गलाई जोडेर आधुनिक दृश्यको वर्णन गरेका छन् । देवघाटको महिमा वर्णन नै यस कविताको केन्द्रीय विषय हो । सम्पूर्ण कवितामा नै देवघाटको वर्णन गरिएकाले यस कविताको शीर्षक 'धन्य यो देवघाट' राखिनु सार्थक नै देखिन्छ ।

### ख. संरचना

प्रस्तुत कविता १५ श्लोकमा संरचित रहेको छ । जम्मा ६० हरफमा विस्तारित भएको कविता बाह्य संरचनाका हिसाबले कवितासङ्ग्रहको लामो कवितामा पर्न सफल कविता हो । पौरस्त्य दर्शनका मानकका रूपमा रहेका विभिन्न पुराणमा वर्णित भूमि देवघाटको वर्णन यस कवितामा गरिएको छ । यस्ता गहन विषयलाई सरलतामा प्रस्तुत गरिएको कविताको बाह्यभन्दा पनि आन्तरिक संरचना बलियो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कवि चालिसेले देवघाटधामको वर्णन स्वकीय शब्दमा गरेका छन् । पौराणिक प्रसङ्गलाई जोड्दै कविले क्षीरसागरमा भएको समुद्र मन्थनका क्रममा थकित भएका भगवान कमठरूपमा आएर यहीँ वसेकाले यस स्थानलाई देवघाट भनेको हो कि भनेर भनेका छन् । काली गण्डकी र त्रिशूली गङ्गाको दोभानमा अवस्थित देवघाटधाम साच्चै नै अनुपम छटाले युक्त छ, जसको नामोच्चारणमा मात्र पनि जो कोहीको शिर श्रद्धाले झुक्तछ । जसरी शिवको जटाबाट गङ्गाको अवतरण भएको थियो त्यस्तै गरी यहाँ पनि ठुला-ठुला गिरिबाट साना-साना नदी-नालाहरूको आगमन भएको छ । यी सबै नदी-नालाहरूलाई त्रिशुली र कालीगण्डकीले आफूमा समाहित गराएका छन् । यस स्थानमा सम्पूर्ण वानप्रस्थी, सन्यासी, योगी, सिद्ध र तपस्वीहरूका आश्रम रहेका छन्, जहाँ नित्य ज्ञानगङ्गा प्रवचनकारूपमा प्रवाहित हुन्छ । विभिन्न गुरुकुल र आश्रमका ब्राह्मण वटुकहरूको वेदध्वनीले यस स्थानको महत्ता अझ बढाएको छ । यसै स्थानमा त्रेतायुगमा सीता लीन भएको गुफा रहेको छ । प्रत्येक मकर सङ्क्रान्तिका अवसरमा यहाँ लाखौं धर्मानुरागी भक्तजनको स्नानका खातिर जमघट हुने गर्दछ ।

यहाँ दर्शन र स्नानका लागि ठुला-ठुला सिद्धपुरुषहरूको आगमन पनि हुने गर्दछ । यस्ता महापुरुषको स्नानबाट स्वयं गङ्गा नै पवित्र हुने कुरा पुराणमा वर्णन गरिएको छ । जसले गर्दा यो स्थान अझ पुण्यभूमि बन्न पुगेको छ ।

### घ. छन्द तथा लयविधान

प्रत्येक चरणमा १७ अक्षरको संयोजन हुने मन्दाक्रान्ता छन्दको प्रयोग यस कवितामा भएको छ । तीन नदीको संगम अर्थात् त्रीवेणीको वर्णन यस कवितामा पौराणिकरूपमा गरिएको छ । धार्मिक आस्थाका कारण यस स्थानमा हुने क्रियाकलापलाई कविले यहाँ वर्णन गरेका छन् । शान्तरसको संयोजन भएको कविता मन्दाक्रान्ता छन्दको प्रयोगले लयात्मक र गेयात्मक बनेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा धार्मिक आस्थाको दृष्टिकोणबाट देवघाटलाई वर्णन गरिएको छ । यहाँ प्राकृतिक छटाको वर्णन गर्ने क्रममा आलङ्कारिक शब्दको प्रयोग गरिएको भए पनि खासै अलङ्कारको प्रयोग गरिएको पाइँदैन । लयात्मक हिसाबले अन्त्यानुप्रासलाई प्राथमिकता दिएको हुनाले अनुप्रास अलङ्कारको प्रयोगमात्र यस कवितामा भएको छ ।

धोएका छन् अझ पनि यहाँ ज्ञानले अन्तरङ्ग
धोएकै छन् मधुर कविता काव्यले अङ्ग अङ्ग ।
पुण्याधारा उभय सरिता स्रोतको मेलबाट
पूतात्माको जमघट हुँदा धन्य झन् देवघाट ॥

यस पद्यमा हरफको सुरुको शब्द धोएका छन् र अन्त्यको अन्तरङ्ग, अङ्ग शब्दले कवितालाई लयात्मक र आलङ्कारिक बनाएको छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा सुरुमा सामान्य भाषाको प्रयोग गरिएको छ । तीर्थस्थलको वर्णन गर्ने क्रममा पौराणिक प्रसङ्गलाई उठाएकाले तत्सम शब्दको प्रयोग पाइन्छ । कविताका अन्त्यतिर देवघाटको महत्ता बताउने क्रममा आएका केही वाक्यहरू भने अलिक क्लिष्ट रहेका छन् । शान्तरसको अवलम्बन गर्दै धार्मिक आस्थाको भूमि देवघाटधामको वर्णन गरिएको कवितामा केही पद्यलाई छोडेर अन्य पद्यमा सामान्यार्थ लाग्ने अभिधा अर्थको भाषाशैलीको प्रयोग गरिएको छ ।

## ४.२.१७ सिन्दूर धोऊ

'सिन्दूर धोऊ' कविता वि.सं. २०५२ पछिको माओवादी द्वन्द्वको अवस्थामा भएका अनेकौं घटनाहरूको सन्दर्भमा लेखिएको कविता हो ।

### क. शीर्षक

नेपाली संस्कृति अनुसार विवाहित महिलाले आफ्नो पतिको मृत्युपश्चात् गरिने क्रियाकलापलाई यस कवितामा वर्णन गरिएको छ । पतिको सम्झनास्वरूप धारण गरेको सिन्दूर पतिको मृत्युपश्चात धारण गर्नुको कुनै अर्थ हुँदैन भनेर कवितामा भनिएकोले कविताको शीर्षक 'सिन्दूर धोऊ' राखिएको छ । यो सान्दर्भिक र सार्थक पनि रहेको छ ।

### ख. संरचना

फुटकर कविताको लघु कवितामा पर्ने कविता हो 'सिन्दूर धोऊ' कविता । २ श्लोकमा संरचित कवितामा जम्मा ८ हरफ रहेका छन् । एउटा व्यक्तिको अनुपस्थितिमा कतिलाई के के को समस्या पर्दछ भनेर कविले यस कवितामा वर्णन गरिएको छ । यसर्थ भावका हिसाबले यस कविताको आन्तरिक संरचना पनि राम्रो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

छोटो आयाम भएको कवितामा विषयवस्तु र भाव भने गम्भीर रहेको छ । कुनै पनि एक व्यक्तिको मृत्युमा कतिले दुःख पाउँदछन् भन्ने कुरको यथार्थ वर्णन यस कवितामा गरिएको छ । श्रीमतीको लागि सर्वस्व नै जान्छ , छोरा-छोरीको लागि बाबाको अनुपस्थिति हुन्छ, बाबा आमाका लागि छोराको अनुपस्थिति हुन्छ जस्ले गर्दा चाडबाड खल्लो हुन्छ, दिदीबहिनीको लागि तिहार खल्लो हुन्छ, साथीको लागि मित्रको अनुपस्थिति हुन्छ । यी सबै हाम्रो समाजमा घटेको र घटिरहने कुरा हो तर पनि असामयिक निधनलाई कविले यहाँ इङ्गित गर्न खोजेका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत २ श्लोकीय कविता प्रत्येक चरणमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दमा लेखिएको छ । कारुणिक विषयलाई उठान गर्दा प्रायः यसै छन्दको प्रयोग गरेको पाइन्छ । शब्दचयनमा लयलाई विशेष ध्यान दिइएको प्रस्तुत कविता लयात्मक र गेयात्मक पनि रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

लघुकायको प्रस्तुत कवितामा अन्त्यानुप्रासका अतिरिक्त कुनै अलङ्कारको प्रयोग भएको पाइँदैन । अन्त्यानुप्रास भने प्रत्येक हरफमा रहेको छ ।

> छैनन् तिम्रा प्रिय त दुलही जाउ सिन्दूर धोऊ
> तिम्रा बाबा अव त कहिल्यै आउँदैनन् नरोऊ ।
> बाबा आमा नछर जमरा रङ्गिदैनन् निधार
> माला गाँसी नकुर बहिनी आउँदैनन् तिहार ॥

यस पद्यमा पहिलो र दोस्रो हरफको अन्त्यमा धोऊ र नरोऊ शब्दको प्रयोगले लयात्मक बनाएको छ भने तेस्रो र चौथो हरफमा निधार र तिहार शब्दको प्रयोगले लयात्मकता प्रदान गरेको छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा जीवनमा घट्ने घटनाको यथार्थ वर्णन गरिएको छ । कवितामा वर्णित विषय जो कोहीलाई पर्न सक्छ । त्यसैले कविले यहाँ सामान्य भाषाशैलीको प्रयोग गरेका छन् ।

## ४.२.१८ साँढेको जुधाइ

'साँढेको जुधाइ' प्रतीकात्मक अर्थमा लेखिएको कविता हो । यस कवितामा कविले नेपालका राजनीतिक दलहरूलाई व्यङ्ग्य गरेका छन् ।

### क. शीर्षक

प्रस्तुत कवितामा सत्तालिप्सामा परेका नेपालका नेतृत्ववर्गको चरित्रलाई उजागर गरिएको छ । यस कवितामा कविले नेतालाई साँढेको र जनतालाई वाच्छाको संज्ञा दिएका छन् । पार्टिगतरूपमा लड्दा-लड्दै जनताको विजोग हुन थालेको छ भनेर कवितामा वर्णन गरिएकाले कविताको शीर्षक 'साँढेको जुधाइ' उचित रहेको छ ।

### ख. संरचना

'साँढेको जुधाइ' कविता बाह्य संरचनाको हिसाबले २ श्लोकीय कविता हो । यहाँ जम्मा ८ हरफ रहेको छ । सिद्धान्तगतभन्दा पनि सत्तालिप्साका कारण आन्तरिक द्वन्द्व चर्किरहेको कुरालाई

कविले यहाँ घनिभूत तरिकाले उठाएका छन् । यस्ता कुरालाई केन्द्रमा राखेर लेखिएको कविताको आन्तरिक संरचना पनि सबल रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

सत्तालाई महको संज्ञा दिँदै कविले यस्तो सत्तारूपी महमा डुबेका नेताहरू बैह्रा र अन्धा भएका छन् जसले गर्दा कालो सेतो, राम्रो नराम्रो छुट्याउन सक्दैनन् । सत्तालाई केन्द्रमा राखेर आपसमा लडाइँ गर्दा अशक्त जनताहरू मिचिन्छन् कि भन्ने चिन्ता कविमा रहेको छ । निर्दोष व्यक्तिहरूको मृत्यु अनाहकमा भइरहेको छ यो भनेको राम्रो होइन । त्यसैले यो भनेको साँढेको जुधाइमा बाच्छाको मिचाइ हो । यस्तै विषयलाई कविले भावपूर्ण तरिकाले उठाएका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता प्रत्येक चरणमा १९ अक्षरको संयोजन हुने शार्दूविक्रीडित छन्दमा रचिएको कविता हो । अन्त्यानुप्रासलाई स्थान दिएर लेखिएको कविता लयात्मक रहेको छ । पहिलो पद्यमा प्रत्येक हरफमा अन्तिममा कुनै शब्दको पुनरावृत्ति भएको छ भने दोस्रो पद्यमा कतै शब्दको पुनरावृत्ति भएको छ यसले गर्दा कविता लयात्मक बन्न पुगेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

लघुकायको कवितामा अलङ्कारभन्दा पनि व्यङ्ग्यको प्रयोग भएको पाइन्छ । यहाँ कविले नेतालाई साँढेसँग तुलना गरेका छन् भने निरिह जनतालाई वाच्छाको संज्ञा दिएका छन् । यसका अतिरिक्त अन्य अलङ्कारको प्रयोग कवितामा पाइँदैन ।

### च. भाषाशैली

प्रस्तुत कवितामा नेतृत्ववर्गको व्यवहारलाई यथार्थ वर्णन गरिएको छ । त्यसैले यहाँ सामान्यार्थ लाग्ने भाषाशैलीको प्रयोग गरिएको छ ।

## ४.२.१९ राष्ट्रप्रति शुभेच्छा

'राष्ट्रप्रति शुभेच्छा' राष्ट्रको अखण्डता र स्वाभिमान जोगियोस् भन्ने आकाङ्क्षा भाव प्रकट गरेर लेखिएको कविता हो । सङ्क्रमणिनकाल लम्बिन लागेको र नेतृत्ववर्गले आ-आफ्नो कुरामा अडान नछोड्दा देखिएको वेथितिको वर्णन यस कवितामा रहेको छ ।

**क. शीर्षक**

प्रस्तुत कवितामा कविको देशप्रेमको भावना छतल्किएको छ । यस कवितामा कविले आन्तरिक कलहमा अल्झेर बसेका नेतृत्ववर्गलाई सम्झाउँदै समस्या समाधानका उपायहरू बताएका छन् । जसरी भए पनि समस्या समाधान गर्नुपर्दछ यसमा नै देशको हित छ भन्ने कुरामा कवि विश्वस्त देखिन्छन् । यस्तै-यस्तै विषयको सेरोफेरोमा कविता समेटिएकोले कविताको शीर्षक 'राष्ट्रप्रति शुभेच्छा' उपयुक्त देखिन्छ ।

**ख. संरचना**

प्रस्तुत कविता कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये मध्यम आयामको कोटिमा पर्न सफल कविता हो । सात श्लोकमा विस्तारित कवितामा जम्मा २८ हरफ रहेका छन् । राष्ट्र, राष्ट्रियता र देशप्रेमको भावनाले ओतप्रोत भएको कवितामा सच्चा नागरिकको भूमिका कवि स्वयंले निर्वाह गरेका छन् । यस कवितामा कविले नेतृत्ववर्गलाई सल्लाह र सुझाव दिएका छन् । यस्ता विषयवस्तुलाई कविले कवितामा राम्रोसँग प्रस्तुत गरेकाले यस कविताम आन्तरिक संरचना पनि उत्तिकै प्रबल रहेको छ ।

**ग. भावविधान वा विषयवस्तु**

वि.सं. २०६२/६३ को जनआन्दोलनपश्चात् स्थापना भएको गणतन्त्रात्मक व्यवस्थासँग नेपाली जनताको ठुलो आशा र आकाङ्क्षा थियो । तर राजनीतिक खिचातानिका कारण नेतृत्ववर्गले उदारता देखाउन सकेनन् । सत्तालिप्सामा नै कचिङ्गल भइरहेको अवस्थामा कविले यस कविताको रचना गरेका हुन् । विगतलाई सम्झेर वर्तमानमा अघि बढ्न सल्लाह दिँदै कविले सोझा र सिधा नेपाली जनतालाई कति झुक्याउँछौ अब त समयले नेटो काटिसक्यो मुलुकलाई निकास देऊ भन्ने विचार कवितामा प्रकट गरेका छन् । आफ्नो स्वार्थ पूरा गर्न सोझा र निरीह जनतालाई युद्धमा होम्यौ, तिनीहरूकै नाममा शासन सत्ता हातमा लिएर आफू मोज मस्तीमा लागेका छौ यो क्षणिक सुख हो । देशको माटोलाई हातमा लिएर आत्मालाई सोध त के यो तिमीहरूले गरेको कार्य ठीक छ त ? विभिन्न विघ्नवाधाहरूलाई पन्छाउँदै देशहितमा लाग नत्र देशको सँगै तिमीहरूको पनि भविष्य अन्धकारमा जानेछ भन्ने भावना कवितामा पाइन्छ । हामी सबै मिलेर देशको उन्नतिमा लागौं, राष्ट्रिय अखण्डता कायम गरौं यसमा नै हामी र हाम्रो

भलाई हुनेछ जसले गर्दा पुनः सीता, भृकुटी र बुद्धको आगमन हुनेछ भन्ने कुराको वर्णन कवितामा पाइन्छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा १४ अक्षरको संयोजन हुने वसन्ततिलका छन्दमा रचिएको छ । गायनका हिसाबले पनि यो छन्द राम्रो रहेको छ । सरल शब्दको संयोजन, उस्तै-उस्तै शब्दको पुनरावृत्तिले कविता लयात्मक बनेको छ । प्रत्येक हरफमा उच्चारण र श्रवणका हिसाबले उस्तै उस्तै मानिने शब्दको संयोजन अन्तिममा गरिएको छ जसले गर्दा कविता लयात्मक, गेयात्मक र श्रवणीय बनेको छ ।

अग्लो हिमाल मुनिको त अखण्ड राष्ट्र
अग्लै बनी अझ बढोस् र बनोस् सुराष्ट्र ।
सीता र बुद्ध भृकुटी पनि फेरी आऊन्
नेपालकै दिनदिनै जय गान गाऊन् ॥

यस पद्यमा पहिलो र दोस्रो हरफका अन्तिम शब्द राष्ट्र र सुराष्ट्र, त्यसैगरी तेस्रो र चौथो हरफका आऊन्, र गाऊन् शब्दको संयोजनले कविता लयात्मक मात्र नभई गेयात्मक र श्रुतिरम्य बनेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

प्रस्तुत कवितामा कविले जनतालाई जनार्दनका संज्ञा दिएका छन् । जनार्दन विष्णु भगवानलाई भनिन्छ । जनता भनेका भगवान हुन् नेता भनेको तिनीहरूका सेवक हुन् । सीता, बुद्ध र भृकुटीलाई नेपालका विभुतिकारूपमा कविले प्रस्तुत गरेका छन् । यसका अतिरिक्त अलङ्कारको संयोजन यस कवितामा खासै पाइँदैन । सामान्य अनुप्रास अलङ्कारको प्रयोग लयविधानका दृष्टिले गरिएको छ ।

**च. भाषाशैली**

यस कवितामा तत्कालीन राजनैतिक अवस्थाको वर्णन गरिएकाले भाषाशैली सामान्य नै रहेको छ । अभिधा अर्थको भाषाशैली प्रयोगले कवितालाई बोधगम्य बनाएको छ । तत्सम शब्दको बाहुल्यता कवितामा देखिन्छ ।

### ४.२.२० दशावतार

'दशावतार' भगवान विष्णुको मुख्य दशअवतारको विषयमा लेखिएको कविता हो । दश अवतारमा प्रकट हुने क्रममा कुन कुन स्वरूपमा भगवानको प्रकट भएको थियो भन्ने कुरा कविताबाट प्रस्ट हुन्छ ।

**क. शीर्षक**

भगवानका प्रमुख दश अवतारको वर्णन गरिएको कविताको शीर्षक दशावतार प्रासङ्गिक रहेको छ ।

**ख. संरचना**

दशावतार' एक श्लोकमा संरचित कविता हो । जसमा जम्मा ४ हरफ रहेको छ । भगवानको मुख्य दश अवतारलाई सांकेतिकरूपमा एकै श्लोकमा कविले अटाएका छन् ।

**ग. भावविधान वा विषयवस्तु**

पौरस्त्य दर्शनका अनुयायी हामी भगवानको विभिन्न अवतारलाई मान्छौं । केही शिक्षा दिनको लागि र पृथ्वीको भार हरण गर्नको लागि भगवान धरामा अवतरित हुनुहुन्छ भन्ने हाम्रो विश्वास रहिआएको छ । यसै क्रममा भगवानका विभिन्न अवतारहरूको वर्णन पौराणिक ग्रन्थहरूमा पाइन्छ । तीमध्ये मुख्य दश अवतारलाई कविले यहाँ प्रस्तुत गरेका छन् । मत्स्यावतार हुँदा सम्पूर्ण समुद्रलाई आफ्नो कत्लामा विलिन गराएको, कुर्मावतार हुँदा सम्पूर्ण पृथ्वीलाई नै पीठमा बोकेको, वराह अवतार हुँदा पृथ्वीलाई दारामा अड्याएको, नृसिंह अवतार भएर हिरण्यकशिपुको उद्धार गरेको, वामन अवतार हुँदा दैत्यराज बलिको गर्व नष्ट गरेको, परशुरामावतार हुँदा सम्पूर्ण पृथ्वीलाई क्षत्रीयरहित बनाएको, रामावतारमा रावणको उद्धार गरेको, कृष्णावतारमा ब्रह्माण्डकै रक्षा गरेको, बौद्धावतारमा ध्यानको मार्गबाट लोकको रक्षा गरेको र कल्की अवतारमा दुष्टजनको संहार गर्ने त्यस्ता भगवानमा नमस्कार छ भनी कविले भनेका छन् । सांकेतिकरूपमा दशै अवतार र कर्मको प्रसङ्ग कविले एक श्लोकमा वर्णन गरेका छन् । प्राचीन परम्परामा पनि रामायण, भागवत, महाभारत जस्ता ग्रन्थहरूको एकश्लोकी प्रस्तुती पाइन्छ । कविले पनि त्यसबाट प्रभावित भई यो कविताको रचना गरेका हुन् भन्नुमा अत्युक्ति नहोला ।

**घ. छन्द तथा लयविधान**

प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दको प्रयो यस कविताम कविले गरेका छन् । सांकेतिकरूपमा सम्पूर्ण दशावतारको कुरा बताएको एक श्लोकी कवितामा पनि कविले लयविधानलाई ख्याल गरेका छन् । पहिलो हरफको अन्तिम शब्द पीठमा र दोस्रो हरफको पाउमा शब्दको स्वरसाम्य रहेको छ भने तेस्रो र चौथोको ध्यानमा र नमः शब्दको पनि रहेको छ । यसले कवितालाई लयात्मक बनाएको छ

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा अलङ्कृत भाषाको भन्दा पनि सांकेतिक भाषाको प्रयोग गरिएको छ । त्यसैले यहाँ कुनै अलङ्कारको प्रयोग भएको छैन ।

**च. भाषाशैली**

थोरैमा धेरै भन्नु एकश्लोकी कविताको विशेषता हो । त्यसैले यहाँ प्रयुक्त भाषा सांकेतिक र ओजपूर्ण रहेको छ । सामान्य पाठकले कविताको मर्म सजिलै बुभ्न सक्दैन । कविताको अर्थ बुभ्न केही अध्ययन गर्नुपर्ने देखिन्छ ।

## ४.२.२१ मौलाकाली

प्रस्तुत कविता नवलपरासी जिल्लाको पूर्व उत्तर अर्थात ईशानकोणमा अवस्थित प्राचीन शक्तिपीठ मौलाकालीको सेरोफेरोमा लेखिएको कविता हो । कवितामा भक्तजनको चेतनामा रहेकी देवी मौलाकालीसँग मुलुकहितमा अग्रसर हुन सद्बुद्धिको याचना गरिएको छ ।

**क. शीर्षक**

नेपालमा धेरै शक्तिपीठहरू रहेका छन् । तीमध्ये मध्यनेपालमा पर्ने मौलाकाली शक्तिपीठ पनि एक हो । जुन शक्तिपीठको बारेमा पौराणिक ग्रन्थमा पनि चर्चा भएको पाइन्छ । त्यसै शक्तिपीठलाई केन्द्रीय विषय बनाई लेखिएको कविताको शीर्षक 'मौलाकाली' राख्नु औचित्यपूर्ण रहेको देखिन्छ ।

## ख. संरचना

'मौलाकाली' कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये आयामका हिसाबले मध्यमकोटिमा पर्ने सफल कविता हो । बाह्य संरचनाका हिसाबले प्रस्तुत कविता ५ श्लोकमा संरचित भएको छ । जम्मा २० हरफमा विस्तारित कवितामा मन्दिर रहेको प्राकृतिक स्थान र देवीको महिमाको वर्णन गरिएकोले यस कविताको आन्तरिक पक्ष पनि राम्रो रहेको छ ।

## ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कविताको मुख्य विषयवस्तु नै मौलाकाली मन्दिरको वर्णन हो । त्यहाँको प्राकृतिक र भौगोलिक अवस्थाको वर्णन यस कवितामा गरिएको छ । मौलाकाली मन्दिर नारायणी नदीको पश्चिम तटमा अवस्थित पहाडको शिखरमा रहेको छ । पूर्व पश्चिम राजमार्गको उत्तरपट्टि घना जङ्गलको पहाडको शिखरमा देवीको वासस्थान रहेको छ । सम्पूर्ण भक्तजनका आस्थाको केन्द्रका रूपमा रहेकी मौलाकाली देवीको मन्दिरको दक्षिणतिर गैंडाकोट पर्दछ भने उत्तर र पूर्वमा कृष्णा गण्डकी र त्रिशूलीको संगम देवघाटधाम पर्दछ । केही वेरको शारीरिक परिश्रम पश्चात मात्र देवीको दर्शन गर्न सकिन्छ । १४०० सिँढी पार गर्दा देवीको प्रभावले गर्दा थकानको सट्टा आनन्दको अनुभूत हुन्छ । शिखरमा पुगेपछि लाग्छ कि यो कुनै स्वर्गको टुक्रा यहाँ आएर वसेको छ । स्वर्गीय आनन्दको अनुभव यहाँ गए पछि जो कोहीले लिन सक्दछ । अनुपम प्रकृतिको शिखरमा देवीको वासस्थान रहेको छ । दैवी शक्तिले भरिपूर्ण देवीको दर्शनले अभिलाशा पूर्ण हुन्छ भन्ने जनविश्वास रहेको छ । अन्त्यमा कविले यस्तो अलौकिक महिमाले परिपूर्ण देवी मातासँग केही याचना पनि गरेका छन् । हामीमा भएको अविश्वासको पर्दा हटाई एक आपसमा भाइचाराको सम्बन्ध, आपसी सद्भाव र प्रेमभाव प्रकट गराइदिनुहोस् जसले गर्दा मुलुकहितमा सदैव हामी लागिरहन सकौं भन्ने याचना कविको रहेको छ । श्रद्धा विश्वास भनेको भावनाम हुन्छ । कसैले प्रकट गर्नसक्छन् त कसैले गर्दैनन् । यो गर्ने नगर्ने व्यक्तिमा  निहित हुन्छ । कवितामा कविले यस्तै यस्तै कुराहरूको भाव पद्यमार्फत गरेका छन् ।

## घ. छन्द तथा लयविधान

यस कवितामा प्रति चरण १७ अक्षरको संयोजन भएको मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । दया र करुणाका खानी देवी माताको दिव्य सौन्दर्यलाई कविले कवितामा वर्णन गरेका छन् ।

गायनका हिसाबले उत्कृष्ट मानिएको मन्दाक्रान्ता छन्दको प्रयोगले कविता लयात्मक र गेयात्मक बन्न पुगेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

प्रस्तुत कवितामा कविले मौलाकाली मन्दिर रहेको प्राकृतिक छटाले भरिपूर्ण परिसरलाई स्वर्गसँग तुलना गरेका छन् । मर्त्यमण्डलमा त यस्तो दृश्य सम्भव छैन त्यसैले स्वर्गको एक टुक्रा मौलाकाली भएर आएको हो की भनेर कविले कवितामा भनेका छन् ।

> यौटा सानो सुरपुर यहाँ टक्क आई बस्यो कि ?
> स्वर्गीय स्वर्गीयश्री सहित नभको दिव्य झिल्का खस्यो कि ?
> बर्स्यो यद्वा अमृत-छहरा दिव्य यो टाकुरामा
> हुन्थ्यो यस्तो अनुभव चमत्कार के यो धरामा ॥

यस पद्यमा मौलाकाली परिसरलाई स्वर्गसँग तुलना गरिएकाले यहाँ उपमा अलङ्कारको संयोजन भएको छ ।

### च. भाषाशैली

यस कवितामा कविले अभिधाका अतिरिक्त लक्षणा अर्थका भाषाको पनि प्रयोग गरेका छन् । काव्यमा आलङ्कारिक भाषाको प्रयोग सामान्य मानिन्छ । यहाँ कविले सरल र सरस भाषाशैलीको प्रयोग गर्दागर्दै पनि केही स्थानमा क्लिष्ट भाषाको प्रयोगलाई जोड दिएका छन् । हुन त विषयवस्तुको माग अनुसार भावभूमि र भाव अनुसार भाषाशैलीको प्रयोगले रचना उत्कृष्ट बन्न पुग्दछ, त्यसैले कविको वाध्यात्मक परिस्थिति पनि हुनसक्दछ । सामान्य पाठकले भाव बुझ्ने पनि सबै पद्यको सहजसित अर्थगम्य हुने देखिदैन ।

> आमा ! हाम्रो सब ढुलमुले चाल पन्छाइदेऊ
> नेपालीकै मन-मगजमा प्रेम सद्भाव देऊ ।
> हामीलाई प्रगतिपथमा जुट्न उत्साह देऊ
> निःस्वार्थी भै मुलुकहितमा उठ्न सद्बुद्धि देऊ ॥

यस पद्यको सामान्य अर्थ लागे पनि यसको लाक्षणिक अर्थ भिन्न रहेको छ । नेपालीको बीचमा हराएको सद्भावलाई पुनः स्थापना गर्नको लागि कविले मातासँग प्रार्थना गरेका छन् । प्रत्येक चरणको अन्तिम शब्द देऊको प्रयोगले पद्य लयात्मक बनेको छ ।

## ४.२.२२ कता अल्झिएछु

समय परिवर्तनशील छ । समय अनुसार आफूलाई पनि परिवर्तन गराउन सकियो भने सहजसित जीवन बिताउन सकिन्छ भने समयलाई नबुझी आफ्नै पारामा बसियो भने समयले हामीलाई छोडेर अगाडि बढ्छ यो यथार्थ हो । कवि चालिसेले यस कवितामा आफू परिस्थिति अनुसार चल्न नसकेको कुरालाई व्यक्त गरेका छन् ।

### क. शीर्षक

प्रस्तुत कविता गजलशैलीमा लेखिएको कविता हो । समयलाई नबुझ्दा वा समयसँग हिँड्न नजान्दा कता कता रुमल्लिएर बस्नुपर्दोरहेछ भन्ने आशय कविले कवितामा व्यक्त गरेका छन् । बाटो विराएर हिँडेको यात्रीजस्तो बन्नुपरेको प्रसङ्गलाई यहाँ चित्रण गरिएको छ । यस्तै विषयवस्तुमा आधारित कविता भएकोले कविले 'कता अल्झिएछु' शीर्षक राखेका हुन् जुन विषयवस्तु सापेक्ष देखिन्छ ।

### ख. संरचना

प्रस्तुत कविता कवितासङ्ग्रहको मध्यम आयामको कविता हो । आठ श्लोकमा संरचित कवितामा १६ हरफ रहेको छ । गजलशैलीमा संरचित कवितामा नियम अनुसार प्रत्येक हरफको पुनरावृत्ति भएको छ । विषयवस्तु अनुसार आन्तरिक संरचनाको पनि प्रस्तुती राम्रो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

यस कवितामा कविले आफूलाई कतै अल्झिएको महशुस गरेका छन् । अल्झिनु भनेको अघि बढ्न नसक्नु हो । जुनसुकै कुरामा पनि अघि बढ्ने चाहना हुँदाहुँदै पनि अघि बढ्न नसक्नुमा कविले अल्झिएको भनेर भनेका छन् । चाहना भएर पनि परिस्थिति अनुकूल नलागेर यथास्थितिमा नै कवि अलिझएको कुरा कविताबाट थाहा हुन्छ । समयको बहावसँगै आफूलाई समाहित गराउन नसक्नु कविको कमजोरी देखिएको छ । कविले आफूलाई नदीको उल्टो गतिमा हिँडाउन खोजेको र त्यो असम्भव हुँदा कतै हराएको आभास भएको कुरा कवितام व्यक्त गरेका छन् । आफू भेलसँगै जान नचाहेको तर किनारा पनि नभेटिएकाले आफूलाई कविले अन्धोको संज्ञा दिएका छन् । केहीको सहारा विना व्यवहारिक प्रपञ्चबाट मुक्ति पाउन नसकिने कुरामा

कविमा जानकारी छ, तर पनि त्यत्तिकै बसिरहँदा समयले आफूलाई छोडेर गएकाले कविले अल्भिएको कुरा कवितामा जोडदाररूपमा उठाएका छन् । कविको समस्या एक प्रतिनिधि घटना हो । आजको सङ्क्रमणकालीन समयमा पुराना पुस्ता र नयाँ पुस्ता बीच देखिने मुख्य समस्या नै यही हो । जसले यसलाई बुझ्ेर आफूलाई परिवर्तित गराउन सक्छ ऊ अल्भिँदैन नत्र सधैँ अल्भिनै रहन्छ ।

### घ. छन्द तथा लयविधान

यस कवितामा प्रत्येक हरफमा चार ओटा यकारको संयोजन हुने भुजङ्गप्रयात छन्दको संयोजन गरिएको छ । प्रायः गजल यसै छन्दमा लेखिने गरिन्छ । यहाँ पनि कविले कविता गजल शैलीमा लेखेका छन् । जुन गेयात्मक हुनु जरुरी हुन्छ । यहाँ पनि कविता लयात्मक र गेयात्मक बनेको छ । उस्तै उस्तै स्वर हुने पङ्क्तिको पुनरावृत्तिले झन कविता श्रुतिरम्य बनेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

कविले यहाँ आफ्नो जीवनलाई नदीको उल्टो दिशामा बगेको भनेर भनेका छन् । हावाको वहावको दिशामा गति सहज हुन्छ तर उल्टो दिशामा जीवनलाई हिँडाउन खोज्दा आफू अल्भिएको भनेर भनेका छन् । कुहिरोमा हराएको काग सरह आफ्नो जीवनलाई वर्णन गरेका छन् । यसका अतिरिक्त अलङ्कारको प्रयोग यस कवितामा पाइँदैन । पङ्क्तिको पुनरावृत्तिले अनुप्रासलाई मात्र प्रस्तुत गरेको छ ।

### च. भाषाशैली

यस कवितामा कविले अभिधा अर्थको प्रयोगका अतिरिक्त कतै कतै लाक्षणिक अर्थको शैलीलाई अपनाएका छन् । नदीको बहाव, हावाको बहावको प्रस्तुत गरे पनि यहाँ कविले विकसित समयसँग आफू चल्न नसकेको कुरा भनेका छन् । यहाँ लाक्षणिक अर्थको प्रयोग भएको छ । यसका अतिरिक्त कविले यस कवितामा सामान्य भाषाशैलीको प्रयोग गरेका छन् ।

## ४.२.२३ माडीको चित्र हृदयमा झल्कन्छ

'माडीको चित्र हृदयमा झल्कन्छ' लामो समयसम्म गर्दी-९, कल्याणपुर माडीमा वसोवास गरेका कविले माडीको प्रकृति, कृषिकर्म र पौराणिक महत्त्वको चर्चा गर्दै वि.सं. २०७० वैशाख ५ गते चैत्राष्टमीका दिन सुखद स्मृतिका भाव प्रस्तुत गर्दै लेख्नुभएको कविता हो ।

## क. शीर्षक

कवि चालिसे माडीमा निकै लामो समयसम्म वसोवास गरेका हुन् । प्राकृतिक छटाले भरिपूर्ण माडीको दृश्यलाई कविले धेरै पछि सम्झने क्रममा कविताको जन्म भएको छ । आफूले छोडेर आएको स्थानको दृश्य मानसपटलमा जो कोहीको पनि झल्कन्छ । यही सम्झनाका दृश्यको वर्णन यस कविताम भएको छ । माडीको वर्णन भएको कविताको शीर्षक 'माडीको चित्र हृदयमा झल्कन्छ' राख्नु औचित्यपूर्ण देखिन्छ ।

## ख. संरचना

प्रस्तुत कविता मध्यम आयाममा विस्तारित छ, जसको काया जम्मा ७ श्लोकमा संरचित भएको छ । २८ हरफमा सम्पूर्ण विषयवस्तुको परिपाक भएको कविता प्रकृति चित्रणका हिसाबले कवितासङ्ग्रहकै उत्कृष्ट रहेको छ । माडीको चित्रणमा कविको कलम चलेको छ । कवितामा वर्णित विषय कवि कल्पना नभई यथार्थ हो । यो कविको संस्मरण हो । त्यसैले कविले यहाँ कविताको बाह्यभन्दा पनि आन्तरिक संरचनालाई बढी महत्त्व दिएका छन् ।

## ग. भावविधान वा विषयवस्तु

यस कविताको विषयवस्तु भनेको माडीको यथार्थ वर्णन हो । कविले आफ्नो जीवनका धेरै वर्ष यही स्थानमा बिताएका थिए । पछि परिस्थितिवश बसाइँ सरे पनि कविले आफ्नो कर्मथलोलाई मन, मष्तिस्क र हृदयबाट भुल्न सकेका छैनन् भन्ने कुरा कविताले प्रमाणित गरेको छ । कवितामा कविले माडीलाई चारैतर्फ चितवन राष्ट्रिय निकुञ्जले घेरिएको हरा भरा प्राकृतिक छटाले भरिपूर्ण भूस्वर्गको एक नमुनाको रूपमा वर्णन गरेका छन् जहाँ अनेक देवालय र तीर्थस्थल रहेका छन् । रेवा नदीले अविरल सिञ्चित माडीस्थललाई सोमेश्वर र शक्तिले सधैँ रक्षा गरिरहेका छन् । त्रेतायुगमा भगवान रामको आगमन यहीँ स्थानमा भएको, पाण्डवको वनवास पनि यही स्थानमा भएको कुरा जनमानसमा विश्वास रहेको छ ।

आधुनिक समयमा पनि माडीले साहित्यिक प्रतिभाशाली व्यक्तित्व जन्माएको छ, औद्योगिक विस्तारले माडीलाई आधुनिकतातर्फ डोऱ्याएको छ । यहाँ नित्य जङ्गली जनावरहरूको दर्शन भइरहन्छ । मयूरको नृत्य, कोइलीको सुरिलो आवाज यहाँको दैनन्दिन बन्न गएको छ । शिक्षा र स्वास्थ्यमा माडीले निकै फड्को मार्न थालेकोले माडी साँच्चै नै स्वर्गतुल्य छ भनेर कविले

कवितामा वर्णन गरेका छन् । यी र यस्तै विषयमा कविको भाव कवितामा जताततै छचल्किएको छ ।

**घ. छन्द तथा लयविधान**

यो कविता पनि प्रति चरण १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । आलङ्कारिक शब्दको चयनले कविता लयात्मक र गेयात्मक बन्न पुगेको छ । प्राकृतिक चिजको वर्णनमा कविले कलम खर्च गरेकाले कविता वाचनमा पनि आफू त्यहीँ पुगेको जस्तो एक किसिमको बेग्लै अनुभव प्राप्त हुन्छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

प्रस्तुत कवितामा कविले माडीलाई स्वर्गसँग तुलना गरेर उपमा अलङ्कारको प्रयोग गर्न खोजेका छन् । यसका अतिरिक्त कवितामा अलङ्कारको प्रयोग पाइँदैन । प्रकृतिको चित्रणमा आलङ्कारिक शब्दको प्रयोग भने कवितामा प्रचुरमात्रामा गरिएको छ ।

**च. भाषाशैली**

यस कवितामा अभिधा अर्थको भाषाशैली प्रयोग भएको छ । प्रकृतिको वर्णन यथार्थ भएकोले यहाँ कवि कल्पना आवश्यक परेको छैन । आलङ्कारिक र तत्सम शब्दको बाहुल्यता कवितामा पाइन्छ ।

## ४.२.२४ प्रगतिपथमा लम्क

'प्रगतिपथमा लम्क', नेपाली युवा शक्तिको विदेश पलायन, सीमा अतिक्रमण, चेलीबेटी बेचबिखनको समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्दै राष्ट्रिय अस्मिता सङ्कटमा परेकाले यसको रक्षार्थ साहसपूर्वक ऐक्यबद्ध भई अघि बढ्न आग्रह गर्दै वि.सं. २०७० साल वैशाख १९ गते लेखिएको कविता हो ।

**क. शीर्षक**

प्रस्तुत कविता राष्ट्रको दुःख र पीडालाई देखेर कवि मन उद्वेलित हुँदा जन्मेको हो । देशको अस्तित्व नामेट हुन खोज्दा पनि स्वार्थमै लट्पटिरहने राजनीतिक नेतृत्वलाई गाली गर्दै कविले

देशका जनतालाई अघि बढ्न प्रेरित गरेका छन् । देश रहे हामी रहन्छौं भन्ने भावनाले ओतप्रोत कविताको शीर्षक 'प्रगतिपथमा लम्क' औचित्यपूर्ण रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता कवितासङ्ग्रहको मध्यम आयामको कोटिमा पर्ने कविता हो । बाह्य संरचनामा ६ श्लोकम पूर्ण भएको कविताको जम्मा २४ हरफ रहेको छ । युवावर्गलाई राष्ट्रप्रेमको पाठ सिकाउने उद्देश्यले रचिएको कवितामा नेतृत्ववर्गप्रति आक्रोश रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

भौगोलिकरूपमा सानो भए पनि प्राकृतिक छटा र वातावरणीय हिसाबले हाम्रो देश विश्वकै नमुना देश हो । हिमालको काखमा अवस्थित देशमा उत्तरमा हिमाल र दक्षिणमा तराई भूभाग रहेको छ । यहाँ अत्यन्त दुर्लभ वन्यजन्तुको वासस्थान रहेको छ । यस्तो देशलाई चारैतिरबाट निरन्तर घात प्रतिघात भइरहेको छ । प्रतिदिन सीमानाको स्तम्भ हराउँदै गएको छ यसको प्रतिकार हामी सबै मिलेर गर्नुपर्दछ । हाम्रा नेताहरू मतलबी छन् यिनीहरूबाट देशको रक्षा हुँदैन । आमा दिदीबहिनीको अस्मिता सङ्कटमा परेको छ, श्रमशोषणले चरमसीमा नाघिसक्यो त्यसैले राष्ट्रप्रेमको ओठे भक्तिले देश बच्दैन भन्ने कुरामा हामी सबै सहमत हुनुपर्दछ । काँधमा काँध मिलाएर राष्ट्रप्रेमीहरू एकसाथ अघि बढौं भन्ने भावना कविले कवितामा पोखेका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता पनि प्रत्येक चरणमा १७ अक्षर हुने मन्दाक्रान्ता छन्दमा रचिएको छ । जनतालाई अघि बढ्न आह्वान गर्दै लेखिएको कविता ओजपूर्ण भावले युक्त छ । कविता लयात्मक र गेयात्मक रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा कुनै खास साहित्यिक अलङ्कारको प्रयोग भएको छैन । देशको हितमा लाग्न प्रेरित गर्दै लेखिएको कवितामा आलङ्कारिक भन्दा पनि उक्साहटको भावना जगाउने खालको भाषाको प्रयोग भएको छ ।

### च. भाषाशैली

'प्रगतिपथमा लम्क' कविता सुसुप्त अवस्थामा रहेका नेपाली युवावर्गलाई देशको रक्षाको निम्ति अघि बढ्न प्रेरित गरेर लेखिएको हो । यसको भाषाशैली वीररसले युक्त रहेको छ । लुकेर रहेको एकताको बललाई प्रस्फुटन गराउने उद्देश्यले लेखिएको कविताको भाषाशैली अलिक जोशिलो पाराको रहेको छ ।

## ४.२.२५ देशहितमा जुट्दै रहून् पाखुरी

'देशहितमा जुट्दै रहून् पाखुरी' कविता, देशमा विद्यमान विभिन्न किसिमका विभेदको अन्त्य गर्दै देशको उन्नतिमा लाग्न आह्वान गर्दै लेखिएको हो ।

### क. शीर्षक

प्रस्तुत कविता पनि अघिल्लो कविताजस्तै देशप्रेमलाई केन्द्रीयतामा राखेर लेखिएको कविता हो । राजनैतिक नेतृत्वप्रति बढेको वितृष्णालाई कविले कवितामार्फत पोखेका छन् । देश विकासका लागि सबैको साथ चाहिने कुरामा कवि विश्वस्त छन । यीनै कुरालाई कविले कवितामा उल्लेख गरेकाले कविताको शीर्षक 'देशहितमा जुट्दै रहून् पाखुरी' पनि सार्थक रहेको छ ।

### ख. संरचना

राष्ट्रप्रेम र देशभक्तिमा समर्पित कविता ४ श्लोकमा संरचित रहेको छ । जम्मा १६ हरफमा विस्तारित कविताको विषयवस्तु भने गम्भीर रहेको छ । विगतलाई हेर्दै भविष्यको कल्पना वर्तमानमा गर्नुपर्दछ भन्ने भाव कवितामा रहेको छ । यस्ता विषयवस्तुको संयोजन भएको कविताको आन्तरिक पक्ष पनि सबल रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

हाम्रो देशमा भएका प्राकृतिक सम्पदाम विकार आएको छैन । हिमाल झुक्तैन, नदी-नाला, ताल-तलैया सुक्तैनन्, कस्तुरीको सुगन्ध हराउँदैन यी हाम्रा गौरवका विषय हुन् । पुर्खाले पसिना बगाएको देशमा उनीहरूको पसिनाको उचित मूल्याङ्कन हुनुपर्दछ । प्रत्येकका पेट भोको र हर नाङ्गो भएको सुन्न र देख्न नपरोस्, नेताको बुद्धि सुध्रोस् भन्ने भावना कविको रहेको छ । बुद्धको शान्ति सन्देश खेर नजाओस्, पहाडले तराईको हुरी रोकोस्, हिमालको जाडो तराईले

छलोस् हामी एक आपसमा मिलेर अघि बढ्यौं भने कसैले केही गर्न सक्दैनन् । आपसी कटुता त्यागेर पाखुरीमा पाखुरी मिलाएर अघि बढौं भन्ने भावना कविताम कविले व्यक्त गरेका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता पनि अन्य कविता झैँ प्रत्येक चरणम १९ अक्षरको संयोजन हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । गायनमा अब्बल मानिएको छन्द भएकोले कविता लयात्मक र गेयात्मक रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

सबैलाई एकजुट भएर अघि बढ्न आह्वान गरिएको कवितामा कुनै खास अलङ्कारको प्रयोग भएको पाइँदैन । सामान्य शब्दालङ्कारको अनुप्रास अलङ्कारको प्रयोग लयबद्धताको आवश्यक तत्त्व भएकोले गरिएको छ । देशको प्राकृतिक अवस्थाको वर्णन गर्ने क्रममा आलङ्कारिक शब्दको प्रयोग भने कतै कतै पाइन्छ ।

### च. भाषाशैली

राष्ट्रिय एकताको आह्वान कवितामा गरिएको छ । सामान्य वीररसको झल्को दिने खालको भाषाशैलीको प्रयोग कवितामा पाइन्छ । पाठकले पढ्दा स्वतः अर्थ स्फुरण हुने भाषाशैलीको प्रयोग यस कविताको विशेषता रहेको छ ।

## ४.२.२६ कविते ! कृपा गर

संस्कृत साहित्यका विद्वान् कवि चालिसेले साहित्यलाई कुन रूपमा ग्रहण गरेका छन् भन्ने कुरा यस कविताबाट जानकारी हुन्छ । वि.सं. २०७० साल वैशाख १५ गते कविले यस कविताको रचना गरेका हुन् ।

### क. शीर्षक

'कविते ! कृपा गर' कवितालाई सम्बोधन गरी लेखिएको कविता हो । यी कविता व्यक्ति होइनन् यी त साहित्यको एक विधा हुन् । साहित्यमा धेरै विधाहरू रहेका छन् । ती मध्ये कविता विधा पनि एक हो । कवि चालिसेको कलम यस विधामा धेरै चलेको छ । यसै सन्दर्भमा कविले

आफूले लेख्न खोज्दा कविता सरर्र फुरोस् भन्ने चाहना राखी लेखिएको कविताको शीर्षक पनि कवितालाई नै सम्बोधन गरेर राख्नु सार्थक रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता फुटकर कवितामध्ये मध्यम आयामको कविता हो । जम्मा १० श्लोकमा संरचित कवितामा ४० हरफ रहेका छन् । कविले आफ्नो साहित्यप्रतिको रुचिलाई कविताको माध्यमबाट प्रकट गरेको यस कवितामा रचना गर्न त्यति सजिलो छैन भन्ने कुरा भनिएको छ । यस्ता विचारलाई कविले आलङ्कारिक शब्दले सजाएका छन् । यसरी हेर्दा यस कविताको आन्तरिक संरचना बलियो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कविले आफू सधैँ साहित्यको आराधनामा लागिरहेको तर आफूबाट साहित्य भने दूर हुने गरेकोमा चिन्ता व्यक्त गरेका छन् । कवि कविताको सामिप्यता चाहन्छन् तर कविता भने कविको वास्ता नै गर्दिनन्, त्यसो हुनाले कविले कवितालाई विभिन्न अलङ्कारले युक्त भएर नयाँ दुलहीजस्तै भएर आउन आग्रह गरेका छन् । मीठा मीठा भावमा साहित्यका नवै रसले पूर्ण भएर आफ्नो मानसपटलमा आउन कवि कवितासँग विन्ती गर्दछन् । कविता विना कवि अपाङ्ग भएको कुरा व्यक्त गर्दै आफ्नो जीवनलाई पूर्ण बनाउन भने पनि सँगै बसिदिन आग्रह गर्दछन् । नयाँ पुस्तामा कविताको भाव फेरिएकोमा कविको चिन्ता रहेको छ । प्राचीनता हराउन नदिन कवि रातोदिन लागिरहेका छन् । सबै किसिमका दोषहरूलाई पन्छाएर नयाँ नयाँ रसमा आउन कवितासँग कविको प्रार्थना रहेको छ । यहाँ वर्णित कविता व्यक्ति होइनन् । यी त साहित्यको एक विधा हुन् । आफ्नो चिन्ता र आकाङ्क्षा कविले निकै नै मनोरम तरिकाले कविताका माध्यमबाट प्रस्तुत गरेका छन् । कविको साहित्यप्रतिको भाव कविताले झल्काएको छ ।

### घ. छन्द तथा लयविधान

'कविते ! कृपा गर' कवितासङ्ग्रहकै अलि नौलो छन्दमा लेखिएको छ । प्रत्येक चरणमा १२ अक्षर हुने वंशस्थ छन्दमा कविताको रचना भएको छ । उच्चारणमा पाँचौ अक्षरमा र पछि अन्तिममा विश्राम हुने छन्द वाचनका हिसाबले सरल मानिन्छ । कविता लयात्मक रहेको छ ।

सजाइ आऊ तनमा विभूषण
पस्नै नदेऊ कटुतादि दूषण ।
सधैँ रसास्वाद गराउँदै झर
संसार होओस् अझ शान्त सुन्दर ॥

यस पद्यमा प्रत्येक हरफको अन्त्यमा आएका विभूषण, दूषण, झर, सुन्दर जस्ता शब्दले पद्यलाई मधुरता प्रदान गरेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा साहित्यप्रतिको कविको असीम श्रद्धा र भावना पाउन सकिन्छ । कविले यहाँ कविता भनेर कुनै स्त्रीलाई सम्बोधन गरे जस्तो भान पाठकवर्गमा पर्न जान्छ । सम्पूर्ण कवितामा नै कविले कविताको प्रशंसा गरेका छन् । कुनै नायिकासँग कविताको तुलना गरेकाले यहाँ उपमा अलङ्कारको हल्का आभास हुन्छ । प्रत्यक्षरूपमा भने त्यस्तो कुनै अलङ्कारको संयोजन यहाँ भएको पाइँदैन । आलङ्कारिक शब्दको प्रयोग भने कविताभरि नै भएको छ ।

सदैव राम्रा गुणले विभूषित
अझै रसादिध्वनिले समन्वित ।
बढाउ लीलामय पाउमञ्जरी
सजाउ सारा रसरङ्गले भरी ॥

यस पद्यमा प्रयुक्त विभूषित, रसादिध्वनि, समन्वित, लीलामय, पाउमञ्जरी, रसरङ्गजस्ता सबै शब्दहरू आलङ्कारिक शब्द हुन् । यस्ता शब्दले कविताको माधुर्यतालाई बढाउँछ ।

**च. भाषाशैली**

कवितासङ्ग्रहभरिकै सबभन्दा मीठो र अनुपम भाषाशैलीको प्रयोग यस कविताम पाइन्छ । कुनै पनि पद्य एकचोटि पढेर चित्त रमाउँदैन पुनः पुनः पढ्न मन लाग्ने खालको छ । शब्दचयनमा कविको प्रशंसा जति गरे पनि कमै हुन्छ । लाक्षणिक अर्थले भरिपूर्ण कविता पाठकले पढ्दै जाँदा छोटो भएको जस्तो अनुभव गर्दछ । यसरी हेर्दा कविताको भाषाशैली वर्णनीय रहेको छ ।

## ४.२.२७ तिमीलाई नसम्झेको रात कुनै छैन

मानव भएर धर्तीमा जन्म लिइसकेपछि अनेकौं दुःख कष्ट सहनुपर्ने हुन्छ । कसैको जीवनमा सुखैसुख आउला कसैको जीवनमा दुःखैदुःख । कविको जीवनमा पनि पत्नीवियोगको ठूलो चोट परेको थियो । 'तिमीलाई नसम्झेको रात कुनै छैन' कविता यसै सन्दर्भमा लेखिएको हो । यसमा कविद्वारा प्रिया पत्नीको वियोगजन्य पीडाको अभिव्यक्ति ज्यादै मार्मिकरूपमा प्रस्तुत भएको छ ।

### क. शीर्षक

यस कवितामा कविले विभिन्न कोणबाट आफू एक्लो भएको आभास व्यक्त गरेका छन् । एक्लो भएका कविले पुरानो समयको याद रातमा गरेको कुरा प्रस्तुत कवितामा गरेका छन् । अरुसँग घुलमिल हुँदा पीडा बिर्से पनि एकान्तमा पुराना दिनहरूको सम्झना हुने गर्दछ । यसै सन्दर्भलाई लिएर कविले 'तिमीलाई नसम्झेको रात कुनै छैन' भन्ने कविताको रचना गरेका हुन् । कवितामा वर्णित विषयलाई हेर्दा शीर्षक चयनमा कवि अब्बल देखिन्छन् ।

### ख. संरचना

प्रस्तुत कविता जम्मा ५ श्लोकमा संरचित रहेको छ । दोस्रो श्लोकदेखि अन्तिम श्लोकसम्म कविताको शीर्षक बन्न सफल पङ्क्तिलाई दोहोऱ्याइएको छ, जसले गर्दा कविता गीतिमय बन्न गएको छ । एक्लो जीवनको पीडालाई कविताको माध्यमबाट कविले निकै नै मार्मिक ढङ्गसँग प्रस्तुत गरेका छन् ।

### ग. भावविधान वा विषयवस्तु

मानिस सामाजिक प्राणी हो ऊ समाजमा बस्न रुचाउँछ, उसलाई समाज र परिवारको आवश्यकता पर्दछ । परिवारको आवश्यकता पूरा गर्न हाम्रै समाजले विवाह संस्कारलाई अपनाउने गर्दछ । निश्चित उमेरसँगै मानिस विवाह बन्धनमा बाँधिदै आएको हुन्छ । त्यसपछि प्राकृतिक नियम अनुसार छोरा-छोरी, घर-परिवारको जञ्जालमा ऊ रमाउँछ । यसमा नै उसले संसार देखेको हुन्छ । सुखमय संसारमा चलिरहेको जीवनयात्राको साथीलाई गुमाएपछि के-कस्तो अप्ठ्याराहरू आउँछन् भन्ने कुरा कविले यस कवितामा वर्णन गरेका छन् । पत्नीको वियोगले दुःखी कविले संसारमा एक्लो भएको महसुश गरेका छन् । एक्लो हुँदा जूनले पनि पोल्छ, हावा पनि वज्र समान हुन्छ, कोमल फूलले घोच्छ, प्रकाश अँध्यारो हुन्छ भन्ने महाकवि कालीदासको

उक्ति कविमा पनि मेल खाएको छ । यो जीन्दगीको फूलबारीमा काँडै-काँडामात्र भएको कुरा कविले स्वीकारेका छन् । जत्ति लेखेपनि, भनेपनि  पीडित कविको पीडा बुझ्ने मान्छे नभएकोमा कवि चिन्तित देखिन्छन् । त्यसैले आफ्नो जीवनसाथीलाई हरपल सम्झिरहेको भाव कवितामा व्यक्त गरिएको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता कवितासङ्ग्रहकै भिन्न कविता हो । यसमा कुनै वार्णिक छन्दको प्रयोग गरिएको छैन । प्रत्येक हरफमा १३ वा १४ अक्षरको संयोजन हुने गीतिलयमा आधारित सवाइलयमा लेखिएको छ । यसको मुख्य उद्देश्य नै गायन हो । त्यसैले कविता लयात्मक र गेयात्मक रहेको छ । गाउँघरमा प्रायः गन्धर्व जातीले यो भाकालाई अवलम्बन गरेको पाइन्छ । कुनै घटनालाई मार्मिक ढङ्गबाट प्रस्तुत गर्न यो भाकाको प्रयोग लयात्मक पाराले गरिन्छ । यहाँ पनि कविको जीवनमा घटेको घटनाले कविलाई के-कस्तो प्रभाव पारेको छ भन्ने कुरा कवि स्वयंले सबाइमार्फत प्रस्तुत गरेका छन् जुन लयात्मक रहेको छ

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा कविले एक्लो हुँदाको पीडा व्यक्त गर्ने क्रममा जीन्दगीलाई काँडैकाँडाको वगैँचाको संज्ञा दिएका छन् । जूनले पोलेको, मुटुभित्र सियोले घोचेको महसुश कविले गरेका छन् । यी सबै कुरा यथार्थमा नभई कवि मनम भएको हो । आफ्नो मान्छेको वियोगमा जीवन नै मरुभूमि जस्तो लागेको कुरा कविले कवितामा गरेका छन् । यो लाक्षणिक हो । यहाँ आलङ्कारिक शब्दको संयोजन प्रशस्तै रहेका छन् तर त्यस्तो कुनै साहित्यिक अलङ्कारको प्रयोग भएको देखिदैन ।

**च. भाषाशैली**

आफ्नो पीडालाई व्यक्त गरिएको कवितामा सामान्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । कतै कतै लाक्षणिक अर्थका वाक्यहरूको प्रयोगले कवितालाई अझ भावका हिसाबले माथि उचालेको छ । मनको पीडा नै कविता बन्न पुगेको छ । सामान्य पाठकले पनि पढ्नासाथ अर्थ बुझिहाल्छ । सामान्य मानिसले पनि लयात्मक पाराले आफ्नो व्यथा बताउने सवाइ शैलीमा लेखिएको कविता भएकोले कविले पनि सामान्य खालकै भाषाको प्रयोग गरेका छन् । शीर्षहरफलाई बारम्बार दोहोऱ्याएर गीतिरूप दिएकाले कविता झन् सुरम्य बन्न पुगेको छ ।

## ४.२.२८ दुखेको कहानी

'दुखेको कहानी' कविता पनि पूर्व कविताजस्तै पत्नी वियोगका कारण सिर्जित कविता हो । यस कवितामा पनि वियोगजन्य पीडा र असहजावस्थाको हृदयस्पर्शी वर्णन कविले गरेका छन् ।

### क. शीर्षक

यस कवितामा पनि कविले आफ्ना पुराना दिनहरूलाई याद गरेका छन् । एक्लो जीवनमा वसन्तको वहार ल्याउन सफल व्यक्तित्वको विछोड निकै नै दर्दनाक हुँदोरहेछ उजाड जीन्दगीलाई बेजोड बगैंचा बनाउने व्यक्ति सधैंका लागि टाढा हुँद मनमा पीर त पर्ने नै भयो । प्रस्तुत कविता यसै कुरालाई वर्णन गर्दै लेखिएको कविता हो । कवि जीवनमा घटेको कहानीलाई वर्णन गरिएको कविताको शीर्षक 'दुखेको कहानी' सान्दर्भिक नै रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता पनि कवितासङ्ग्रहमा संरचित कवितामध्ये मध्यम आयाम भएको कविता हो । जम्मा ५ श्लोकमा संरचित कवितामा २० हरफ रहेका छन् । कवि जीवनमा घटेको घटनालाई कवितात्मकरूप दिएका छन् । कवितामा वर्णित विषयवस्तु अनुसार आन्तरिक संरचना राम्रो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

प्रस्तुत कवितामा कविले आफ्नो विवाहपश्चात जीवनमा खुसियाली छाएको जीवन चारैतर्फ हरियाली भइरहेको अवस्थामा अकस्मात् ठुलो वज्रपात हुँदा हरियाली उद्यान एक्कासी उजाड भएको कुरालाई उठाएका छन् । जीन्दगीमा घटेको घटनाले आफूलाई सधैं चिन्तित बनाएकोमा कवि दुखित छन् । झन् वज्रपातको क्षण पटक-पटक मानसपटलमा आएर दुःख दिएको कुरा कवितामा वर्णित छ । वियोग सदाका लागि हो की क्षणिक हो भन्नेमा कवि द्विविधाग्रस्त देखिन्छन् । बलेको आगो जसले पनि ताप्ने तर निभेको आगोलाई सबैले वास्ता नगर्ने मानवस्वभावको चर्चा गर्दै आफ्नो जीवनमा पनि त्यस्तै अनुभव गरेको कुरा कविले यहाँ प्रस्तुत गरेका छन् । आफ्नै जीवनमा घटित घटनालाई कारुणिक शैलीमा वर्णन गरिएको कविता भावपूर्ण रहेको छ ।

### घ. छन्द तथा लयविधान

प्रत्येक पाउमा १२ अक्षरको संयोजन हुने भुजङ्गप्रयात छन्दको प्रयोग यस कवितामा गरिएको छ । प्रत्येक पाउको अन्त्यमा स्वरसाम्य शब्दको प्रयोगले कविता लयात्मक बनेको छ । लयात्मक हिसाबले छोटा छोटा हरफको प्रयोग हुने भएकोले कविता गायनमा पनि उत्तिकै अब्बल रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा कविले आफ्नी प्रेमिकालाई ताराको रूपमा प्रस्तुत गरेका छन् भने नेपाली समाजमा प्रचलित उखानलाई पनि कवितामा अर्थपूर्ण समायोजन गरेका छन् । कविले आफ्नो परिवारलाई बगैँचाको संज्ञा दिँदै प्रेमिकालाई मालीको संज्ञा दिएका छन् । यस हिसाबले कवितामा दृष्टान्त र उपमा अलङ्कारले स्थान पाएको देखिन्छ ।

### च. भाषाशैली

कविको पीडा वर्णन गरिएको कवितामा सामान्य भाषाशैलीको प्रयोग भएको छ । जीवनमा ठुलो चोटले प्रताडित कवि मानसिकरूपमा पनि विक्षिप्त देखिन्छन् । एक्लो जीवनलाई अभागीको संज्ञा दिनु, जीन्दगीको बगैँचालाई खरानी भएको भनेर भन्नु यसको उदाहरण पनि हो । जे होस् करुणरसले परिपाक भएको कवितामा भाषाशैली कतै कतै लाक्षणिक छ भने धेरै सामान्य नै रहेको छ ।

## ४.२.२९ उठिन् कि काव्ययामिनी

'उठिन् कि काव्ययामिनी' कविता नेपालको प्रसिद्ध तीर्थस्थलमा अवस्थित महेश सन्यास गुरुकुलमा प्रत्येक वर्ष मकर सङ्क्रान्तिको पूर्वसन्ध्यामा आयोजना हुने मकर काव्ययामिनीको लागि लेखिएको कविता हो । यस कवितामा पनि 'धन्य यो देवघाट' मा जस्तै त्यहाँको दृश्यको वर्णन गरिएको छ ।

### क. शीर्षक

प्रस्तुत कवितामा मकर काव्ययामिनीमा हुने र देखिने दृश्यको वर्णन गरिएको छ । त्रिवेणी सङ्गमको वर्णन गरी त्यस समयमा देखिने अनेक दृश्यहरूको यथार्थ चित्रण गरिएको कविताको शीर्षक 'उठिन् कि काव्ययामिनी' विषयवस्तुमा आधारित नै रहेको छ ।

**ख. संरचना**

'उठिन् कि काव्ययामिनी' कविता ९ श्लोकमा संरचित भएको छ । जम्मा १८ हरफमा अपूर्व दृश्यको वर्णन कविले गरेका छन् । मध्यम खालको आयाम भएको कविताको विषयवस्तु भने गम्भीर रहेको छ । गम्भीर विषयलाई पनि सामान्यभावमा प्रस्तुत गर्नु कविको आन्तरिक संरचनाको कौशलता हो ।

**ग. भावविधान वा विषयवस्तु**

मकर सङ्क्रान्तिको पूर्वसन्ध्यामा आयोजना हुने कवितागोष्ठीलाई वर्णन गर्दै लेखिएको कविताको विषयवस्तु यथार्थ भए पनि कवि कल्पना जस्तो भान पाठक वर्गमा पर्न जान्छ । यहाँ कविले पवित्र तीर्थस्थल देवघाटमा श्री १०००८ स्वामी रामानन्द गिरिबाट स्थापित महेश सन्यास गुरुकुल र त्यसले गरेको कार्यको मुक्त कण्ठले प्रशंसा गरेका छन् । जहाँ प्रभातकालीन समयमा ब्राह्मण वटुकको वेदध्वनि गुञ्जिन्छ जसलाई पक्षिले पनि अनुसरण गरेका छन् भन्ने कुरा कवितामा व्यक्त गरेका छन् । कतै भक्ति कीर्तन, कतै काव्य वाचन, कतै दिव्य प्रवचन भइरहेको दृश्य त्यहाँ जो कोहिले पनि देख्न सक्दछन् । जहाँ त्रिशूली र काली गण्डकीको समागमको दृश्य अलौकिक आनन्दले भरिपूर्ण छ । सामान्यदेखि उच्च ओहोदाका जनहरूको जमघट हुने स्थलको रूपमा कविले देवघाटलाई लिएका छन् । झन् काव्य गोष्ठी त अलौकिक हुने जहाँ देशैभरका कविहरूको आगमन हुन्छ । अनेक गूढ रहस्यले युक्त नवै रसले परिपाक भएको कविताको वाचन हुने काव्ययामिनी स्वर्गीय आनन्द लिने स्थान हो । यस्तै यस्तै भावले  कविताको अन्त्य भएको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा ८ अक्षरले युक्त प्रमाणिका छन्दमा रचिएको छ । अनुष्टुप् छन्दसँग अक्षर संख्या मिले पनि गण संयोजनमा फरक भएकोले यो छन्द अझ लयात्मक हुन्छ । यहाँ पनि लयविधानमा कवि सजग रहेका छन् ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा कविले रामानन्द स्वामीले स्थापना गरेको गुरुकुलको प्रशंसा गर्ने क्रममा रामानन्द गिरिलाई भगवान रामको संज्ञा दिएका छन् जसले गर्दा  दृष्टान्त अलङ्कारको संयोजन भएको

छ । त्यस्तै चराहरूले पनि वेदध्वनिको आवाज निकाल्छन् भनेर वर्णन गरेका छन् । त्यसैले यहाँ उत्प्रेक्षा अलङ्कारको आभास हुन्छ ।

### च. भाषाशैली

हिन्दुमात्रको पवित्र तीर्थस्थलमा आयोजना हुने काव्य गोष्ठीको नाम हो मकर काव्ययामिनी । यही गोष्ठीको यथार्थ वर्णन कविले कवितामा गरेका छन् जुन सबैका लागि बोधगम्य रहेको छ । तत्सम शब्दको प्रयोगको बाहुल्यता कवितामा रहेको छ । कतै कतै क्लिष्ट शब्दको प्रयोग गरिएको भए पनि सहजैसित अर्थबोध हुने गरी वाक्य संयोजन भएको छ । यसरी हेर्दा कविताको भाषाशैली सामान्य नै रहेको छ ।

## ४.२.३० सत्ता मिले भैगयो

'सत्ता मिले भैगयो' कविता सत्ता नपाउँदा जनताको पक्षमा भाषण गर्ने र सत्ता प्राप्तिपछि आफ्नो कर्तव्य र वाचा बिर्सने राजनीतिक नेतृत्वप्रति व्यङ्ग्य गर्दै वि.सं. २०६९ को भानुजयन्तीको अवसरमा लेखिएको हो । यहाँ मुलुकको दुरावस्थाको चित्रण गरिएको छ । प्रस्तुत कविता तत्कालीन अवस्थामा जनताको नेतृत्व वर्गप्रतिको आक्रोशको नमुना हो ।

### क. शीर्षक

लामो समयसम्म आन्तरिक द्वन्द्वको चपेटामा परेको मुलुकले शान्तिको श्वास फेर्न लागेको बेलामा नेतृत्ववर्गले देखाएको सत्तालोलुपलाई व्यङग्य गर्दै लेखिएको कवितामा नेतृत्ववर्गको यथार्थ चरित्र चित्रण गरिएको छ । उनीहरूको उद्देश्य भनेको जसरी पनि सत्ता प्राप्ति नै भएको कुरा कवितामा वर्णन गरिएको छ । त्यसैले यस कविताको शीर्षक 'सत्ता मिले भैगयो' सार्थक रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता कवितासङ्ग्रहमा रहेका कविताहरूमध्ये लामा कविताको श्रेणीमा पर्ने कविता हो । लामो आयामको कविताको श्लोक संख्या १६ रहेको छ । जम्मा ६४ हरफमा विस्तारित कवितामा नेतृत्ववर्गको कडा आलोचना गरिएको छ । नेताहरूको जनताप्रतिको भावना कस्तो छ भन्ने कुरा कविताले प्रष्ट्याएको छ । यस्ता विषयलाई केन्द्रमा राखेर लेखिएको कविताको आन्तरिक संरचना बलियो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

अन्य कविताजस्तै यस कवितामा पनि कविको राष्ट्रप्रतिको प्रेम र नेतृत्वप्रतिको आक्रोश व्यक्त भएको छ । सत्ता बाहिर रहँदा जनतालाई झुटो आश्वासन दिने, जनमुखी नारा लगाउने र सत्ता प्राप्तिपछि सबै कुरा विर्सने नेताहरूलाई व्यङ्ग्य गर्दै लेखिएको कवितामा नेताहरूको कुकर्मलाई प्रस्तुत गरिएको छ । सत्तामा पुगे पछि के के हुन्छ भन्ने कुरा यहाँ वर्णन गरिएको छ । सर्वप्रथम सत्ताको महरूपी रह अर्थात दहमा डुवेपछि अन्धो हुने र आफ्ना वाचा विर्सेर कुर्सिमात्र देख्ने प्रवृत्ति नेतामा देखापर्दछ । सर्वसाधारणलाई आपसमा फुटाएर आफू मस्त बस्ने नेताको स्वभाव हुन्छ । सत्ता टिकाउनमा विदेशी प्रभुलाई पुकार्ने, नचाहिँदा भाषण गरेर जनतालाई ढाँट्ने, देशको ढुकुटी रित्याएर आफ्नो कोष भर्ने, खान नपाएर भोकभोकै मरेका जनताको वास्ता नगरी आफू मोज मस्ती गर्ने, देशको सीमा अतिक्रमण हुँदा पनि वास्ता नगर्ने जस्ता प्रवृत्ति नेतामा देखा परेको छ । नेपाली युवा बाहिर गएर पसिना बगाए पनि, मृत्यु वरण गरे पनि, राष्ट्रियतामाथि कसैले धावा बोले पनि नेताले केही नगर्ने खाली कुर्सिकै वरिपरि बसिरहने प्रवृत्तिलाई कवितामा वर्णन गरिएको छ । सत्ता प्राप्तिपछि साँच्चै नै अन्धा हुने कुरा नेपालको सन्दर्भम यथार्थ बन्न गएको छ । राष्ट्र र रष्ट्रियतालाई केन्द्रमा राखेर लेखिएको कविताको भाव निकै नै महत्त्वपूर्ण रहेको छ ।

### घ. छन्द तथा लयविधान

अन्य कविता जस्तै यस कवितामा पनि प्रत्येक चरणमा १९ अक्षरको संयोजन हुने शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । गायन र वाचनमा उत्कृष्ट मानिएको छन्दको प्रयोगले कविता लयात्मक बनेको छ । कविले यस कवितामा लयविधानलाई ख्याल गरी कविताको रचना गरेका छन् ।

> निर्धाको पसिना चुसी महल वा लाखौँ थरी साधन
> गाडी सेवक साथ अन्य सुविधा आवास आजीवन ।
> जे आवश्यक पर्छ दिन्छु सब ती दर्बार होस् सुन्दर
> भोको पेट रहोस् भलै गरिबको, कुर्ची नहल्लोस् तर ॥

यस पद्यमा सामान्य अर्थको प्रयोग भएको छ तर पनि साधन, आजीवन, सुन्दर, तरजस्ता शब्दको प्रयोगले कविता लयात्मक बन्न पुगेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा कविको नेतृत्वप्रतिको आक्रोश रहेको छ । नेतृत्ववर्गले देखाएको दुश्चरित्रलाई यहाँ यथार्थ वर्णन गरिएको छ । सामान्य अन्त्यानुप्रासका अतिरिक्त कुनै पनि साहित्यिक अलङ्कारको प्रयोग यहाँ पाइँदैन ।

### च. भाषाशैली

नेतृत्वको द्वैध चरित्रको वर्णन यस कवितामा गरिएको छ । पहिला अनेक कुरा गरेर सपना बाँड्ने र सत्तारोहणसँगै सबै कुरा विर्सने प्रवृत्तिलाई यहाँ व्यङ्ग्य गरिएको छ । सामान्य हुँदाहुँदै पनि यहाँको भाषाशैली अलिक व्यङ्ग्यात्मक बन्न पुगेको छ ।

## ४.२.३१ हामी कोपिला

'हामी कोपिला' कविता यस सङ्ग्रहमा सङ्ग्रहित कवितामध्ये एकमात्र बाल कविता हो । यस कवितामा बालकका भावनालाई कवितात्मक रूप दिई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । यसमा पढ्ने, लेख्ने, पिता-माता र गुरुबाट शिक्षा लिने र मिलिजुली सामाजिक उन्नतिमा लागिपर्ने प्रेरणात्मक भावाभिव्यञ्जना रहेको छ ।

### क. शीर्षक

फूल फुल्नुभन्दा पहिलाको अवस्थालाई कोपिला भनिन्छ । यहाँ कोपिला भनेर बालबालिकालाई भनिएको हो । आजको कोपिला नै भोलिको फूल हुने हो । कोपिलामा कुनै विकार हुँदैन त्यसैगरी बालबालिकामा पनि कुनै विकार हुँदैन । बालबालिकाको निश्छल स्वभावलाई यहाँ वर्णन गरिएको छ । त्यसैले यस कविताको शीर्षक 'कोपिला' सान्दर्भिक नै रहेको छ ।

### ख. संरचना

कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये आयामका हिसाबले छोटो कोटिको वर्गमा पर्न सफल 'कोपिला' कविता जम्मा ४ श्लोकमा संरचित भएको छ । १६ हरफमा विस्तार भएको कवितामा बालबालिकाको चञ्चल स्वभावको वर्णन गरिएको छ ।

**ग. भावविधान वा विषयवस्तु**

बालकविता कोपिलामा कविले बालबालिकाको चञ्चल स्वभाव, निष्कपट माया र राम्रो स्वभावको वर्णन गरिएको छ । कोपिलासँग बालबालिकालाई दाँजिएको छ । आजका साना बालबालिका भोलिका कर्णधार हुन् । यिनै बालबालिका भोलिका दार्शनिक, वैज्ञानिक, लेखक, नेता, पत्रकार, डक्टर, इन्जिनियर जे पनि हुन सक्छन् । नारायणीको जलजस्तो पवित्र भावना भएका यिनीहरू भित्र उर्वर भावना रहेका छन् । आमा बुबा र गुरुबाट प्राप्त शिक्षाले सबैको इच्छा पूरा गर्न तत्पर हुनेछन् । आपसी सद्भाव कायम गर्दै देशलाई उन्नतिको शिखरमा यिनैले पुऱ्याउँछन् भन्ने भावना हामी कवितामा पाउँछौं । बालबालिकालाई प्रेरणा दिँदै लेखिएको कवितामा विषयवस्तु र भावको संयोजन राम्रो रहेको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रतिचरण ११ अक्षरले युक्त उपजाती छन्दमा रचिएको छ । उच्चारण र वाचनका हिसाबले अत्यन्तै रुचाइएको छन्द लययुक्त पनि रहेको छ । अन्त्यानुप्रासलाई ख्याल गरेर लेखिएको कविता श्रवणयोग्य र गेयात्मक पनि रहेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

यस कवितामा बालबालिकालाई कोपिला भनेर भनिएको छ । दुबैको अवस्था एकै भएको र स्वभाव पनि एकै भएकाले कविले यस्तो संज्ञा दिएका हुन् । त्यसैले यहाँ दृष्टान्त अलङ्कारको संयोजन पाउन सकिन्छ । यसका अतिरिक्त आलङ्कारिक शब्दको प्रयोग भए पनि साहित्यिक अलङ्कारको प्रयोग पाइँदैन ।

**च. भाषाशैली**

यस कवितामा कविले बालबालिकाको स्वभाव वर्णन गरेकाले सामान्यार्थ लाग्ने भाषाको प्रयोग गरेका छन् । दृष्टान्त दिँदा अन्य चिजको दिए पनि भाषा बोधगम्य रहेको छ । जो कोही पाठकले पढ्नासाथ कविताको भाव बुझिहाल्ने खालको भाषा कवितामा पाइन्छ ।

### ४.२.३२ गैँडाकोट

'गैँडाकोट' कविता पश्चिमाञ्चलको तत्कालीन नवलपरासीअन्तर्गत पर्ने गैँडाकोट नगरपालिकाका प्राकृतिक रम्यता, सामाजिक जागरण, साहित्यसंस्कृतिको संरक्षण र जनताको स्वावलम्बी प्रवृत्तिको प्रशंसा गर्दै लेखिएको हो ।

**क. शीर्षक**

भौगोलिक रूपमा नेपालको पश्चिामाञ्चलमा पर्ने तत्कालीन नवलपरासी हाल नवलपुर जिल्लामा अवस्थित सानो नगरको वर्णन कवितामा गरिएको छ । नारायणी नदीको तीरमा अवस्थित गैँडाकोटको भौगोलिक, सांस्कृतिक र सामाजिक अवस्थाको चित्रण कवितामा गरिएको छ । जहाँको वर्णन कवितामा गरिएको छ त्यही स्थानको नाम शीर्षकमा चयन गरिएकोले शीर्षक सार्थक रहेको छ ।

**ख. संरचना**

प्रस्तुत कविता मध्यम आयाम भएको फुटकर कविता हो । यसमा जम्मा ७ श्लोक रहेका छन् । जम्मा २८ हरफमा विस्तारित कवितामा गैँडाकोटको यथार्थ वर्णन गरिएको छ । त्यहाँको प्रकृतिको वर्णन कवितामा सरसपाराले गरिएको छ । यस्तो विषयवस्तुलाई कविले वर्णन गरेकाले यस कविताको आन्तरिक संरचना पनि सबल रहेको छ ।

**ग. भावविधान वा विषयवस्तु**

नेपालको मेचीदेखि महाकाली र हिमालदेखि तराइसम्ममा धेरै शहरहरू रहेका छन् । तीमध्ये एक हो गैँडाकोट । गैँडाकोट पश्चिमाञ्चलको लुम्बिनी अञ्चलअन्तर्गत तत्कालीन नवलपरासी हाल नवलपुर जिल्लामा अवस्थित छ । गैँडाकोटको भौगोलिक, सांस्कृतिक र सामाजिक अवस्थाको वर्णन यहाँ गरिएको छ । शीरमा मौलाकाली, पाउमा नारायणी नदीको बीचमा अवस्थित गैँडाकोट शहर तीर्थै तीर्थले भरिपूर्ण रहेको छ । साहित्यको उर्वरा भूमिको रूपमा रहेको यस स्थानमा धेरै साहित्यिक व्यक्तिहरू रहेका छन् । यसको पूर्वमा नारायणगढ, दक्षिणमा नारायणी नदी, दायाँ बायाँ घना जङ्गल रहेका छन् । नारायणी नदीको स्वच्छ जलले सिञ्चित भूमि सधैँ स्वच्छ निर्मल रहेको छ । दक्षिणावर्त भई बगेको नारायणी नदीले यसस्थानलाई अझ मनोरम बनाएको छ । त्यहाँ अवस्थित जङ्गलले हरियो वस्त्र लगाएकी प्रमदा जस्तो देखिन्छ । यहाँको

प्राकृतिक अवस्था साँच्चै नै दिव्य रहेको छ । यस्ता विषयवस्तुलाई कविले भावपूर्ण ढङ्गले वर्णन गरेका छन् ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता पनि अन्य कविताजस्तै प्रत्येक चरणमा १७ अक्षरको संयोजन भएको मन्दाक्रान्ता छन्दमा रचिएको छ । गायनका हिसाबले उत्कृष्ट मानिएको छन्दको प्रयोगले कविता लयात्मक र गेयात्मक बनेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

प्रस्तुत कवितामा कुनै स्थान विशेषको वर्णन गरिएको छ । भौगोलिक अवस्थाको वर्णन गर्दा यहाँ प्रकृतिको वर्णनमा नै कविको समय बितेको छ । गैँडाकोटलाई कविले स्वर्गको संज्ञा दिएका छन् । कवितामा आलङ्कारिक शब्दको बाहुल्यता पाइन्छ । अनुप्रासयुक्त कवितामा यसका अतिरिक्त साहित्यिक अलङ्कारको प्रयोग खासै पाइँदैन ।

**च. भाषाशैली**

कविको वासस्थान रहेको स्थानको वर्णन यस कवितामा गरिएको छ । त्यहाँको परिवेश, सामाजिक अवस्था र भौगोलिक अवस्थितिलाई सामान्य शैलीमा लेखिएको छ । अभिधात्मक भाषाको बाहुल्यता यस कवितामा भएको छ । पाठकले पढ्नासाथ अर्थको बोधगम्य हुने भाषाको प्रयोगमा कवि सचेत देखिन्छन् ।

## ४.२.३३ काव्यसरिता

'काव्यसरिता' कविता देवघाटस्थित परमानन्दसंस्कृत गुरुकुलमा परमानन्दस्मृति दिवसमा आयोजना हुने काव्य गोष्ठीको वर्णन गर्दै लेखिएको कविता हो । यसमा पनि कविले काव्ययामिनीमा जस्तै त्यहाँको यथार्थ वर्णन गरिएको छ ।

**क. शीर्षक**

प्रत्येक वर्ष परमानन्द स्मृति दिवस पारेर हरिहर आश्रममा विभिन्न कार्यक्रमहरूको आयोजना हुने गर्दछ । त्यसै कार्यक्रममध्ये एक हो परमानन्द काव्यसरिता । यस कार्यक्रममा विभिन्न कवि लेखकले आ-आफ्ना रचनाहरू वाचन गरेर सुनाउने गर्दछन् । यसै कार्यक्रमको वर्णन गर्दै कविले

कविता लेखेका छन् र शीर्षक पनि काव्यसरिता भनेर राखेका छन् । यस कविताको विषयवस्तुलाई हेर्दा शीर्षक सान्दर्भिक नै देखिन्छ ।

### ख. संरचना

'काव्यसरिता' कविता मध्यम आयामको फुटकर कविता हो । ४ श्लोकमा संरचित कवितामा जम्मा १६ हरफ रहेको छ । कविले यस कवितामा शीर्षकको वर्णविश्लेषण गर्दै नयाँ शैलीको संरचनामा कविता लेखेका छन् । 'परमानन्द काव्यसरिता बगुन् नेपालमा' भन्ने वाक्यको १६ अक्षरबाट क्रमशः कविताको उठान गरी त्यस स्थानको वर्णन गरेका छन् । यसरी हेर्दा कविताको आन्तरिक र बाह्य संरचना नै उत्कृष्ट रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

काव्यसरिता शब्द दुई शब्दले बनेको छ । काव्य र सरिता । काव्यको अर्थ कविको भाव भन्ने हुन्छ भने सरिताको अर्थ नदी भन्ने हुन्छ । काव्यको नदी नै काव्यसरिता हो । परमानन्द गुरुकुलमा साहित्यको विकास यस्तो होस् भन्ने कविको चाहना रहेको छ । साहित्यको बत्ती बलेर हृदयको कालो अन्धकार दूर होस्, काव्यकलाको विकास होस् सँगसँगै कोकिलको मीठो आवाज सुन्न पाइयोस् । संसारी बन्धनबाट मुक्त हुँदै दिव्यपथमा यात्रा गर्न सकौँ, सदाशिव भगवानको कृपा निरन्तर रहिरहोस् । यहाँका ब्राह्मण वटुकहरू प्राज्ञ बनेर देशहितमा लागून्, साहित्यरूपी अमृतगङ्गा जनजनमा पुगोस्, सत्साहित्यको लागि अपूर्व धनी बन्न सकोस् भन्ने भावना कविको रहेको छ । यहाँ आएपछि मोक्षको द्वार खुलोस्, अपूर्व काव्यसरितामा सबैले डुबुल्कि मार्न सकून् भन्ने इच्छा कविको रहेको छ । यस्ता विषयवस्तुलाई कवितामा कविले भावपूर्ण ढङ्गले उठाएका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता यस सङ्ग्रहमा बढी प्रयोग भएको शार्दूलविक्रीडित छन्दमा रचिएको छ, जसमा प्रत्येक चरणमा १९ अक्षरको संयोजन रहेको हुन्छ । पहिला १२ अक्षर र पछि सातौँ अक्षरमा विराम गरेर वाचन गरिने छन्द सबभन्दा बढी रुचाइएको छन्द हो । यस छन्दमा रचित कविता लयात्मक र गेयात्मक रहेका हुन्छन् । अनुप्रासले युक्त कविता लयबद्ध रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । साहित्यलाई नदीसँग तुलना गरिएको छ । आलङ्कारिक शब्दको बाहुल्यता रहेको कवितामा मानवजीवनलाई काव्यरूपी नदीले पवित्र बनाओस् भन्ने भावना प्रकट गरिएको छ ।

### च. भाषाशैली

काव्यगोष्ठीको वर्णन गरिएको कवितामा साहित्यिक भाषाको प्रयोग गरिएको छ । अभिधा सँगसँगै लक्षणा अर्थले युक्त भाषाको प्रयोगमा कवि उद्यत रहेका देखिन्छन् । जीवनलाई मोक्षको बाटोमा लैजान आह्वान गर्दै लेखिएको वाक्यांशमा अलिक क्लिष्ट शब्दको संयोजन भए पनि सामान्यार्थ भाषाशैलीकै बाहुल्यता कवितामा पाइन्छ ।

## ४.२.३४ वृद्धको आर्तनाद

'वृद्धको आर्तनाद' कविता वृद्धावस्थामा सन्तानबाट भोग्न विवश अपमानजन्य तिरस्कारतर्फ सङ्केत गर्दै लेखिएको हो । कवितामा वृद्ध मातापितालाई मन वचन र कर्मले सेवा गर्न सन्ततिलाई आह्वान गरिएको छ ।

### क. शीर्षक

प्रस्तुत कवितामा वृद्ध-वृद्धाले भोग्नुपरेको असहज परिस्थितिलाई वर्णन गरिएको छ । आधुनिक समयमा सन्तान विदेश पलायन हुनाले धेरै आमाबाबुले दुःख पाएका हुन्छन् । शिक्षा आर्जनका शिलशिलामा विदेश जाने र उतैतिर घरजम गर्ने परिपाटिले यो समस्या उब्जिएको हो । शिक्षित सन्तानले पनि आफ्नो कर्तव्यलाई पालन नगर्नाले वृद्धावस्थामा धेरैले दुःख पाएका छन् । यसै विषयलाई कविले कवितामा उठाएका छन् । विषयवस्तु वृद्धवृद्धासँग सम्बन्धित भएकोले शीर्षक 'वृद्धको आर्तनाद' सापेक्ष रहेको छ ।

### ख. संरचना

'वृद्धको आर्तनाद' मध्यम आयामको फुटकर कविता हो । ६ श्लोकमा संरचित कवितामा जम्मा २४ हरफ रहेका छन् । वृद्धावस्थाको मनको पीडा र व्यथालाई कवितामा उठाइएको छ भने यहाँ

सन्ततिलाई पनि आफ्ना बाबुआमाको पीडा र व्यथालाई हटाउन आग्रह गरिएकोले कविताको आन्तरिक संरचना पनि राम्रो रहेको छ ।

## ग. **भावविधान वा विषयवस्तु**

मानिस बाल्यावस्थादेखि निरन्तर समयको चक्रमा अगाडि बढिरहेको हुन्छ । बाल्यावस्थाबाट यौवनावस्था, प्रौढावस्था हुँदै वृद्धावस्थामा पुग्दछ । प्रत्येक अवस्थाका आ-आफ्नै विशेषताहरू रहेका हुन्छन् । शारीरिक अवस्थामा पनि परिवर्तन हुँदा वृद्धावस्थामा मानिस शारीरिक दुर्बलताको शिकार हुन पुग्दछ । उमेर अन्तरका कारण आफ्ना सन्ततिसँग उनीहरूको कुरा मिल्दैन । अनि उनिहरूको मनमा वितृष्णा पैदा हुन पुग्दछ त्यसैलाई कविले आर्तनाद शब्दको प्रयोग गरेका छन् । उनीहरूको चाहना र सन्ततिको व्यवहारमा भिन्नता हुँदा उनीहरूमा आफूले सन्ततिलाई गरेको माया र ममताको झझल्को आउने र झन मनमा पीडा थपिने कुरा कवितामा भनिएको छ । सम्पूर्ण धनसम्पति जाय जेथा छोराछोरीको शिक्षादीक्षामा सकेका बाबुआमाले छोराछोरीबाट सुखी भविष्यको सपना देखेका हुन्छन् । तर पछि त्यसको विपरीत अवस्था आउँदा उनीहरूमा नैराश्यता छाउँछ, त्यसैले उनीहरूले सन्ततिबाट मीठो बोली बचनको अपेक्षाका शिवाय अरु केही पनि राख्दैनन् ।

समयको चक्रमा जो पनि बालक, युवा, प्रौढ हुँदै वृद्ध हुनुपर्ने कुरा कविले यहाँ उठाएका छन् । युवावस्थाका मान्छे नै पछि वृद्ध हुने हो, कसैले पनि घमण्ड नगरे हुन्छ । त्यसैले आफ्ना बाबुआमाको मनको इच्छा बुझेर स्याहार सुसार गर्न, उनीहरूलाई माया गर्न, पथ्य खानाको प्रबन्ध गरिदिन सम्पूर्ण छोराछोरीलाई कविले कवितामा आग्रह गरेका छन् । यसो गरेमात्र वृद्धवृद्धाको आशीर्वचन सदैव रहिरहन्छ भन्ने कुरा सबैले सम्झनुपर्दछ ।

## **घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा १७ अक्षरको संयोजन हुने मन्दाक्रान्ता छन्दमा रचिएको छ । मन्दाक्रान्ता गायनका लागि उत्कृष्ट मानिएको छन्द हो । वृद्धवृद्धाको आर्तनाद कवितामा प्रस्तुत गरिएकाले कविता मार्मिक बनेको छ । लयबद्ध गरी लेखिएको कविता लयविधान र गायनमा अब्बल रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा करुण रसको संयोजन भएको छ । मनको पीडालाई कवितात्मक रूप दिइएको हुनाले कविता मार्मिक बन्नपुगेको छ । यहाँ अलङ्कारभन्दा पनि पीडाको दर्दनाक अवस्थाको वर्णन गरिएको छ ।

### च. भाषाशैली

'वृद्धको आर्तनाद' कविता सामान्य भाषाशैलीमा लेखिएको छ । दुःख, पीडा, व्यथा आदिको वर्णन कवितामा रहेको छ । पाठकले पढ्नासाथ अर्थको बोध गर्न सक्ने खालको भाषाशैली यस कवितामा रहेको छ । अभिधात्मक भाषाशैलीको प्रयोग कविको विशेषता रहेको छ ।

तस्मात् इच्छा भरसक बुझी वृद्ध माता पिताको
सेवा गर्नू मनवचनले कर्मले जो सकेको
न्यास्रो लाग्दा अनमन हुँदा प्रेमले बन्नु साथी
मिल्ला आशीर्वचन अनि योग्य सन्तानमाथि ॥

यस पद्यमा सन्तानको कर्तव्यको वर्णन सामान्य भाषाशैलीमा गरिएको छ । के गर्दा बाबु आमा खुसी हुन्छन् । सन्ततिको कर्तव्य के हो ? दायित्व के हो ? भन्ने कुराको वर्णन गरिएको छ ।

## ४.२.३५ धिक्कार्लान् सहिदले

'धिक्कार्लान् सहिदले' सहिदले देखेका सपना पूरा गर्नपर्नेमा आफू-आफूमा वेमेलको अवस्था सिर्जना गरेर सबैले आ-आफ्नो दुनो सोझ्याउने काममा तल्लीन नेताहरूलाई सम्झाउने उद्देश्यले लेखिएको कविता हो ।

### क. शीर्षक

प्रस्तुत कविता सहिदको प्रशंसा गर्दै लेखिएको हो । उनीहरूका उद्देश्य के थिए ? सपना कस्तो देखेका थिए ? ती सबै पूरा भएकि भएनन् ? जस्ता प्रश्नको खोजी कवितामा गरिएको छ । उनीहरूले जेका लागि लडेका थिए त्यो प्राप्तिमा आजका हामी लाग्नुपर्नेमा अन्यत्रै अल्मलिएको प्रति कविले सचेत गराएका छन् । यदि हामीले उनीहरूको सपना साकार गर्न सकेनौं भने हामी

र हाम्रा सन्ततिलाई धिक्कार्नेछन् भन्ने भाव भएको कविताको शीर्षक पनि 'धिक्कार्लान् सहिदले' राख्नु औचित्यपूर्ण रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता फुटकर कविताको लामो आयाममा पर्दछ । ११ श्लोकमा संरचित कवितामा जम्मा ४४ हरफ रहेका छन् । देशप्रेम र राष्ट्रियताले ओतप्रोत भएको कवितामा सहिदका सपनालाई केन्द्रमा राखिएको छ । यस्तो भावनाले युक्त कविताको आन्तरिक संरचना पनि कविले सुदृढ बनाएका छन् ।

### ग. भावविधान वा विषयवस्तु

नेपालमा पटक पटकको आन्दोलनमा धेरै मानिसले ज्यान गुमाएका छन् । देशको समृद्धिका निम्ति जीवन उत्सर्ग गर्ने महान त्यस्ता महान् योद्धाहरूलाई सहिद भनिन्छ । राणा शासनको अन्त्यका लागि, वि.सं. २०४६मा प्रजातन्त्रको स्थापनाका लागि, वि.सं. २०६२/६३ मा गणतन्त्रको लागि भएका आन्दोलनका क्रममा धेरै नेपालीले सहादत प्राप्त गरेका थिए । तिनीहरूको उद्देश्य देशको समृद्धि थियो । अन्यायको अन्त्य र न्यायको खोजी नै प्रमुख लक्ष्य थियो । तिनीहरूको सपना सम्पूर्ण नेपालीको थियो । ती सपना पूरा नहुँदै जीवन उत्सर्ग गरेका तिनीहरूको आत्माले हाम्रो कामको मूल्याङ्कन अवश्य नै गरिरहेका छन् । भौतिकरूपमा हामी माझ नभएपनि उनीहरूको कार्यले उनीहरूलाई अमर बनाइरहेको छ । तिनीहरूको सपनालाई हामीले साकार पार्नुपर्छ नत्र तिनीहरूले हामीलाई धिक्कार्छन् भन्ने कुरा कवितामा वर्णन गरिएको छ । सहिदको कार्यको भरपूर प्रशंसा कवितामा गरिएको छ । साहस र धैर्यका अगाडि सिंहासन पनि झुक्तो रहेछ भन्ने भाव यहाँ पाइन्छ । मुलुकका साझा सम्पतिका रूपमा कविले सहिदलाई कवितामा उभ्याएका छन् । हामी सबै मिलेर देशको उन्नति गर्न लागेनौं भने अवश्य नै तिनीहरूको आँसुले हामीलाई धिक्कार्छ भन्ने भावले सिञ्चित भएको कविता निकै नै ओजपूर्ण रहेको छ ।

### घ. छन्द तथा लयविधान

यस कवितामा पनि अन्य कवितामा जस्तै प्रत्येक चरणमा १९ अक्षरको संयोजन हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । गायनमा उत्कृष्ट मानिएको छन्दको प्रयोगले कविता लयात्मक र गेयात्मक बनेको छ ।

धर्तीपुत्र भयौ, भयौ मुलुकका सम्पत्ति साझा भयौ
नेपाली जनका मनोनगरका आत्मीय राजा भयौ ।
छैनौ भौतिक देहमा, हृदयमा बाँचीरहेछौ तिमी
भर्दै जोस समस्त देश हितमा नाचीरहेछौ तिमी ॥

यस पद्यमा सहिदको प्रशंसा गरिएको छ । अर्थमाभन्दा पनि कविताको महत्त्व लयमा रहने हुनाले यहाँ अर्थ गौण रहेको छ भने कविताको लय मुख्य रहेको छ । भयौ, तिमी, साझा, राजा शब्दको पुनरावृत्ति र प्रयोगले कविता लयात्मक बन्न पुगेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कवितामा सहिदको सपना के थियो र त्यो हामीले पूरा गर्न सके सकेनौं भन्ने कुराको उठान गरिएको छ । आलङ्कारिक शब्द र भाषाको प्रयोग कविताम प्रशस्तै रहेका छन् तर पनि त्यस्तो कुनै साहित्यिक अलङ्कारको उदाहरण यस कवितामा भएको पाइँदैन ।

### च. भाषाशैली

प्रस्तुत कवितामा कतै कतै लक्षणायुक्त भाषाशैलीको प्रयोग भएको भए पनि सामान्यार्थको बाहुल्यता रहेको छ । पाठकले पढ्नासाथ कविताको अर्थ र भाव सहजैसँग बुझिहाल्ने खालको भाषाको प्रयोगमा कवि सचेत देखिन्छन् ।

## ४.२.३६ भूकम्प पीडितप्रति शब्दपुष्प

प्रस्तुत कविता नेपालमा गएको विनाशकारी भूकम्पबाट दुःखपाएका जनहरूको दुःख र पीडालाई सम्झदैं लेखिएको हो ।

### क. शीर्षक

भूकम्पले सारा वासस्थान क्षतिग्रस्त बनाएको र त्यही पीडामा सारा जन रोइरहेको दृश्यलाई सम्झदैं लेखिएको कविताको शीर्षक 'भूकम्प पीडितप्रति शब्दपुष्प' सार्थक रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता यस सङ्ग्रहको छोटो आयामको कविता हो । जम्मा ६ श्लोकमा संरचित कवितामा जम्मा २२ हरफ रहेका छन् । पहिलो श्लोक २ हरफको छ भने बाँकी ५ श्लोक चार चार हरफका रहेका छन् ।

**ग. भावविधान वा विषयवस्तु**

वि.सं. २०७२ साल वैशाख १२ गते गएको महाभूकम्पबाट नेपालमा धेरै जनधनको क्षति भएको थियो । धेरै घरवार विहिन र धेरै परिवार विहिन हुनपुगेका थिए । प्रस्तुत कविता भूकम्पबाट जीवन गुमाउन पुगेका र पीडा भोग्न बाध्य भएका जनहरूप्रति समर्पित रहेको छ । भूकम्पले के-कस्तो विध्वंस गरेको थियो भन्ने चर्चा कवितामा गरिएको छ । सम्पूर्ण धर्तीलाई नै चिरा चिरा पारेर अस्थिर बनाएको थियो । महाप्रलयजस्तो क्षणभरमै सम्पूर्ण भौतिक र प्राकृतिक चिजको नष्ट भएको थियो । भूकम्प पूर्वजानकारी विना नै आउने र क्षणभरमै सारा सृष्टि खल्वल्याउने दैवी प्रकोप हो । यसलाई कसैले रोक्न र छेक्न सक्दैन भन्ने भावको कविताद्वारा कविले भूकम्प पीडितलाई शब्दपुष्प चढाएका छन् ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा ८ अक्षरको संयोजन हुने अनुष्टुप् छन्दमा रचिएको छ । लेखनका हिसाबले यो छन्द सरल मानिन्छ । यसमा प्रत्येक चरणमा ३ अक्षरका लागि मात्र निश्चित नियम रहेको हुन्छ । प्रायः पौरस्त्य वाङ्मयका ग्रन्थहरूमा यस छन्दको बाहुल्यता रहेको हुन्छ । पढ्दा सरल र लयात्मक हुनु यस छन्दको विशेषता हो ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

दैवी प्रकोपले विध्वंश बनाएको दृश्यको वर्णन कवितामा गरिएको छ जुन यथार्थ चित्रण हो । त्यसैले यहाँ कुनै साहित्यिक अलङ्कारको प्रयोग पाइँदैन । आलङ्कारिक शब्दको प्रयोग भने कवितामा पाइन्छ ।

**च. भाषाशैली**

'भूकम्प पीडितप्रति शब्दपुष्प' कवितामा सामान्य भाषाशैलीको प्रयोग गरिएको छ । दुःख-पीडालाई वर्णन गरिएकाले करुणरसको प्रयोग यहाँ पाइन्छ । जो कोहीले पनि पढ्नासाथ अर्थबोध गर्न सकिहाल्ने खालको शैली यहाँ पाइन्छ ।

## ४.२.३७ कविता ! निस्क बाहिर

अघिल्लो कविता जस्तै यो कविता पनि भूकम्पको चोटले थिचिएको अवस्थामा कविले वरपर देखेका दृश्यको वर्णन गर्ने शिलशिलामा लेखिएको कविता हो ।

### क. शीर्षक

यहाँ पनि कविले भूकम्पको त्रासले आकुल व्याकुल बनेको समाजको यथार्थ वर्णन गरेका छन् । कविता मार्फत दृश्यको वर्णन गर्ने क्रममा कविताको स्फुरण नहुँदा कविले कवितालाई बाहिर निस्कन आग्रह गर्दै लेखिएकोले यस कविताको शीर्षक पनि कविले 'कविता ! निस्क बाहिर' राखेका छन् । यहाँ कविता शब्द द्व्यर्थक बन्न गएको छ । एउटा अर्थमा कवितालाई रचना स्फुरोस भनेर प्रार्थना गरिएको छ भन्ने हुन्छ । अर्को अर्थमा कविता भन्ने व्यक्तिलाई बाहिर आउन आग्रह गरिएको भन्ने हुन्छ । तर यहाँ पहिलो अर्थमा नै कविले कविता लेखेका छन् । त्यसैले यस कविताको शीर्षक औचित्यपूर्ण रहेको छ ।

### ख. संरचना

अघिल्लो कवितामा जस्तै यस कवितामा पनि जम्मा ६ श्लोक रहेका छन् । जम्मा २२ हरफमा विस्तारित भएको कवितामा पनि भूकम्पले दिएको दुःख र पीडालाई वर्णन गरिएको छ । छोटो आयामको कवितामा पनि भाव भने गम्भीर रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

यस कवितामा पनि पूर्ववर्ति कविता जस्तै भूकम्प र भूकम्पबाट ग्रसित जनहरूको दुःख, पीडा र चित्कारलाई वर्णन गरिएको छ । भूकम्प र तज्जन्य पराकम्पले गर्दा मनमन्दिर नै हलचल भएकोले कवितालाई बाहिर निस्कन आग्रह कविले गरेका छन् । अग्ला-अग्ला भौतिक संरचनाभित्र बस्न सबैको मन डराएको छ कविता तिमी पनि बाहिर निस्की विपत्तिमा परेकालाई उद्धार गर भन्ने भाव कविको रहेको छ । कतै टुहुराका आँखामा आँसु टिल्पिलाइरहेका छन्, कतै जवान सन्तानको शव देखेर अभिभावक मूर्च्छित भएका छन् यस्तो दृश्यलाई टुलुटुलु हेरेर नबस भनेर कविले कवितालाई आग्रह गरेका छन् । मानवीय दूराचार बढ्दा पृथ्वीले सहन गर्न नसकेर काँपेकी हुन् कि भन्ने शंका कविमा पर्न गएको छ । मानवमा मानवता हराएकोमा पनि कवि चिन्तित छन् । यसैलाई मौका ठानेर कतिले कमाउन थालेका छन् भने कति अर्काको विपद्मा

रमाएका छन् । यी र यस्ता जनलाई सद्‌बुद्धि दिन पनि देवि कविता ! बाहिर निस्क भन्ने भाव यहाँ प्रकट गरिएको छ ।

### घ. छन्द तथा लयविधान

अघिल्लो कविता जस्तै यस कवितामा पनि प्रत्येक चरणमा ८ अक्षरको संयोजन हुने अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । विध्वंसको वयान कवितामा गरिएको भए पनि कविता लयात्मक रहेको छ ।

### ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान

यस कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । यहाँ कविता भनेर व्यक्ति र साहित्यको एक विधालाई एउटै शब्दले जनाइएको छ । सामान्यार्थमा कविता स्त्रीपात्रलाई कविले सम्बोधन गरेका छन् भने विशेष अर्थमा कविता विधालाई । त्यस्तै गरी भूकम्प प्राकृतिक कुरा हो तर कविले यहाँ मानवीय दूराचार, भ्रष्टाचारजस्ता विषयबाट ग्रस्त पृथ्वी सहन् गर्न नसकेर काँपेकी भन्ने वर्णन गरेका छन् । त्यसैले कवितामा श्लेषालङ्कारको प्रयोग भएको छ ।

### च. भाषाशैली

प्रस्तुत कवितामा कविले कतै-कतै एउटै वाक्यले दुई अर्थ लाग्ने भाषाशैलीको प्रयोग गरेका छन् भने धेरै स्थानमा सामान्यार्थ लाग्ने शैलीको प्रयोगलाई अपनाएका छन् । सरल भाषा र शब्दचयनले कवितालाई सरस बनाएको छ ।

> कुनै मन्दिर भत्केछन् गुम्बा भत्के कतैतिर
> पूरै बस्तीहरू छैनन् पुरिएर कतैतिर
> कतै बस्ती बगाएर पहिरासित भासिए
> देखी विध्वंसको लीला कतै ज्यादै अतासिए ॥

यस पद्यमा भूकम्पले गराएको क्षतिको विवरण सामान्य भाषाशैलीमा कविले सरस तरिकाले गरेका छन् ।

## ४.२.३८ जानकीवन्दना

यस कवितामा कविले जानकी अर्थात् देवी सीताको स्तुति गरेका छन् । संस्कृत साहित्यका अध्येता कवि चालिसेको संस्कृत भाषामा लेखिएको कविता हो । वि.सं. २०५९ मा जयतु संस्कृतम् पत्रिकामा प्रकाशित कवितामा कविले संस्कृतभाषाप्रतिको आफ्नो श्रद्धा देवीको स्तुतिमार्फत प्रकट गरेका छन् ।

### क. शीर्षक

रामायणमा वर्णित कथालाई आधार मानेर जानकीको जीवनमा घटेका परिघटनाहरूको वर्णन गरिएको यस कविताको शीर्षक 'जानकीवन्दना' सार्थक रहेको छ ।

### ख. संरचना

प्रस्तुत कविता ११ श्लोकमा संरचित भएको छ । जम्मा ४४ हरफमा विस्तारित भएको कवितामा जानकीजीको प्रेममय स्तुति गरिएको छ । सुरुका नौ श्लोकमा जानकीको नवधा भक्तिको प्रतीक स्वरूप वन्दना गरिएको छ । पछिका २ श्लोकमा आफ्नो श्रद्धायुक्त वाक्पुष्प जानकीको चरणकमलमा अर्पण गरिएको स्तुतिपद्यको बाह्य र आन्तरिक संरचना दुबै राम्रो रहेको छ ।

### ग. भावविधान वा विषयवस्तु

हिन्दुधर्मावलम्बीहरूले भगवान रामलाई मर्यादा पुरुषोत्तम र जानकी मातालाई पतिपरायणा नारीको रूपमा मान्छौँ । भगवानका अनेक अवतारमध्ये त्रेतायुगको रामावतारलाई पनि विशेष अवतारको संज्ञा विभिन्न पुराणहरूमा दिइएको पाइन्छ । भगवानरामकै शक्तिरूपा हुन् जानकी माता । यस कवितामा कविले जानकी माताको विशेष सम्झना गरेका छन् । अनेक कार्यको सम्झना गर्दै अन्त्यमा त्यस्ती देवीलाई श्रद्धासाथ नमन टक्र्याएका छन् । सांसारिक मायाको जालमा फसेको मानवमात्रको मनको घमण्डलाई आफ्नो पादरजले चकनाचुर पार्दै विश्वलाई आश्रय दिने जनककी पुत्रीरूपा जानकीको चरणकमलमा नमन छ । जसको जन्म नेपालमा भएको हो, उहाँकै लीला र आश्रयले राक्षसकुलको नास गर्न रामलाई सफलता मिलेको थियो त्यस्ती रामकी अर्धाङ्गिनीमा नमन छ । जसको नामरूपी अमृत पान गऱ्यो भने सम्पूर्ण पापका राशिको नष्ट हुन्छ त्यस्ती लोकमा सतीशिरोमणिको रूपमा ख्यातिप्राप्त त्रिलोककी जननीमा

नमन छ । रावणद्वारा छलपूर्वक हरण भएकी हनुमानद्वारा खोजिएकी, भक्तको रक्षा गर्न तत्पर रहने आद्या शक्ति जानकीमातामा कविले आफ्नो नमन टक्र्याएका छन् । राजर्षि जनककी छोरीको रूपमा पृथ्वीबाट जन्मिएकी, रामद्वारा धनुर्यज्ञमा जितिएकी देवीमा नमन छ । नेपालकी छोरीको रूपमा परिचित जानकीको मन्दिर जनकपुर नगरीमा रहेको छ । भौगोलिकरूपमा नेपालभारत दुबैको सांस्कृतिक सेतुको काम गर्न सफल देवी जानकीमा नमन छ । यी र यस्ता स्तुतिले भरिपूर्ण कवितामा प्रार्थना भाव प्रकट गराइएको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता पनि अन्य कविता झैँ प्रत्येक चरणमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । संस्कृतभाषामा रचिएको कविता नेपालीको तुलनामा अलिक् क्लिष्ट रहेको छ । लयात्मकता कविताको गुण हो । यस कवितामा पनि कविले लयविधानलाई ख्याल राखेका छन् । त्यसैले यो कविता लयविधानका दृष्टिले उत्कृष्ट रहेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

संस्कृतभाषामा रचिएको कविता आलङ्कारिक भाषाले युक्त रहेको छ । मिथिलाप्रदेश र जानकीको महिमा गाइएको कवितामा अन्य साहित्यिक अलङ्कारको प्रयोग खासै पाइँदैन । एक पद्यमा जानकीलाई दीपशिखाको रूपमा उभ्याइएको छ । नेपाल भारत दुबै देशको सांस्कृतिक प्रतीकको रूपमा कविले जानकीको प्रशंसा गरेकाले यहाँ दीपकालङ्कारको आभास हुन्छ तर उदाहरणगत अर्थमा मिल्ने देखिदैन ।

**च. भाषाशैली**

प्रस्तुत कविताको भाषाशैली संस्कृतको अत्यन्तै सामान्यार्थ शैलीमा रहेको छ । समस्त शब्दको बाहुल्यता संस्कृतको वैयाकरणीय नियम हो । त्यसैले कविले कवितामा भाषानुकूल शैलीको प्रयोग गरेको पाइन्छ ।

## ४.२.३९ सरस्वतीवन्दना

'सरस्वतीवन्दना' विद्याकी अधिष्ठात्री देवी सरस्वतीको आराधना गर्दै गुणगान र महिमा गाइएको कविता हो । यहाँ कविले सरस्वतीको महिमा स्वकीय शैलीमा गर्नुभएको छ । वि.सं. २०५६ सालमा निशान्तमा छापिएको थियो ।

**क. शीर्षक**

यस कवितामा पनि पूर्व कविताजस्तै सरस्वतीको महिमाको गान गर्दै प्रार्थना गरिएको छ । विद्याका उपासक हामीले सरस्वतीको स्मरण कसरी गर्ने, सरस्वतीको स्वरूपको वर्णन यस कवितामा गरिएको छ त्यसैले कविले शीर्षक सरस्वतीवन्दना राखेका छन् । जुन विषयवस्तु अनुसार मिलेको छ ।

**ख. संरचना**

प्रस्तुत कविता पनि ११ श्लोकमा संरचित भएको छ । जसमा जम्मा ४४ हरफ रहेका छन् । सरस्वतीको स्तुति गरिएको कविता पनि प्रार्थना प्रधान रहेको छ । प्रार्थनालाई केन्द्रमा राखी लेखिएको कविताको बाह्य र आन्तरिक दुबै संरचना उत्कृष्ट रहेको छ ।

**ग. भावविधान वा विषयवस्तु**

प्रस्तुत कवितामा कविले सरस्वतीको महिमा वर्णन गरेका छन् । सरस्वतीको स्वरूप कस्तो छ त भन्दा चार हातमा वीणा, पुस्तक, अक्षमाला र अंकुश लिएकी छिन् । जो सुकै भक्तलाई पनि दया गर्ने स्वभावकी सरस्वती देवी रहेकी छिन् । उनको दया प्राप्त भयो भने लाटो पनि बोल्न थाल्दछ । तीनटै वेदकी जननी आदिकविद्वारा पनि स्तुति गरिएकी सरस्वतीमा नमन छ । हाँसको वाहनमा बसेकी, सेतो कमलको फूल हातमा लिएकी सरस्वतीमा नमन गरिएको छ । संसारको अज्ञानरूपी अन्धकारलाई हटाउने, मोहबाट टाढै बस्न प्रेरित गर्ने सरस्वती देवीमा नमन गर्दै प्रार्थना गरिएको छ । सरस्वती देवीको प्रार्थना पद्य भएकोले कवितामा सकारात्मक भावको प्रयोग भएको छ ।

**घ. छन्द तथा लयविधान**

प्रस्तुत कविता प्रत्येक चरणमा १४ अक्षर हुने वसन्ततिलका छन्दमा रचिएको छ । सरस्वतीको स्वरूप र महिमा वर्णन भएको कविता स्तुतिपद्य हो । संस्कृत भाषामा लेखिएको कविता लयात्मक र गेयात्मक रहेको छ ।

**ङ. बिम्ब-प्रतीक तथा अलङ्कारविधान**

प्रस्तुत कविता संस्कृत भाषाको प्रयोग भएको कविता हो । यस कवितामा आत्म निवेदन शैलीमा सरस्वती देवीको महिमा गाइएको छ । स्तुतिपद्य भएकाले यस कवितामा आलङ्कारिक भाषाको

प्रयोगको बाहुल्यता रहेको छ । संस्कृत शब्द आफैँमा लालित्यपूर्ण हुन्छ । यहाँ त्यस्तै शब्दको प्रयोग बढीमात्रामा भएको छ ।

**च. भाषाशैली**

वन्दना भनेको स्तुति हो । कसैको महिमा र गुणगान गाउनु पनि वन्दना हो । सामान्य अभिधाशैलीको प्रयोग यस कवितामा रहेको छ । समस्त शब्द र सन्धियुक्त पद्य संस्कृतको विशेषता रहेको छ । त्यसैले यहाँ पनि त्यस्ता शब्दको प्रयोग भने भएको छ

## ४.२.४० अस्तु राष्ट्रं सुराष्ट्रम्

'अस्तु राष्ट्रं सुराष्ट्रं' आफ्नो देशको प्राकृतिक र भौगोलिक अवस्थाको वर्णन गर्दै वि.सं. २०७० आश्विन २५ गते लेखिएको कविता हो । संस्कृत भाषामा लेखिएको देशप्रेमले भरिएको कवितामा देशको यथार्थ वर्णन गरिएको छ ।

**क. शीर्षक**

राष्ट्रको हिमाल, पहाड, नदीनाला आदिको वर्णन कवितामा गरिएको छ । चार वर्ण र ३६ जातको साझा फूलबारी नेपाल देश हो । यही देशको उन्नति र प्रगतिको कामना गर्दै लेखिएको कविताको शीर्षक उपयुक्त नै रहेको छ ।

**ख. संरचना**

प्रस्तुत कविता जम्मा ६ श्लोकमा संरचित भएको छ । जम्मा २४ हरफमा फैलिएको कवितामा देशको उन्नति र प्रगतिको भावना प्रकट गरिएको छ । यस्तो विषयलाई कविले कवितामा भावपूर्ण तरिकाले वर्णन गरेकाले यस कविताको आन्तरिक र बाह्य  संरचना  दुबै राम्रो रहेको छ ।

**ग. भावविधान वा विषयवस्तु**

नेपाल राष्ट्र हिमालबाट निरन्तर बगिरहने नदीले युक्त, स्वच्छ पानीले सिञ्चित भूमि हो । प्रकृतिले परिपूर्ण देश जसले जो कसैको पनि मन हरण गर्न सक्दछ । पहाड, झर्ना र तलाउले युक्त स्थानमा वन्यजन्तुको उपस्थितिले झन मनोरम दृश्य प्रदान गर्दछ । यहाँ धेरै जातजाती, भेषभूषा, सांस्कृतिक पहिचान रहेको छ । यही देशमा बुद्ध, जानकी, भृकुटी जस्ता व्यक्तित्वको

जन्म भएको थियो । यस्ता कुराले युक्त देश सानो भए पनि ठुलो  छ । देशको उन्नति प्रगतिको लक्ष्य लिँदै सबै जनता उठ्नुपर्दछ भन्ने भावना कविले कवितामा पोखेका छन् ।

### घ. छन्द तथा लयविधान

प्रस्तुत कविता पनि अन्य कविता जस्तै प्रति चरण १७ अक्षरको संयोजन हुने मन्दाक्रान्ता छन्दमा रचिएको छ । गायनमा उत्कृष्ट  मानिएको छन्दको प्रयोगले कविता अझ लयात्मक र गेयात्मक बन्न पुगेको छ ।

### ङ. विम्ब-प्रतीक तथा अलङ्कारविधान

प्राकृतिक र भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्थाको चित्रण कवितामा गरिएको छ । आलङ्कारिक पदावलीले युक्त कवितामा अनुप्रासयुक्त शब्दको प्रयोग भएको पाइन्छ । यसका अतिरिक्त साहित्यिक अलङ्कारको प्रयोग खासै देखिदैन ।

### च. भाषाशैली

यस कवितामा नेपालको विभिन्न पक्षको विषय उठान गरिएको छ । ती विषयहरूलाई सामान्यार्थ शैलीमा लेखिएको छ । यहाँ भाषामात्र संस्कृत रोजिए पनि सामान्य संस्कृत जान्नेले कविता पढ्नासाथ अर्थको बोध गर्नसक्ने भाषाशैलीको प्रयोग भएको छ । समस्तशब्द र सन्धियुक्त पदावलीले गर्दा अलिक उच्चारणमा कठिन भए पनि कविताको भाषाशैली सरल र सरस रहेको छ ।

## ४.३ निष्कर्ष

कविता साहित्यको सर्वप्राचीन विधा हो । ऋग्वेदबाट सुरु भएको यो विधा हालसम्म पनि निरन्तर चलिरहेको छ । संस्कृत साहित्यमा मात्र नभएर नेपाली साहित्यमा पनि यसको स्थान निकै नै महत्त्वपूर्ण रहेको छ । साहित्य भन्नासाथ कवितालाई मात्र सम्झने मानसिकता धेरैको रहेको छ । कविता छन्दोबद्ध र लयात्मक हुनुपर्दछ भन्ने मान्यता संस्कृत साहित्यको रहेको छ । प्राचीनकालमा नेपाली साहित्यले पनि त्यसै नियमलाई अनुकरण गरेको पाइन्छ । हाल आएर मुक्त लयका कविता पनि लेखिन थालेको छ । छन्दोबद्ध कविता लेख्ने परम्परा नाँसिदै गएको समयमा देखिएका सशक्त कवि हुन् माधवप्रसाद चालिसे । उनको कविता विधामा फुटकरको लघुरूपदेखि महाकाव्यसम्म उत्तिकै कलम चलेको छ । 'महिमामयी धर्ती' उनको फुटकर कवितासङ्ग्रह हो । यसैको चर्चा यहाँ गरिएको हो । यसमा कविको राष्ट्र र राष्ट्रियताप्रति झल्केको प्रेम छतल्किएको छ ।

# पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ विषयप्रवेश

साहित्यकार माधवप्रसाद चालिसे संस्कृत साहित्यका अध्येता र नेपाली साहित्यको कविता विधाका एक कुशल व्यक्तित्व हुन् । परिष्कारवाद र स्वच्छन्दतावादलाई अँगाल्दै उनले नेपाली साहित्यमा धेरै कविताहरू रचना गरेका छन् । उनका पुस्तकाकार कृतिहरूमध्ये महिमामयी धर्ती कवितासङ्ग्रह फुटकर कविताको सङ्ग्रह हो । यस कवितासङ्ग्रहमा संस्कृत भाषाका तीन सहित जम्मा ४० कविताहरू सङ्ग्रहित छन् । आयामका हिसाबले १ श्लोकीय कवितादेखि झण्डै खण्डकाव्य भन्न सुहाउँने ४० श्लोकीय कवितासम्म यस सङ्ग्रहमा रहेका छन् । विभिन्न परिस्थिति र घटनाले जन्माएका रचना यस सङ्ग्रहमा कविले अटाएका छन् । यसै कवितासङ्ग्रहलाई विधातात्त्विक हिसाबले विश्लेषण गरिएको प्रस्तुत अध्ययनको उपसंहार र निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

## ५.२ उपसंहार

शोधपत्रको परिचयको रूपमा रहेको पहिलो परिच्छेदलाई राख्दै कवि तथा साहित्यकार माधवप्रसाद चालिसेको साहित्यिक व्यक्तित्वका विषयमा दोस्रो परिच्छेदमा चर्चा गरिएको छ । यस परिच्छेदमा उनका जीवनलाई जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक अवस्था, जागिरे जीवन, भ्रमण स्वभाव र रुचि, चिन्तन र विचार, साहित्यिक परिचय, साहित्येतर परिचय, सेवा र संलग्नता जस्ता विषयका आधारमा उनको जीवनलाई केलाइएको छ ।

कविको भाव नै काव्य हो । कवि मनमा तरङ्गित तरङ्गहरूलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दा सिर्जनाको जन्म हुन्छ । नेपाली साहित्य सिद्धान्त अनुसार कविताको छोटो रूप नै फुटकर कविता हो । कुनै पनि एक घटनालाई लिएर कविको मनमा तरङ्गित भएका कल्पनापुञ्ज नै फुटकर कविता हो ।  अरु विधाको जस्तै कविताको पनि विश्लेषण गर्ने सैद्धान्तिक आधारहरू हुन्छन् । तीनिहरूलाई नै कविताका तत्वहरू भनिन्छ । त्यसैले यस परिच्छेदमा शीर्षक, संरचना, भावविधान वा विषयवस्तु, छन्द तथा लयविधान, बिम्ब-प्रतीक तथा अलङ्कारविधान र भाषाशैली जस्ता कविताका तत्त्वहरूलाई कविता विश्लेषणको सैद्धान्तिक आधार मानी तेस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ ।

कवि चालिसेको फुटकर कवितासङ्ग्रह महिमामयी धर्तीमा पूर्व र उत्तरखण्ड गरी दुई खण्ड रहेका छन् । पूर्वखण्ड कवितासङ्ग्रह हो भने उत्तरखण्ड शोककाव्य हो । यस अध्ययनमा पूर्वखण्डलाई मात्र लिइएको छ । संस्कृतका ३ कविता सहित जम्मा ४० कविता यस सङ्ग्रहमा सङ्ग्रहित छन् । जीवनमा घटेका र कविले देखेका विभिन्न विषयलाई विषयवस्तु बनाई लेखिएका कविताहरूमा कविको आफ्नै मौलिकपन र मौलिकभाव रहेका छन् । चौथो परिच्छेदमा यीनै ४० ओटा कविताहरूलाई कविताका सैद्धान्तिक तत्त्वका आधारमा ( शीर्षक, संरचना, भावविधान वा विषयवस्तु, छन्द तथा लयविधान, बिम्ब-प्रतीक तथा अलङ्कार विधान र भाषाशैली ) विश्लेषण गरिएको छ । अन्त्यमा अर्थात् पाँचौ परिच्छेदमा यसै शोधपत्रको उपसंहार र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

आधुनिक समाज विज्ञानको विकाससँगै प्रविधिमा निकै माथि पुगेको छ । विज्ञानले भौतिक सुविधा त धेरै मात्रामा प्रदान गर्न सक्दछ तर मानसिक सन्तुष्टी प्रदान गर्न सक्दैन । आध्यात्मिक चेतना विना मानव समाजको दीर्घकालीन सुख असम्भव छ । भौतिक सुविधाले बाहिरी संसार त रमझममा रहन सक्छ तर भित्री ज्ञान नभइकन चित्तमा शान्ति हुन सक्दैन । यो शान्तिको खोजी हरेक प्राणीको चाहना हुन्छ । यो शान्ति भित्री ज्ञानले प्रदान गर्न सक्दछ । त्यसैले आजको समाज त्यसप्रति सचेत हुनलागेको छ । कवि माधवप्रसाद चालिसे पनि पौरस्त्य दर्शनलाई आफ्नो आदर्श मान्ने, परम्परित सामाजिक आदर्शलाई उच्च सम्मान गर्ने, स्नान सन्ध्या पूजा पाठ आदिलाई नित्यकर्मका रूपमा अङ्गीकार गर्ने, आर्ष परम्परा र संस्कृति प्रति हिरिक्क हुने एउटा आदर्श व्यक्ति हुन् । प्रारम्भिक शिक्षादेखि उच्च शिक्षासम्म नै विभिन्न आस्थाका धरोहरका रूपमा रहेका स्थानमा बसी अध्ययन गरेका हुनाले उनको काव्यकारितामा पनि यसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । लेखकको ईश्वरीय आस्थाको प्रभाव उनको काव्यमा सुरुदेखि नै परेको छ । उनले आफ्ना कवितामा नेपालीहरूको हिन्दुत्वको संस्कृति, नैतिक मूल्य-मान्यता र  आदर्शप्रेमलाई वर्णन गरेका छन् । मानिस कतिखेर खुसी हुन सक्छ भन्ने कुरालाई काव्य मार्फत् दर्शाएका छन् । जस्तो सुकै भौतिक सुविधाले सम्पन्न भए पनि पारिवारिक वातावरणको सुखलाई पुर्ति गर्न नसक्ने कुरा कविले काव्य मार्फत गरेका छन् ।

कवि माधवप्रसाद चालिसेका कवितामा विषयवस्तुगत एवं भावगत विविधता र गहनता पाइन्छन् । यस सङ्ग्रहमा सङ्ग्रहित कविता पनि विभिन्न विषयसँग सम्बन्धित रहेका छन् । प्रकृतिको

वर्णन, राजनीतिक अवस्थाको वर्णन, संस्कृतिको वर्णन, धार्मिक प्रसङ्ग आदि कुराहरूको प्रस्तुती यहाँ रहेका छन् । समाजमा घटेका घटनालाई यथार्थ चित्रण पनि कवितामार्फत भएका छन् । यहाँ प्रस्तुत कति कविताका विषयवस्तु समान रहेका छन् । वि.सं. २०६२/६३ पछिको राजनीतिक अवस्था र नेतृत्व वर्गको भोगप्रवृत्तिप्रति कवि आक्रामक पनि देखिएका छन् । द्वन्द्वकालमा घटाइएका घटनाहरूको दर्दनाक अवस्थाको वर्णन गर्दा कवि निकै नै भावुक भएका छन् । विशेष गरी माडीको घटनालाई कविले यसमा उठाएका छन् । त्यस्ता घटनाले निम्त्याएका पारिवारिक दुःख र पीडालाई अन्य शीर्षकमा पनि कविले वर्णन गरेका छन् ।

समयको गतिसँगै वार्षिकरूपमा आउने र मनाउने गरेका विभिन्न चाडपर्व र कार्यक्रमहरूको वर्णन पनि कविले कविता मार्फत गरेका छन् । भानुको सम्झनामा, मोतीको सम्झनामा, शरद्, होली, उठिन् कि काव्ययामिनी, काव्यसरिता जस्ता कविता यसका उदाहरण हुन् । प्रकृति वर्णनमा पनि कविको कलम उत्तिकै सशक्त रहेको देखिन्छ । आषाढ, महिमामयी धर्ती, धन्य यो देवघाट, मौलाकाली, माडीको चित्र हृदयमा झल्कन्छ, गैंडाकोट, अस्तु राष्ट्रं सुराष्ट्रम् प्रकृति चित्रणमा उत्कृष्ट रहेका कविता हुन् । राजनीतिक नेतृत्वको कार्यप्रति असन्तुष्टी जनाउँदै लेखिएका कविता पनि यहाँ समावेश भएका छन् । सबैतिरबाट रोएको नेपाल, सङ्क्रमण, सिन्दूर धोऊ, साँढेको जुधाइ, सत्ता मिले भै गयो, धिक्कार्लान् सहिदले यसका उदाहरण हुन् जहाँ आक्रोस र चिन्ता व्यक्त भएको छ ।

कविताहरू सर्सती पढ्दा छन्दको शास्त्रीय अनुशासन, गतिशील प्रवहण, विचारको हृदयस्पर्शिता र तरलता शब्दको सुललितता जस्ता गुणले पाठकलाई प्रभावित पार्ने क्षमता प्रस्तुत सिर्जनामा रहेका छन् । पौरस्त्य दर्शनका अध्येता कविमा जीवनलाई बुझ्ने तरिका भिन्न देखिन्छ । प्रचीनतासँगै नवीनतामा भिज्नुपर्छ भन्ने भावना कविमा रहेको पाइन्छ । कवितामा कविको आध्यात्मिक, भौतिक र राजनैतिक तीनै चिन्तनको प्रभाव परेको देखिन्छ । कवि चालिसेमा कालीदास, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरे जस्ता पूर्ववर्ती कविको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । उनका प्रत्येक कृतिमा यसको छनक देखापरेको छ । नेपालीमा मात्र नभएर संस्कृतभाषामा पनि कविको उत्तिकै कलम चलेको छ । यस सङ्ग्रहमा रहेका संस्कृतका तीन कवितामा पहिलोमा जानकीको, दोस्रोमा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको वन्दना गरिएको छ भने तेस्रोमा राष्ट्र र राष्ट्रियताको बारेमा वर्णन गरिएको छ ।

# सन्दर्भ सूची


अधिकारी, जीवन (२०७१). *अनिवार्यसंस्कृतरचना.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

अधिकारी, हेमाङ्गराज (२०५०). *पौरस्त्य समालोचना-सिद्धान्त.* चौथो. संस्क. काठमाडौं : साझा प्रकाशन

आचार्य, बाबुराम (२०५०). *पुराना कवि र कविता.* छैटौं. संस्क. काठमाडौं : साझा प्रकाशन

आप्टे, वामन शिवराम (१९६९). *संस्कृत हिन्दी कोश.* वाराणसी : मोतीलाल बनारसीदास

उपाध्याय, केशवप्रसाद (२०४९). *प्राथमिककालीन कवि र काव्यप्रवृत्ति.* तेस्रो. संस्क. काठमाडौं : साझा प्रकाशन

कोइराला, मोहन (२०३५). *कविताबारे केही चर्चा.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

खनाल, नारायणप्रसाद (२०७२). *महिमामयी धर्ती कविता सङ्ग्रह.* (प्रकाशकीय). नवलपरासी : त्रिवेणी साहित्य परिषद्

खनाल, नारायणप्रसाद (२०७३). जीवनयात्रा महाकाव्य . (प्रकाशकीय). नवलपरासी : त्रिवेणी साहित्य परिषद्

गैरे, ईश्वरीप्रसाद (२०६३). *नेपाली कविता-काव्य र समालोचना.* काठमाडौं : सुजाता प्रकाशन

चालिसे, माधवप्रसाद (२०६३). *पवनदूत खण्डकाव्य.* जनकपुरधाम : श्रीमती ईश्वरीमाया चालिसे

चालिसे, माधवप्रसाद (२०७१). *साहित्य वाटिका.* नवलपरासी : त्रिवेणी साहित्य परिषद्

चालिसे, माधवप्रसाद (२०७२). *महिमामयी धती.* नवलपरासी : त्रिवेणी साहित्य परिषद्

चालिसे, माधवप्रसाद (२०७३). *जीवनयात्रा महाकाव्य.* नवलपरासी : त्रिवेणी साहित्य परिषद्

जोशी, कुमारबहादुर (२०४०). *कविता चर्चा.* काठमाडौं : साझा प्रकाशन

जोशी, ताराप्रसाद (सम्पा.२०४३). *नेपाली कविता सङ्ग्रह भाग २.* पाँचौ. संस्क. काठमाडौं : रत्न पुस्तक भण्डार

ज्ञवाली, रामप्रसाद (२०६२). *नेपाली कविता काव्य.* काठमाडौं : भुँडीपुराण प्रकाशन

पोखरेल, नुरापति (२०७३). *जीवनयात्रा महाकाव्य.* (कवि माधव चालिसे र उनको जीवन यात्रा). नवलपरासी : त्रिवेणी साहित्य परिषद्

भट्टराई, गोविन्दराज (२०४९). *काव्यिक आन्दोलनको परिचय.* काठमाडौं : ने.रा.प्र.प्र.

भामह (२०१९). *काव्यालङ्कार.* पटना : विहार राष्ट्रभाषा परिषद

विनोदी, गोविन्दराज (२०७२). *महिमामयी धर्ती कविता सङ्ग्रह.* (महिमामयी धर्ती कवितासङ्ग्रहको आस्वादन गर्दा). नवलपरासी : त्रिवेणी साहित्य परिषद्

विश्वनाथ (१९९१). *साहित्यदर्पण.* संस्क. छैंटौ. वाराणसी : चौखम्बा विद्याभवन

वेदव्यास (सन् १९६६). *अग्निपुराण.* वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस

शर्मा, गोपीकृष्ण (२०५३). *संस्कृत साहित्यको रूपरेखा.* काठमाडौं : अभिनव प्रकाशन

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल (२०५५). *शोधविधि.* संस्क.दोस्रो. ललितपुर : साझाप्रकाशन

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०४९) *नेपाली साहित्यको संक्षिप्त इतिहास.* संस्क. चौथो. काठमाडौं : साझा प्रकाशन

त्रिपाठी, (२०५४) *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १.* तेस्रो. संस्क. काठमाडौं : साझा प्रकाशन

त्रिपाठी, वासुदेव र अन्य सम्पा. (२०४८). *नेपाली कविता भाग २.* काठमाडौं : साझा प्रकाशन

# परिशिष्ट

## महिमामयी धर्ती कविता सङ्ग्रहमा प्रयुक्त छन्दहरू

साहित्यकार माधवप्रसाद चालिसेको महिमामयी धर्ती कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा विभिन्न समयमा रचिएको विविध विषयवस्तुमा आधारित ४० वटा कविताहरू रहेका छन् । आयामका हिसाबले, प्रयुक्त छन्दका हिसाबले, भाषाका हिसाबले कविताहरू वैविध्य रहेका छन् । नेपाली वाङ्मयमा रचित ३७ र संस्कृत भााषामा रचित ३ गरी जम्मा ४० कविता खण्डहरू यस सङ्ग्रहमा रहेका छन् । यस कविता संङ्ग्रहमा प्रयुक्त छन्दहरूको परिचय निम्नानुसार प्रस्तुत गरिन्छ :

१. शार्दूलविक्रीडित छन्द

२. मन्दाक्रान्ता छन्द

३. भुजङ्गप्रयात छन्द

४. वसन्ततिलका छन्द

५. वंशस्थ छन्द

६. प्रमाणिका

७. उपजाती

८. अनुष्टुप

९. गीति लय (सवाई)

प्रस्तुत कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई श्लोक सङ्ख्या र छन्दका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

| क्र.सं. | शीर्षक | छन्द | श्लोक सङ्ख्या |
|---|---|---|---|
| १ | नैतिकता | शार्दूलविक्रीडित | ४ |
| २ | भानुको सम्भनामा | शार्दूलविक्रीडित | ९ |
| ३ | आषाढ | मन्दाक्रान्ता | १६ |
| ४ | महिमामयी धर्ती | मन्दाक्रान्ता | २० |
| ५ | सबैतिरबाट रोएको नेपाल | मन्दाक्रान्ता | ९ |
| ६ | पीडाले थिचिएको विश्वास | शार्दूलविक्रीडित | १६ |

| | | | |
|---|---|---|---|
| ७ | मोतीको सम्भनामा | शार्दूलविक्रीडित | ९ |
| ८ | कहाली लाग्दो अन्त्य | शार्दूलविक्रीडित | १३ |
| ९ | नवज्योति | भुजङ्गप्रयात | ३ |
| १० | सङ्क्रमण | शार्दूलविक्रीडित | ४ |
| ११ | आँसुको उद्गार | शार्दूलविक्रीडित | ४ |
| १२ | शरद् | भुजङ्गप्रयात | ५ |
| १३ | मेरो उद्देश्य | मन्दाक्रान्ता | ३ |
| १४ | जिन्दगीलाई नियाल्दा | शार्दूलविक्रीडित | २४ |
| १५ | होली | मन्दाक्रान्ता | ३ |
| १६ | धन्य यो देवघाट | मन्दक्रान्ता | १५ |
| १७ | सिन्दुर धोऊ | मन्दाक्रान्ता | २ |
| १८ | साँढेको जुधाइ | शार्दूलविक्रीडित | २ |
| १९ | राष्ट्रप्रति शुभेच्छा | वसन्ततिलका | ७ |
| २० | दशावतार | शार्दूलविक्रीडित | १ |
| २१ | मौलाकाली | मन्दाक्रान्ता | ५ |
| २२ | कता अल्भिएछु | भुजङ्गप्रयात | ८ |
| २३ | माडीको चित्र हृदयमा भल्कन्छ | शार्दूलविक्रीडित | ७ |
| २४ | प्रगतिपथमा लम्क | मन्दाक्रान्ता | ६ |
| २५ | देशहितमा जुट्दै रहून् पाखुरी | शार्दूलविक्रीडित | ४ |
| २६ | कविते ! कृपा गर | वंशस्थ | १० |
| २७ | तिमीलाई नसम्भेको रात कुनै छैन | सवाई | ५ |
| २८ | दुखेको कहानी | भुजङ्गप्रयात | ५ |
| २९ | उठिन् कि काव्ययामिनी | प्रमाणिका | ९ |
| ३० | सत्ता मिले भै गयो | शार्दूलविक्रीडित | १६ |
| ३१ | हामी कोपिला | उपजाती | ४ |
| ३२ | गैँडाकोट | मन्दाक्रान्ता | ७ |
| ३३ | काव्यसरिता | शार्दूलविक्रीडित | ४ |
| ३४ | वृद्धको आर्तनाद | मन्दाक्रान्ता | ६ |

| | | | |
|---|---|---|---|
| ३५ | धिक्कार्लान् सहिदले | शार्दूलविक्रीडित | ११ |
| ३६ | भूकम्प पीडितप्रति शब्दपुष्प | अनुष्टुप | ६ |
| ३७ | कविता ! निस्क बाहिर | अनुष्टुप | ६ |
| ३८ | जानकीवन्दना | शार्दूलविक्रीडित | ११ |
| ३९ | सरस्वतीवन्दना | वसन्ततिलका | ११ |
| ४० | अस्तु राष्ट्रं सुराष्ट्रम् | मन्दक्रान्ता | ६ |